
सूचना र मनोरञ्जनको सँगालो

# साप्ताहिक

saptahik.ekantipur.com

कान्तिपुर पब्लिकेशन्स (प्रा.) लि.

● वर्ष २४ ● अंक १० ● FRIDAY, 20 JULY 2018 ● काठमाडौं शुक्रबार, सा ● मूल्य रु. १५/-


स्केच : कृष्णगोपाल श्रेष्ठ



मध्यपृष्ठमा

**माधवी**

# बाउन्सको बबन्डर

## काठमाडौंमा मात्रै दैनिक १ करोडको चेक बाउन्स


पृष्ठ २२ मा



papaya wash



**PAPAYA WASH** द्वारा

अनुहारको **चायाँपोतो** तथा

**चिपचिपपन** भगाउनुहोस्

प्रस्तुत छ, नयाँ Papaya Wash जुन मेवाको वास्तविक गुणले भरिपूर्ण छ। यसले सूर्यको हानिकारक किरणबाट मुहारमा हुने कालोपन तथा दाग धब्बाबाट बचाउँदै तुरुन्तै प्राकृतिक सुन्दरता प्रदान गर्दछ।

अनुष्का शर्मा
एक्ट्रेस

JOY
beautiful by nature



Instant Fairness GLOW | Anti POLLUTION | 24 HRS Skin Glow & Purifying

## YouTube ट्रेन्डिङ

| | | |
|---|---|---|
| १ | राम की जंग | च्यानल आरके दुग्गल |
| २ | काञ्चना-३ | च्यानल गोल्डमाइन्स |
| ३ | स्मार्ट सिटी | च्यानल कलेजेज नेपाल |
| ४ | रसिया विश्वकपमा | च्यानल अनलाइन टिभी |
| ५ | द कार्टुन्ज क्रिउ | च्यानल गज्जब टिभी |
| ६ | मेरी बास्सै-५५८ | च्यानल मिडिया हब |
| ७ | सालगिरा पार्टी | च्यानल बिबिकी भाइन्स |
| ८ | नाईं नभन्नु ल-५ ट्रेलर | च्यानल बूढासुब्बा डिजिटल |
| ९ | छक्का पञ्जा-३ को गीत | च्यानल क्यानडा नेपाल |
| १० | कोमल वली एण्ड पशुपति | च्यानल कोमल वली |

## फोटो अफ दि विक



■ **तीन सुन्दरी** : चलचित्र छक्का पञ्जा-३ को एउटा गीतको छायांकनका क्रममा अभिनेत्रीत्रय स्वस्तिमा खड्का, प्रियंका कार्की तथा वर्षा राउत ।



■ **आख्यात्मक अंगालो** : लेखकत्रय बुद्धिसागर, नयनराज पाण्डे तथा अमर न्यौपाने ।



■ **कमब्याक तयारी** : अभिनेत्री निरुता सिंहसँग निर्देशक मिलन चाम्स तथा सञ्चारकर्मी नरेश भट्टराई मुम्बईमा ।



■ **जम्काभेट** : अभिनेता शिव श्रेष्ठ तथा संगीतकार आलोकश्री ।



ओके, चित्र त फोटोसपले सुन्दर बनाउँछ, तर चरित्र !

**लक्ष्मण सुवेदी**



व्रत मेरो आयु तिम्रो नट फेयर

**केकी अधिकारी**

## साइबर फिडब्याक

युट्युबमा भाइरल भएका अशोक दर्जीलाई लिएर सामाजिक सञ्जाल तातिरहेको छ । अशोकको गीत रेकर्ड गराएका टंक बुढाथोकीविरुद्ध पत्रकार किशोर श्रेष्ठ तथा श्यामहरि शिवभक्तिले आर्थिक हिनामिनाको प्रश्न उठाएपछि यो विषय चर्किंदै गएको हो । अहिले बुढाथोकीमाथि अशोकको पढाइ छुटाएर बिभिन्न कार्यक्रममा दौडाएको, बाल श्रम शोषण गरेको जस्ता आरोप लगाइएका छन् । पत्रकार श्रेष्ठको स्टाटस तथा त्यसमा व्यक्त गरिएका विभिन्न प्रतिक्रिया :

गायक टंक बुढाथोकीले अशोकको गीतको पैसा किशोरसँग छ भनेर कसरी भन्न सक्नुभयो ? के अशोकका लागि पढाइको कुनै भ्यालु छैन ? अशोक दर्जीले अरूको गीत गाउनै नहुने हो ? किन रोक्नु ? यो प्रश्न राख्नै नपाउने हो ? अशोक दर्जीलाई टंक बुढाथोकीले चर्चामा ल्याएको कदापि होइन अशोक दर्जीले गर्दा टंक बुढाथोकी चर्चामा आएको हो र यो नै यथार्थ हो ।

**किशोर श्रेष्ठ**

श्रम शोषण भयो भन्ने कुरा भन्दा पनि अशोकको भविष्य बनाउनतर्फ लाग्नुपर्छ । अनावश्यक विवाद नगरौं ।

**सरोज बस्नेत**



मलाई चै बाल शोषण गरे जस्तो लागेन ।

**लीला गौतम**

हुन त टंक बुढाथोकी कै कारण अशोक दर्जी सम्पूर्ण नेपाली माझ चिनिए । हिजो अस्तिसम्म दुनियाँको सामुन्ने हात थाप्दै हिँड्दा कसैलाई केही सरोकार थिएन । अहिले आएर बालश्रम शोषण भयोभन्दा चै हाँसो लाग्छ । टंक दाइले गरेको यो गुनको कदर गर्छु म पनि । आगामी दिनहरूमा दाइले त्यो भाइको भविष्यका लागि केही सोच्नु हुन्छ भन्ने कुरामा विश्वस्त छु ।

**कृष्ण ढकाल**

अशोकले टंकलाई चिनाए पनि, टंकले अशोकलाई चिनाए पनि दुबै जना परिचित भए । नेपालीहरूको इज्जत पनि त राखेका छन् ।

**प्रकाश सोयोङ**

अशोकलाई लाने मान्छेले धन ठूलो सम्झिन्छ । अनि गीत चाहिँ मनबिनाको धन ठूलो कि धन बिनाको मन ? जसले यो गीत गाउन लगायो उसैलाई यो प्रश्नले गिज्याइरहेको छ ।

**तेजन खड्का**

दर्शकले पनि अशोक दर्जीलाई रमाइलोका रूपमा लिएको देखिन्छ, उनी हिट् छन् । यद्यपि भोलिका लागि पनि सोच्नुपर्छ ।

**सरोज खप्तडी बस्नेत**

मलाई यो विषयमा त्यति थाहा छैन । यद्यपि यो विषयमा आएको टंक बुढाथोकीको अभिव्यक्ति दिक्क लाग्दो र अपरिपक्व लाग्यो ।

**राजन राई**

कस्सम भनेको, मैले अशोक दर्जी भाइकै कारण टंक बुढाथोकी भन्ने दाइलाई चिन्ने मौका पाएको हुँ । दर्जी भाइका कारण धेरै जनाले बुढाथोकी दाइले चिनेका छन् । अशोक भाइकै कारण सबैमाझ चिनिनु भयो टंक दाइ, अब ती भाइमाथि तपाईंले बाल श्रम शेषण गर्नु हुँदैहुँदैन । बरू ती भाइको प्रतिभाको उच्च कदर गर्दै उनलाई विद्यालय पठाउने काम गर्नुपर्छ । अनि भाइको निर्माणाधीन घरको मात्र नभएर अशोक भाइले प्राप्त गरेको हरेक सहयोगको हिसाब किताब प्रस्तुत गर्नुपर्छ । त्यसो गर्नुभयो भने तपाईंमाथि अशोक भाइले लगाएको गुनको केही हिस्सा भाइलाई नै फिर्ता हुनेछ । कि कसो साथीहरू ?

**हेम गिरी**

कुरा जेसुकै भए पनि आखिर सत्य को नै जित हुनेछ ।

**रिता आचार्य**

CTEVT बाट मान्यता प्राप्त C.M.A. २२ औं समूहमा छात्रवृत्ति सहित भर्ना खुल्यो
शैक्षिक योग्यता: SLC / SEE उतीर्ण
प्रवेश परिक्षा मिति: २०७५ श्रावण २१ गते सोमबार, दिउँसो २ बजे
फारम भर्ने अन्तिम मिति: २०७५ श्रावण ११ गते शुक्रबारसम्म
थप जानकारीको लागी:
एजुकेशन एण्ड कम्युनिटी हेल्थ अर्गनाईजेशन (ECHO)
ललितपुर, लगनखेल, ईखालखु (मछिन्द्रबहाल साइड)
फोन नं.: ५५४२७६५, मो. ९८६९१८६०५४, ९८६०८१०७१८
प्रवेश परिक्षाको तयारी कक्षा संचालन भईरहको छ ।

ब्युटिसियन थेरापिस्ट
ब्युटिसियन र थेरापीको तालिम लिएर काम गर्न चाहनेले तुरुन्त सम्पर्क गर्नुहोस् ।
तलब:- १५,000/-
रियल थेरापी एण्ड ब्युटी प्वाइन्ट
०१-४७००६०३
९८०१२३३१३०

मंगल होस्



मनोज गजुरेल

# ट्रिपर आतंक बन्द गर्ने उपाय

सहरमा ट्रिपर आतंक छ। आतंक मात्र होइन, हत्या आतंक नै भन्नुहोस्। हप्तामा एक जना यसको सिकार हुन्छन्। सिकारी दुई-चार दिन थुनिन्छ। १-२ लाख तिर्छ। निस्कन्छ र फेरि सिकार खेल्न सडकतिर जान्छ।

के यी सिकारीलाई रोक्ने कुनै उपाय छैन ? छ, अवस्य छ तर त्यसका लागि पहिले यो ट्रिपर भनेको के हो, त्यो बुझ्नुपर्छ।

ट्रिप भने यात्रा, ट्रिपर भनेको साधन। ट्रिपरको शाब्दिक अर्थ यही हो। तर यसको कार्मिक अर्थ साधन होइन, असाधन हो। असाधन अर्थात् सवारी साधनले गर्न नहुने काम।

ट्रिपर चालक भाइहरूलाई देख्दा यस्तो लाग्छ, भर्खर आमाको दूध छोडेर आएका छन्। तिनको हँकाइ देख्दा लाग्छ, काठमाडौं टु कतार हिँडिरहेका छन्। उनीहरूको ट्रिपरको स्पिड देख्दा लाग्छ– भाइहरू पुरा ट्रिपमा ट्रिपर चलाइरहेका छन्।

ट्रिपर आतंक रोक्ने पहिलो उपाय हो, फु गर्दा फुर्र उठ्ने भाइहरूलाई चलाउन दिनु भएन। दोस्रो उपाय हो, अविवाहितले ट्रिपर चलाउन नपाउन्। अविवाहितलाई न परिवारको चिन्ता हुन्छ, न उसको नियन्त्रणमा स्टेयरिङ बस्छ। सिंगल म्यानलाई न त आफ्नो जिउको चिन्ता न त अर्काको ज्यानको चासो !

तेस्रो उपाय, ट्रिपरको रुट क्लियर हुनुपर्छ। कमिलाको ढाडमा हात्ती चढ्दा के हुन्छ ? हो, त्यस्तै हुन्छ, काठमाडौंका सडकमा ट्रिपर कुद्दा। सडकविज्ञहरूले भनिसके, काठमाडौंको सडक ट्रिपरमैत्री छैन। विज्ञले भनिसकेपछि पनि पावरमा बसेका अनभिज्ञहरू किन चुप छन् कुन्नि ?

चौथो उपाय हो, बालुवा ठेकेदार, व्यापारी, प्रशासन र नेताको चौपक्षीय सिन्डिकेटको अन्त्य। ठेकेदारलाई बालुवा बेच्नुपर्‍या छ। व्यापारीलाई सुरक्षा चाहिएको छ। प्रशासनलाई कमिसनको लोभ छ। नेतालाई चन्दा चाहिएको छ। यी चार भाइ चाउरेहरूको मिलेमतो हुन्जेल ट्रिपर आतंकको अन्त्य हुँदैन।

चौथो उपाय हो, मूर्खदेखि दैव पनि डराउनु। तपाईं राम्रो चालक हुनुहुन्छ। ट्राफिक नियमको जानकारी छ। पालना पनि गर्नु हुन्छ। लेन, लाइटसम्बन्धी ज्ञान पनि राम्रो छ, तर पनि ढुक्कसँग नहिँड्नुहोस्। जुनसुकै बेला ट्रिपरले टिपेर लाने खतराप्रति सचेत रहनुहोस्। सडक नियमअनुसार होइन, ट्रिपरको अवस्था अनुसार चल्नुहोस्, हिंड्नुहोस्।

पाँचौं, सकेसम्म ट्रिपर १ सय मिटर अगाडि-पछाडि नउभिनुहोस्, नहिँड्नुहोस्, नबस्नुहोस्। ट्रिपर अर्थात् ट्रिप लगाउने गाडी। जति धेरै ट्रिप लगायो, त्यति धेरै कमाइ हुन्छ। अगाडि गाडी छ वा पछाडी बाइक छ, मतलब हुँदैन। त्यसैले यस्तो मानेर चल्नुहोस्, यो ट्रिपरमा ड्राइभर छैन, अटो ड्राइभिंग मोडमा चलिरहको छ, आफ्नो ज्यानको सुरक्षा आफैं गर्नुपर्छ।

याद राख्नुहोस्, ट्रिपर सडकको डन हो। पैदलयात्री, साइकल र बाइकरहरू निरीह जनता। कुनै डनका अगाडि निहत्था जनताले केही गर्न सक्छन् ? अहं, लुट्न आयो भने खुरुक्क दिने, कुट्न आयो भने लुसुक्क भाग्ने। ट्रिपरसंग पनि हामीले गर्ने यति हो।

अब दीर्घकालीन समाधानचाहिं सरकारले दिने हो। सरकारलाई सुझाव दिने हैसियत हामीसँग छैन। किनभने सरकार बोल्दैन। प्रशासन सुन्दैन, तर त्यहाँ बस्ने मानिसहरूलाई भनौं, जुनसुकै बेला तपाईं पनि यो आतंकमा पर्न सक्नुहुन्छ। तपाईंका साथीभाइ वा आफन्तलाई पनि ट्रिपरले सिध्याउन सक्छ। त्यसैले यो कहाँ चल्ने, कसरी चल्ने, कसले चलाउन पाउने, स्पिड कति हुने र कुन सडकमा कुदाउन मिल्ने, नमिल्ने, कानुन बनाउनुहोस्। नत्र जुनसुकै बेला राम नाम सत्य हुन्छ, आफन्तको अन्त्य हुन्छ।

सहरका कलिला सडकमा डरलाग्दो ट्रिपरको आतंक देख्दा यस्तो लाग्छ, एउटी नाबालक नानीलाई अर्को मुस्डण्डे अपराधीले दिउँसै बलात्कार गरिरहेको छ। रातिमात्र ट्रिपर कुदाउन दिएर भएन, कडा कानुन बनाएर ट्रिपरले सडक र सडकयात्रीमाथि गरिरहेको बलात्कार रोक्नुपर्‍यो।

युवा मन

# नभएपछि



सुबिन भट्टराई

एउटा झोला हुन्थ्यो, जसलाई बोकेर जहींतहीं लगिन्थ्यो। लुगाफाटा, ब्रस, क्यामेरा, काइँयो, कपालमा लगाउने तेल, मुखमा लाउने क्रिम, चप्पल, आदि-इत्यादि अटाइ-नअटाइ, कोची-कोची हुलिन्थ्यो। झोलाको भुँडी अघाएर टम्म फुल्थ्यो। ठाउँ-ठाउँका सिलाइका धागा देखिन थाल्थे।

यात्राबाट मसँगै थाकेर आउँथ्यो झोला पनि। म पल्टन्थें खाटमा। झोला फ्याँकिन्थ्यो अक्सर असरल्ले एउटा कुनोमा वा झुन्डिन्थ्यो कहिले कुनै मरन्च्याँसे किलोमा।

धुलो टाँसिन्थ्यो झोलामा, टक्टक्याइनँ। दाग लाग्थ्यो, धोइनँ। चेन बिग्रिन्थ्यो, अलि-अलि बिग्रिएकोलाई टेरिनँ, पूरै नबिग्रिउन्जेल बनाइनँ। फित्ताका धागाहरू छेउबाट उक्किन थाले, मेलो नपाएर वा अल्छी वा यत्तिले काम चलिहाल्छ भन्ने ठानेर हत्तपत्त सिलाइनँ। कुनै बेला त एक साइड मात्र भए पनि बोकेर हिँडे। धेरै दिन बेवास्ता गर्ने हुँदा कुनै-कुनै बेला झोला खोतल्दा साङ्लाका बच्चाहरू पनि फुत्त निस्कन्थे।

एक दिन झोला पूरै निकम्मा भएर निस्कियो। जति धोए पनि कतिपय पुराना दाग थिए, जुन मेटिनै माननन्। कट्कटाउँदो घिनलाग्दा दागहरू। पटक-पटकको सिलाइ प्रस्ट देखिने भएकाले झोलाको सौन्दर्य पनि क्षय भैसकेको थियो।

एक दिन अचानक कतै हिँड्नुपरेको थियो। भनेका बेला त्यही झोला पनि भेटिएन। भेटियो निकै बेर खोजिसकेपछि, तर यस्तो बिद्रुप अवस्थामा कि लागेन त्यही झोला हो। मक्किन थालिसकेको। एक-दुई ठाउँ मुसाले नै काटेजस्तो लाग्ने प्वाल थिए।

मसित नयाँ झोला थिएन। पुरानो झोला बोकेर यात्रा गर्न धेरै त अहम्ले नै दिएन। हो, त्यो बेला मलाई उक्त झोलाको खुब माया लागेर आयो। यो त्यही झोला थियो जुन मेरो दुवै काँधमा झुन्डिएर हिँड्थ्यो। मेरा हरेक आवश्यकतालाई जबरजस्ती सकी-नसकी पनि बोकिदिन्थ्यो। कहीं कुनै चौतारीमा अडेस लाग्नका लागि कहिले सिरानी पनि बनिदिन्थ्यो। कहीं कुनै अनकन्टार ठाउँको होटलको कोठामा साथी पनि भैदिन्थ्यो। मैले छाडेर गएँ त्यसलाई पटक-पटक, तर त्यसले मलाई छाडेर कहिल्यै गएन। हो, त्यही झोलाको माया लागेर आयो मलाई।

त्यसलाई बोक्न तम्तयार मेरो काँध त थियो तर त्यही झोला आफू बोकिन तयार देखिएन। कति काम दिएको थियो त्यसले, जति बेकम्मा भए पनि याद आइरह्यो। बेला-बेला धोएको भए, ठीक ठाउँमा राखेको भए, त्यसरी त्यसको भारभन्दा बढी सामान नकोचेको भए... झोलाको अस्तित्वको अवसानसितै यी अपसोचहरू आफसेआफ विकसित भएर आए।

०००

कतिपय कुरा यस्ता हुन्छन्, जो जतिखेर पनि छेवैमा भैरहँदा वास्ता-बेवास्ता हुँदैन, तिनलाई एक नजर ध्यान दिएर पनि हेरिँदैन। 'त्यहीं त छ नि' भनेर त्यसलाई आफ्नै ठाउँमा बेवारिसे छाडिन्छ। ढल्न आँटेको छ भने पनि सोझ्याइन्न। भुइँमै झरेको छ भने पनि उठाइन्न। धुलो जमेको छ भने पनि पन्छाइन्न। केही खिइने चीज छ भने, खिइँदै छ भनेर पनि सम्झिइन्न। त्यसले पाउनुपर्ने आफ्नो ठाउँ दिलाउन पनि आफूलाई अघि सारिन्न।

'छैन' भन्ने चीजसित निधक्क भएर रुन मन लाग्छ। 'छ' भन्ने चीजसित भएरै पनि सँगै हुन मन लाग्दैन।


तर तिनै कुरा जब हराउँछन्, टुट्छन्, फुट्छन्, फाट्छन्, खिइन्छन्, नासिन्छन् वा हामीसित रहन्नन्, तब मात्र हामी त्यसलाई खुब सम्झन्छौं। त्यसले कति काम दिएको थियो भनेर बिलौना गर्छौं। त्यसको महत्व अस्तित्व नै सिद्धिएपछि बढी हुन्छ। मागेर समय फिर्ता पाउने भए आफूले गरेको त्यो बेवास्तालाई बिगतमा गएर संशोधन पनि गर्दो हौं।

त्यो कुरा चाहे यी यस्तै झिना-मसिना चिज हुन् या ठूल्ठूला कुरा। जस्तो कि कसैसितको सम्बन्ध। जस्तो कि कोही आफ्नै नजीकको मान्छे। जो जतिखेर पनि उपलब्ध हुन्जेल नभएजस्तो व्यवहार गर्छौं र जो नभएपछि चाहिँ भैदिएको भए भन्ने गुनासो गर्छौं।

साँच्ची, झोला त बजारमा गएपछि अर्को, अर्को नभए अझ अर्को रोजीरोजी पाइन्छ, तर सम्बन्धहरू ? सम्हालेर राख्नुस्, तिनमा धूलो नजमोस्, खिया नलागोस्, प्वाल नपरोस्।



यात्रा सन्दर्भ



किशोर नेपाल

# सन्दर्भमा साहित्य



अचानक एउटा कार हुइँकिएर आयो । अचम्म कि त्यस्तो अवस्थामा मेरो दिमागमा वैरागी काइँलाको कविता 'युवती'को सम्झना आयो, जसलाई चौरस्तामा हुइँकिँदै आएको कारले झन्डै ठक्कर दिएको थियो । मलाई गाढा पहेँलो रङ मन पर्दैन । मुर्दालाई ओढाएर लाने पीताम्बरजस्तो पहेँलो । त्यो कारको रङ त्यस्तै थियो । झन्डै हिर्काएको त्यो हुइँकिँदै आएको कारले मलाई ।

यो उनीहरूकै सडक थियो । यस्तो राम्रो र चिल्लो सडकमा गुड्ने, हुइँकिने, आतिशबाजी गर्दै फन्किने अधिकार उनीहरूलाई नै हुन्छ ।

छेउमा उभिएको ट्राफिकको आँखा मलाई सुनाउँदै थियो, 'यो त उनीहरूको सडक हो । यो सडकमा त्यसरी जथाभावी हिँड्न हुन्छ त ? जेब्रा क्रसिङ भो त के भो ? यो सडकमा जेब्रा क्रसिङबाट पनि बाटो काट्न पाइँदैन । कतैबाट पनि पाइँदैन । तिमीलाई त्यो कारले हिर्काएको भए पनि म के गर्न सक्थेँ र ? तिम्रो मृत अथवा घाइते शरीरलाई पन्छाउनसम्म पनि सक्दिनथेँ । कारहरू आइरहन्थे । तिमीलाई कुल्चिइरहन्थे । राजमार्गमा एउटा ट्रकले कुल्चिएर मरेको कुकुरलाई अरू ट्रकले पनि कुल्चिएर आन्द्राभुँडी छताछुल्ल पारेको जस्तो । यो सडकमा तिम्रो सार्वभौमिक सम्प्रभुताको कुनै अर्थ छैन । कुन ट्राफिक नियमले जेब्रा क्रसिङमा सार्वभौमिक सम्प्रभुताको सम्मान गर्नु भनेको छ ? तिमीले बुझ्नुपर्छ- तिम्रो सार्वभौमिक सम्प्रभुता तिम्रो आँगनसम्म, अझ सानो अँध्यारो कोठासम्म सीमित छ । जस्तो कि मेरो सार्वभौमिक सम्प्रभुता र स्नातकोत्तर तहको प्रमाणपत्र मिसम्याच भएपछि म यहाँ, यो ट्राफिक पोस्टमा उभिएको छु । यो जागिर मेरो सानो दुःखले आर्जिएको होइन ।'

ट्राफिकको आँखामा भोक र थकाइ स्पष्ट देखिन्थ्यो । यो समृद्ध सडकमा अन्यत्र सडकको जस्तो छ्यालब्याल गरिबी र फोहोर देख्न पाइँदैन । सवारीको कार्यक्रम नटुङ्गिउन्जेल ट्राफिकको आँखामा भोक र थकाइ टल्किनैपर्छ । त्यो भोक सडकछेउको चिया र दुनोट पसलमा बिसाउन पाइँदैन । किनभने त्यो पसल अहिलेका लागि ठूला भवन पछाडिका बलेसीहरूको आडमा लुकाइएको छ । भीडभन्दा बाहिर, मटन बार्बिक्यूको बास्नाको परिधिभित्र हराएको छ । त्यो पसललाई सडकछेउको भवनमा झुन्डयाइएको रक्सीको ठूलो होर्डिङ बोर्डले छोपेको छ । जोनी वाकर- किप वाकिङ ।

के हो यो सार्वभौमिकता ? उहिल्यै तुलसीमेहर नाम गरेका एक जना सन्तलाई लाख रुपैयाँको नेहरू पुरस्कार प्रदान गरिँदा उनले सत्वचन दोहोऱ्याएका थिए- न त्वहं कामये राज्यं न चः स्वर्ग सुखादपि, जननी जन्मभूमिश्च स्वर्गादपि गरियसी । सायद त्यही हो सार्वभौमिकता । कहाँ छिन् ती स्वर्गभन्दा पनि ठूली पृथ्वी ? अघि मलाई ताकेर हुइँकिँदै आएको कारले हिर्काएर ती सन्त मरेका भए के हुन्थ्यो ? अहिलेसम्म बाँचेका भए टुक्रा-टुक्रामा मर्ने र मर्दै जाने सार्वभौमिकता देखेर ती आफैँ छक्क पर्थे होलान् । आफ्ना गुरु साबरमतीका सन्तलाई सम्झेर अलिकति आँशु पनि झार्थे होलान् । पक्कै !

हान्स कोहनले लेखेका छन्, 'रूसले पश्चिमी मुलुकको प्रवृत्ति र रोमान्टिक राष्ट्रवादलाई अपनायो । रूसबाट तिनै कुरा एसियाका देशमा दोहोरिए ।' जाग जाग जाग हे नौजवान हो...। जेब्रा क्रसिङमाथि व्यक्तिको सार्वभौमिकता स्थापित गर्न अनेक आन्दोलन भए । रुवावासी, पीप, रगत, जेल-नेल र कालकोठरीपछि अँध्यारो हटे पनि मानिसको अनुहारमा मुक्तिको सूर्य किरण कहिल्यै टल्किन पाएन । यो मेरो देशको कथा थिएन, मेरो देशको पनि कथा थियो ।

म हान्स कोहनको पुस्तक सम्झिन थालेको छु । ठीक २५ वर्षअघि पालोआल्टा, क्यालिफोर्नियाको ग्रीन एप्पल बुक्समा किनेको उक्त पुस्तकको मूल्य अहिले २४ सय रुपैयाँभन्दा बढी पर्छ । बुकस्टोरमा बसेर त्यो पुस्तक पल्टाउँदापल्टाउँदै त्यसमा लेखिएको एउटै वाक्यको प्रभावमा परेर मैले त्यो पुस्तक किनेको थिएँ- 'दासहरूको अन्तरआत्मा र मानसिकता स्वतन्त्र मानिसको जस्तो हुँदैन ।' दासहरूको देशले एउटा पतञ्जली, एउटा बुद्ध र एउटा वाल्मिकी कहिल्यै जन्माउन सक्दैन । बुद्ध, वाल्मीकी र पतञ्जलीले राजनीतिक हीनताबोधका दाग धुन स्वतन्त्रताको नारा लगाएका थिए । विशाल धर्तीका मानिसहरूका बीचमा आफ्नो शिर उँचो पारेर हिँड्न स्वशासनको माग गरेका थिए । अबको १८ वर्षपछि त्यो पुस्तक 'ए हिस्ट्री अफ नेसनालिज्म इन दि इस्ट' ले आफ्नो जन्मशताब्दी मनाउनेछ ।

साँच्चै, चन्द्रशमशेरले दासहरूको अमलेख गरे । यता कसैले पनि त्यो अमलेख शब्दको उच्चारणसम्म गरेको छैन । नयाँ आवरणमा देखिएका छन् दासहरू । अन्तर्आत्माको स्वतन्त्रता पूरै गुमेको छ । मानसिकतामा कुनै परिवर्तन आएको छैन । राज्यले चिनेका १३ हजारभन्दा बढी र नचिनेका अथवा चिन्न इन्कार गरेका २६ हजारभन्दा बढी मानिसको रगत पनि बालुवामा हालेको पानी साबित भएको छ । धर्ती सुख्खा छ । कुन दिनदेखि कोसी-कर्नालीमा पानी स्वात्तै बहन छाड्ने हो : मौसमको कुनै भरोसा छैन ।

राक्षसको गीत र माइकल ज्याक्सनको गीतमा धेरै ठूलो अन्तर छ । राक्षसको गीतमा रिदम हुँदैन । माइकल ज्याक्सनले पच्चीस वर्षअघि अमेरिका थर्काएका थिए- वी आर दि वर्ल्ड, वी आर दि चिल्ड्रेन । २५ वर्षभन्दा पहिलेदेखि हामीलाई सवारीले थर्काउँदै छ, बेग्लै भाषामा । राक्षसको गीत सुनाएर ।

मन्दिरका सिँढीमा एक हूल मानिस उभिएका छन् । उनीहरू सारा जनतालाई खिज्याउँदै छन् र एकै स्वरमा बोल्दै छन्, 'तिमीहरू राम्रा हैनौ । राम्रो त म हुँ । राम्रो म ।' त्यो हुलमा को राम्रो हो ? कसैले ठम्याउन सकेको छैन । एउटा राम्रो व्यङ्ग्य बनेको छ ।

ठूलो सडकमा हुइँकिँदै आएको त्यो पीत कारले मलाई धक्का नै दिएको भए पनि के हुन्थ्यो र ? पीडाका अनन्त लाभाहरूले पोलेकै छन् ज्यानलाई । अलिकति भौतिक पीडा बढ्थ्यो । मुचुल्का उठाइन्थ्यो । पोस्टमार्टमको टेबुलमा पुऱ्याएर मेरो त्यो ज्यानलाई पहिले टुक्रा-टुक्रा पारिन्थ्यो । ती टुक्रा खरानीमा परिणत हुन्थे । एउटा कथित सार्वभौमसत्ताको इकाई ढल्थ्यो ।

किन मर्नु त्यस्तो मृत्यु ? सडकको जेब्रा क्रसिङ पनि कुनै मर्ने ठाउँ हो र ? उनीहरूको इच्छाको ट्रायमा परेर किन मर्नु म ? जीवनमाथि कुनै अधिकार स्थापित हुन नपाए पनि मेरो मृत्युमाथि मेरै अधिकार हुनुपर्छ ।

देशको सार्वभौमसत्ताका रूपमा चिनिने एकाइलाई स्वाभाविक मृत्युको पनि अधिकार छैन जस्तो छ । कसलाई सोध्नु ? सडकमा उभिएको ट्राफिक चियामा दुनोट चोपेर खान व्यस्त छ । उसलाई साँच्चै भोक लागेको छ ।

## प्रतिक्रिया



यो शाही परिवारका लागि खुसीको कुरा हो (फ्रन्टपेज : एकै ठाउँमा पारस र हिमानी) । पारस र हिमानी मिलेर बसेको राम्रो । आमजनतालाई पनि यसले सकारात्मक सन्देश दिनेछ ।

**सुसन चाम्लिङ**

नालापानी पक्कै पनि फरक र राम्रो हुनेछ भन्ने अपेक्षा छ (नालापानी सम्पादनमा) । बिर्सँदै गएको इतिहासका बारेमा नयाँ पुस्ताले जानकारी पाउनु जरुरी छ ।

**महेन्द्र गौतम**

पहिले नै सतर्क हुनु राम्रो हुन्छ (मंगल होस् : प्रकृतिसँग आत्मसमर्पण) । सबै कुरामा सरकारको मुख ताक्नु हुँदैन । त्यस्तै खोलाको किनारमा बस्ती बसाउने, बालुवा चोरी-निकासी गर्ने जस्ता गलत क्रियाकलापमा लाग्नु हुँदैन ।

**यदु कडरिया**

विकट ठाउँको कथा शब्दमा उतारिदिनुभएकोमा किशोर नेपालप्रति आभार छ (यात्रा सन्दर्भ : कर्णालीको कथा) । सहरी क्षेत्र मात्र होइन, कर्णालीजस्ता विकट क्षेत्रका कथाहरू पनि मिडियामा आउनुपर्‍यो ।

**सुदर्शन खड्का**

गायिका स्वरूपा आशासँगको कुराकानी रमाइलो लाग्यो (पाँच प्रश्न : रञ्जित गजमेरसँगको सहकार्यबाट उत्साहित छु) । गजमेरसँगको सहकार्यबाट पक्कै राम्रो परिणाम आउनेछ ।

**पूर्ण राना**

मिस पिंक-२०१८ कि विजेता एन्जल लामाको आँटलाई सलाम छ (अन्तर्वार्ता : हामी कहिलेसम्म अविवाहित बस्ने) । समाजका लुकेर बसेका कैयौं पात्रलाई लामाको कथाले प्रेरणा दिएको छ । यसैगरी अघि बढ्नुहोला ।

**सन्दिप धिमाल**

विषय छनौट गर्ने क्रममा अभिभावकहरूले राम्रो सल्लाह दिनुपर्छ (शिक्षा : विषय छनौटमा सहजता) । दबाब दिएर होइन, आफ्ना सन्तानको रुचि, चाहना बुझेर मात्र विषय छनौट गर्नुपर्छ ।

**किरन राई**

यो एप्सका निर्माताले राम्रो काम गरेका छन् (साइन्स एन्ड टेक्नो : बाइक बिग्रिएमा थर्ड ह्विल) । समस्यामा परेका नागरिकलाई यसले ठूलो राहत दिनेछ । यो उदाहरणीय काम हो ।

**दीपा राई**

वर्षाको निर्णय सही हो (फटाफट : चलचित्रको कथा नपढी काम गर्दिनँ) । कलाकारले पैसाका लागि जस्तो पायो त्यस्तो भूमिका निर्वाह गर्नुहुँदैन । आफ्नो भूमिका र कथा चित्त बुझेपछि मात्र काम गर्नु उपयुक्त हुन्छ ।

**अप्सरा चिमौरिया**

यस्तो डिभाइस चाँडोभन्दा चाँडो नेपाल भित्र्याउनुपर्‍यो (साइन्स एन्ड टेक्नो : मोबाइलमा पनि एयरब्याग) । यो एयरब्याग सबैका लागि उपयोगी छ ।

**चेत पुन**

नेपाल संगीत तथा नाट्य राष्ट्रिय प्रज्ञा पुरस्कार-२०७४ बाट पुरस्कृत सबैलाई बधाई एवं शुभकामना (म्युजिक अपडेट : ६ स्रष्टालाई पुरस्कार) । आ-आफ्ना ठाउँबाट राष्ट्रलाई कुनै न कुनै रूपमा योगदान दिइरहनुहोला ।

**जेम्स बाबु**

अमेरिकाको नेपाली जनजीवन तथा संघर्ष झल्काउने खालका चलचित्र बनाउनुपर्‍यो (अमेरिकामा बढ्दै नेपाली चलचित्र) । त्यहाँको दुःख तथा संघर्षबाट नेपालका नेपालीहरूले केही सिकून् ।

**राजकुमार सुनार**

खेल भनेको यस्तै हो (खुसी, आँसु र दुःख) । जित-हार त भै नै हाल्छ । यसलाई स्वभाविक रूपमा लिनुपर्छ ।

**सन्ध्या कार्की, विमल घिमिरे**

एउटै क्षेत्रका साथीहरूबीच वैमनस्य हुनु राम्रो होइन (रमाइलो कि नरमाइलो) । कारण जे सुकै भए पनि मिलेर अघि बढ्नु उपयुक्त हुन्छ । पूजा र सुष्माको सम्बन्ध पनि सुध्रियोस् ।

**दिनेश गौतम**

twitter follow us on twitter.com/saptahik

SMS मार्फत प्रतिक्रिया
SF(space) दिएर आफ्नो प्रतिक्रिया टाइप गरी नामसहित 8080 मा पठाउनुहोस् ।

Like us on Facebook facebook.com/kantipursaptahik



तस्विर : निरज पन्थी

■ आर्यन सिग्देल, अभिनेता

# जीवन आफ्नै स्टाइलमा बाँच्ने हो

कुनै बेला नेपाली चलचित्रमा आर्यन सिग्देलको बोलवाला थियो । सिग्देल लभस्टोरी चलचित्रमा नियमितजसो देखिन्थे । आर्यनको अभिनयले दर्शकको ध्यान खुबै तान्यो । उनी भन्दाअघि त्यसरी लगातार लभस्टोरी चलचित्रमा देखिने अभिनेता थिएनन् भन्दा पनि हुन्छ । लुक्स तथा अभिनयका हिसाबले उनका अधिकांश चलचित्रलाई दर्शकले मन पराए । एकाएक उनको फ्यान फलोइङ बढ्यो । चलचित्र किस्मतबाट नेपाली चलचित्रमा भित्रिएका आर्यनको दौड पछिल्ला वर्षमा केही सुस्त भएको छ । सिग्देलले आफ्नै लगानीको चलचित्र “कायरा” मा अभिनेत्री साम्राज्ञी राज्यलक्ष्मी शाहलाई महँगो पारिश्रमिक दिएर आफ्नो जोडी बनाई करिअर जोगाउन लागेको आरोपसमेत छ । कायराको प्रचार प्रसारमा व्यस्त रहेकै बेला सिग्देलले रामजी ज्ञवालीसँग लामो कुराकानी गरेका थिए ।

**कायराको प्रदर्शन मिति नजिकिँदैछ, तयारी कस्तो छ ?**

धेरै समयपछि म पूर्ण लभस्टोरी चलचित्रमा देखिँदैछु । विगतमा मैले अभिनय गरेका लभस्टोरी चलचित्रलाई दर्शकले खुबै मन पराउनुभएको छ, त्यसैले अहिले ती दर्शकका लागि थप मेहनत गरेर अलिकति फरक शैलीमा चलचित्र निर्माण गरिएको छ । केही वर्ष भएको छ, दर्शकले मबाट गरेको अपेक्षाअनुसार चलचित्र नपाएको, त्यस हिसाबले पनि एकदमै एक्साइटेड छु । अलिकति नर्भस पनि छु ।

**अभिनयसँगै चलचित्र निर्माणमा पनि हात हाल्नु भएको छ, अभिनय सहज हुँदो रहेछ कि निर्माण ?**

अभिनय नै सहज लाग्यो । अभिनय मेरो पेसा हो, जुन काम मैले वर्षौंदेखि गर्दै आएको छु । अभिनयमा लगानी गर्नु पर्दैन, तर मेहनतचाहिँ गर्नुपर्छ । काम गर्न मज्जा चलचित्रमा निर्माणमा पनि हो । आफूले सोचेको कुरा पर्दामा ल्याउन चलचित्र निर्माण गर्नुपर्दो रहेछ । कलाकारका रूपमा मात्र काम गर्दा आफूले सोचेको सबै कुरा सम्भव हुँदैन, तर निर्माणबाट त्यो सम्भव हुँदो रहेछ ।

पृष्ठ ७ मा



# विश्वभर बिक्ने प्राविधिक शिक्षा



युवराज गौतम

स्कुल एजुकेसन एक्जामिनेसन (एसईई) को परीक्षाफल सार्वजनिक भएलगत्तै विद्यार्थीहरू रोजगारमूलक उच्च शिक्षा अध्ययन गर्ने शिक्षालयको खोजीमा दौडधूप थाल्छन् । सामान्यतः विश्वविद्यालयहरूमा पढाइ हुने विषयहरूप्रति धेरैको आकर्षण भए पनि व्यवसायिक तथा सीपमूलक शिक्षा आर्जन गर्न चाहने विद्यार्थीहरूको संख्यासमेत ठूलो छ । उनीहरू पढाइ सकिएलगत्तै रोजगारी मिलोस् भन्ने विषय रोज्न चाहन्छन् । एसईई परीक्षाको नतिजा ग्रेडिङ अर्थात् जीपीए प्रणालीअनुसार हुन थालेपछि धेरैलाई विश्वविद्यालय स्तरका विषय छनौट गर्ने कि प्राविधिक शिक्षालयमा पढाइ हुने विषय रोज्ने भन्ने अन्यौल पनि हुन्छ ।

एसईईमा कोही अनुत्तीर्ण नहुने भनिए पनि प्लस टु पढ्न भने जीपीए प्रणालीका आधारमा बेग्लै व्यवस्था गरिएको छ । यस्तो अवस्थामा प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद् (सिटिइभिटी) ले प्रदान गर्ने सीपमूलक तालिम एवं प्राविधिक कोर्सहरूमा विद्यार्थीको आकर्षण बढेको छ । सामाजिक विषयमा डी र ई ग्रेड प्राप्त गर्ने विद्यार्थीले मात्र होइन ए प्लस प्राप्त गर्ने विद्यार्थीहरूले समेत प्राविधिक कोर्सहरूमा आफ्नो भविष्य देख्ने गरेका छन् । कतिपय विद्यार्थीले राम्रो ग्रेड प्राप्त गरे पनि आर्थिक अभावका कारण रोजेको विषय पढ्न पाउँदैनन्, तर भविष्यमा बेरोजगार भएर भौंतारिनु नपरोस् भनेर रोजगारमूलक विषय छनौट गर्नेहरूको संख्यामा बर्सेनि वृद्धि भैरहेको सिटिइभिटीअन्तर्गतको एनएसटीभीका उप-निर्देशक टैलेन्द्र आचार्य बताउँछन् । सिटिइभिटीले प्राविधिक विषयको कोटा पनि बर्सेनि बढाउँदै लगेको आचार्यले बताए ।

स्वदेश वा विदेशमा पनि रोजगारी प्राप्त गर्न सकिने प्राविधिक शिक्षा नपढे पछि परिन्छ भन्ने कुरा २१ औं शताब्दीका विद्यार्थीले बुझिसकेका छन्, आचार्य भन्छन्- हाम्रो लक्ष्य भनेकै प्राविधिक शिक्षामा दक्ष बनाएर नेपाली युवाहरूले विश्वका कुनै पनि ठाउँमा रोजगारी प्राप्त गर्न सकून् भन्ने हो ।

नेपालमा बर्सेनि नयाँ-नयाँ विषय भित्रिरहेका छन् । रोजगारमूलक प्राविधिक शिक्षाका थुप्रै विषय नेपालमै पढ्न पाइन्छ । विश्वविद्यालयहरू तथा उच्च माध्यमिक शिक्षा परिषद्ले युग सुहाउँदो प्राविधिक कोर्सहरू भित्र्याएका छन् त्यसमध्ये सिटिइभिटीले प्रदान गर्ने प्राविधिक तथा व्यवसायिक शिक्षा एवं तालिमले व्यक्तिलाई गरी खान सक्ने बनाउँछ भन्ने बुझेका विद्यार्थीहरू यतातर्फ आकर्षित छन् । वि.सं.२०४५ सालमा स्थापना भएको प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद् (सिटिइभिटी)ले ल्याएका विभिन्न रोजगारमूलक शिक्षा एवं तालिमले धेरैलाई रोजगार बनाई जीवन धान्न सक्ने बनाउँदै आएको छ ।

सिटिइभिटीले जीपीएमा अयोग्य ठहरिएर कक्षा ११ मा भर्ना हुन नपाएका सहित उच्च ग्रेडमा उत्तीर्ण हुने विद्यार्थीलाई समेत लक्षित गरी रोजगारमूलक सीप सिक्न पनि आह्वान गरिरहेको छ । सिटिइभिटीले कम जीपीए र विषयगत ग्रेड ल्याउने विद्यार्थीलाई १८ महिने टीएसएलसी कोर्सहरू अध्ययन गर्न पाउने व्यवस्था मिलाएको छ । विगतका वर्षहरूमा एसईई उत्तीर्ण हुनेले पढ्ने १५ महिने तथा अनुत्तीर्ण हुनेले पढ्ने २९ महिने कोर्सलाई समायोजन गरेर अहिले सबैका लागि १८ महिने कोर्सको व्यवस्था गरिएको छ ।

नेपालमा परम्परागत ज्ञान र सीप नयाँ पुस्तामा हस्तान्तरण नहुँदा एवं त्यसमा समय सापेक्ष विकास नगरिँदा युवाहरू सीपविहीन बन्न पुगेका छन् । हातमा सीप नभएकै कारण युवाहरू स्वरोजगारको बाटोमा लाग्न नसकी विदेश पलायन हुनुपरेको छ । सीपको अभावमा थुप्रै युवा बेरोजगार बस्नुपरेको छ । प्राविधिक कोर्स पढे नयाँ सीप सिक्ने मौका मिल्ने भएकाले बेरोजगार बस्नु नपर्ने शिक्षाविद्हरू बताउँछन् । प्राविधिक शिक्षाको माध्यमबाट स्वरोजगारी सिर्जना गर्ने उद्देश्यले सिटिइभिटीले विभिन्न तहमा कक्षा सञ्चालन गर्दै आएको छ । सिटिइभिटीका आंगिक एवं सम्बन्धन लिएका शिक्षालयहरूले बजार सुहाउँदो सीप प्राप्त हुने गरी प्राविधिक शिक्षा प्रदान गरिरहेका छन् ।

## ग्रेडअनुसार कोर्स

सिटिइभिटीका आंगिक तथा सम्बन्धन प्राप्त निजी शिक्षालय वा कलेजहरूले तीनवर्षे डिप्लोमा तथा प्रमाणपत्र तहका कोर्सहरू सञ्चालन गरिरहेका छन् । सिटिइभिटीबाट सञ्चालित कुनै पनि कोर्सलाई ग्रेडिङ प्रणालीले छेकेको छैन । विद्यार्थीहरूले सिटिइभिटीले प्रदान गर्ने टीएसएलसीका विभिन्न कोर्स पढ्न पाउँछन् । ई ग्रेड ल्याउनेहरूका लागि पनि प्राविधिक कोर्सहरूको व्यवस्था छ । यसमा ८० प्रतिशत प्रयोगात्मक तथा २० प्रतिशत सैद्धान्तिक विषयवस्तु पढ्नुपर्छ । टीएसएलसी सकेपछि भने तीनवर्षे कोर्स गर्न पाइन्छ । त्यसबाहेक उनीहरूले आफ्नो रोजाइअनुसार छोटो अवधिका सीपमूलक तालिमहरू पनि लिन सक्छन ।

प्रमाणपत्र तथा डिप्लोमा तहका स्वास्थ्यतर्फका सम्पूर्ण कार्यक्रमका लागि एसईईको अंग्रेजी, गणित तथा विज्ञान विषयमा न्यूनतम सी ग्रेड तथा जीपीए २ अंक अनिवार्य प्राप्त गरेको हुनुपर्छ । त्यसैगरी डिप्लोमा इन्जिनियरिङतर्फका सम्पूर्ण कार्यक्रमका लागि विज्ञान र गणितमा न्यूनतम सी ग्रेड तथा अंग्रेजीमा न्यूनतम डी प्लस ग्रेड अनिवार्य मानिएको छ । डिप्लोमा तहका कृषि, खाद्य, डेरी टेक्नोलोजी तथा फरेस्ट्री कार्यक्रमका लागि अंग्रेजी, गणित एवं विज्ञानमध्ये कुनै दुई विषयमा न्यूनतम सी र कुनै एक विषयमा न्यूनतम डी प्लस ग्रेड प्राप्त गर्नुपर्छ । त्यसैगरी डिप्लोमा इन होटल म्यानेजमेन्ट, उद्यमशिलता विकास र सोसल वर्कका लागि अंग्रेजी, विज्ञान तथा गणितमा न्यूनतम डी प्लस ग्रेड अनिवार्य मानिएको छ । कतिपय शिक्षालयले यस्ता कोर्सका लागि परियोजना नै सञ्चालन पनि गरेका छन्, जसमा गरिब एवं दुर्गम क्षेत्रका विद्यार्थीलाई प्राथमिकता दिइएको छ ।

## प्राविधिकतर्फ मुख्य विषय

**स्वास्थ्य** : सीएमए, अनमी, ल्याब टेक्निसियन, आम्वी, आयुर्वेद, डेन्टल हाइजेनिस्ट, अक्युपन्चर आदि ।

**इन्जिनियरिङ** : इलेक्ट्रिकल, मेकानिकल, सर्भे, सिभिल, जेटीसी (कम्प्युटर), अटो मेकानिक्स, रेफ्रिजेरेटर एन्ड एयर कन्डिसनिङ, स्यानिटेरी आदि ।

**कृषि** : जेटिए, प्लान्ट साइन्स, टेक्सटाइल एन्ड सेरिकल्चर आदि ।

उपरोक्त विषयबाहेक कार्यालय व्यवस्थापन, सामाजिक परिचालक, उद्यमशिलता, अफिस व्यवस्थापनका कोर्सहरू पनि पढ्न पाइन्छ ।

## खर्च कति लाग्छ ?

प्राविधिक विषय अध्ययन गर्न फरक-फरक विषयका लागि कोर्स र अवधिअनुरूप फरक-फरक शुल्क निर्धारण गरिएको छ । सरकारी तथा निजी शिक्षालयले फरक-फरक शुल्क लिन्छन् । जुनसुकै कोर्स पूरा गर्दा सरकारीतर्फका शिक्षालयमा १५ हजारदेखि १ लाख रुपैयाँसम्म लाग्छ । त्यसैगरी निजी क्षेत्रमा भने ६० हजारदेखि ५ लाख रुपैयाँसम्म खर्च लाग्छ भने आर्थिक अवस्था कमजोर भएकाहरूलाई छात्रवृत्तिको सुविधा उपलब्ध हुन सक्छ ।

## छनौट प्रक्रिया

प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद्ले प्राविधिक एसएलसी तह तथा तीनवर्षे डिप्लोमा/प्रमाणपत्र तहका कोर्सहरू सञ्चालन गर्दै आएको छ । भर्नाका लागि छनौट हुन अंग्रेजी, विज्ञान, गणित, स्वास्थ्यजस्ता विषयमा केन्द्रित रहेर प्रवेश परीक्षा दिनुपर्छ । प्रवेश परीक्षामा सामेल भएर प्रतिस्पर्धाका आधारमा तोकिएको कोटामा विद्यार्थी छनौट गरिन्छ । छोटो अवधिको तालिम अर्थात सीप परीक्षणका लागि भने छुट्टै व्यवस्था छ । जीपीए प्रणाली सुरु हुनुअघि नै एसएलसी उत्तीर्ण गरेका विद्यार्थीहरूका लागि भने फरक व्यवस्था छ । प्रवेश परीक्षामा अंग्रेजीमा-२०, गणीतमा-२०, विज्ञान वा स्वास्थ्यमा-२० गरी ६० पूर्णाङ्को वस्तुगत प्रश्नहरू सोधिन्छ ।

## छोटो अवधिको तालिम

हातमा सीप भयो भने रोजगारी प्राप्त गर्न समस्या हुँदैन । प्राविधिक ज्ञानको अभावमा धेरै नेपाली युवाले बेरोजगार बस्नुपरेको छ । यही समस्यालाई मध्यनजर गर्दै सिटिइभिटीअन्तर्गतको सानोठिमी प्राविधिक शिक्षालयले छोटो अवधिको तालिम सञ्चालन गरी स्किल टेस्टमार्फत धेरैलाई आत्मनिर्भर हुन सक्ने बनाएको छ ।

सन १९८३ मा स्थापना भएको यो शिक्षालयले १२ महिने लाइट भेइकल मेकानिकदेखि एक महिने सवारी चालक तालिमसम्म प्रदान गर्छ जसमा लाइट भेइकल सर्भिस मेकानिक, इन्टेरियर डिजाइन, मोटरसाइकल मेकानिक, लेथ सेटर अपरेटर, प्रिन्टिङ प्रेस टेक्निसियन, जुनियर प्लम्बर, हाउस वायरिङ, हेभी इक्विमेन्ट मेकानिकजस्ता १८ वटा क्षेत्रमा तालिम सञ्चालन गरिन्छ । ती तालिम लिन भर्ना शुल्कबापत न्यूनतम २ हजार ५ सय रुपैयाँ तिर्नुपर्छ । हरेक वर्षको साउन, भदौ तथा फागुनमा तालिम सत्र प्रारम्भ हुन्छ ।

# जीवन आफ्नै स्टाइलमा ...

पृष्ठ ५ बाट

**चलचित्र निर्माण निरन्तर अघि बढ्ला त ?**

राम्रो कथा फेला पारें भने चलचित्र निर्माण गरिरहनेछु । अभिनयसँगै चलचित्र निर्माण पनि निरन्तर अघि बढ्नेछ । जतिबेलासम्म राम्रो स्क्रिप्ट पाउँछु त्यतिबेलासम्म मेरो चलचित्र निर्माणले निरन्तरता पाउनेछ ।

**पछिल्लो समय तपाईंका कुनै पनि चलचित्र चलेनन्, किन होला ?**

हो, यो कुरा मैले स्वीकार गर्नैपर्छ । चलचित्र दमदार बनेका हुन्, प्रस्तुतीकरण दमदार नभएकाले कतिपय चलचित्र असफल भएँ ।

**भनेपछि नेपाली चलचित्रका स्क्रिप्ट राम्रा हुँदैनन् भन्न खोज्नुभएको हो ?**

हो, मैले अनुभव गरेको कुरा यो पनि हो । कुनै पनि चलचित्र दमदार हुन उक्त चलचित्रको कथा निकै राम्रो हुनुपर्छ । स्क्रिप्टमा मेहनत नगर्दाको परिणाम प्रदर्शन मितिमा थाहा हुँदो रहेछ ।

**कायरामार्फत आर्यन सिग्देल पुन नेपाली चलचित्रमा फरक ढंगले फर्कन लागेका हुन् ?**

म चलचित्र क्षेत्रमा निरन्तर संघर्षरत यात्री छु । मैले जब चलचित्र यात्रा प्रारम्भ गरें त्यतिबेलैदेखि वर्षमा १-२ वटा चलचित्रमा मात्र काम गरें । अन्य कलाकारहरू जस्तो वर्षमा १०-१२ वटामा काम गर्न सक्ने क्षमता मसँग पनि थियो तर मैले त्यसो गरिनँ । अहिलेसम्म पनि आफ्ना प्रशंसकहरूलाई बोर नहुने हिसाबले काम गरिरहेको छु ।

**तपाईंका चलचित्रको कथा तथा अभिनय सधैं उस्तै-उस्तै खालका भए भन्ने गुनासो छ नि ?**

त्यो चलचित्र समीक्षकहरूमा भएको भ्रम मात्र हो । खासमा मैले जतिवटा चलचित्रमा काम गरेको छु, सबै चलचित्रका कथा तथा प्रस्तुतीकरण फरक नै छन् । अघिल्लो वर्ष प्रदर्शित रुद्रप्रिया बेग्लै विषयमा बनेको थियो । क्लासिक र नोभेम्बर रेन पनि फरक-फरक थिए ।

**हरेक कुरा परिवर्तन हुँदा अभिनय परिवर्तन गर्नुपर्छ भन्ने हुन्छ कि हुँदैन ?**

अभिनय परिवर्तन गर्ने भनेर जे पायो त्यही गर्ने कुरा हुँदैन । क्यारेक्टरमा मैले कस्तो अभिनय गर्ने हो, कथाअनुसार के गर्नुपर्ने हो त्यसैअनुरूप आफूलाई ढाल्नुपर्छ । धेरै वर्षअघि मैले चलचित्र धुवाँमा काम गरें, बीचमा मालामा काम गरें । ती चलचित्र फरक विषयवस्तुमा बनेका चलचित्र थिए, तर ती चलचित्रले बक्सअफिसमा राम्रो कलेक्सन गर्न सकेनन् ।

**दर्शकले तपाईं र नम्रता श्रेष्ठको जोडीलाई खुबै रुचाइरहेका बेला कायरामा किन साम्राज्ञीलाई रोज्नुभएको ?**

कथाले साम्राज्ञी खोजेकाले उहाँलाई राखिएको हो । अर्को कुरा, हामीले कथाअनुसार कलाकार खोज्ने हो । कायराको कथा लेख्दा हामीले साम्राज्ञीकै लागि भनेर लेखेका थियौं, त्यो कथामा अरू कसैले काम गर्न सक्दैनथे ।

**आर्यन साम्राज्ञीलाई हतियार बनाएर चलचित्र चलाउने दाउमा छन् भन्ने टिप्पणीसमेत गरिँदैछ छ नि ?**

म यो कुरा मान्दिनँ । मैले यसअघि पनि भनिसकें, कायराको स्क्रिप्ट लेख्दा नै साम्राज्ञीका लागि लेखिएको थियो । एउटा स्टारले मात्र चलचित्र चल्दैन । मेरो पनि पहिलो चलचित्र हिट थियो तर म हिट थिइनँ नि । यो कुरा बलिउड वा हलिउडमा पनि लागू हुन्छ ।

**साम्राज्ञीले तपाईंको अभिनय हेरेर चलचित्र क्षेत्रमा लागेकी थिइँ भन्नुभयो, आफूभन्दा धेरै कान्छी अभिनेत्रीसँग काम गर्दा कस्तो लाग्यो ?**

साम्राज्ञीले सोचअनुसार नै काम देखाएकी छिन्, यो मेरा लागि खुसीको कुरा हो । अर्को कुरा, मैले साम्राज्ञीका चलचित्रहरू हेरेको छु, तर कायरामा उनले त्योभन्दा धेरै माथि गएर काम गरेकी छिन् । उनको अभिनय तथा कामबाट हामी धेरै प्रभावित भयौं, जब टिम नै खुसी छ भने म खुसी नहुने कुरै भएन ।

**कायरामा साम्राज्ञीलाई १० लाख रुपैयाँ पारिश्रमिक दिएको भनेर खुबै हल्ला भयो, यथार्थ के हो ?**

मेरो त इच्छा के छ भने भोलिको दिनमा मेरो कम्पनीले साम्राज्ञीलाई ५० लाख रुपैयाँ दिएको समाचार आओस् । एउटा स्टारको लाइफ ६ महिनामा १० लाख रुपैयाँले चल्छ त ? कायरामा साम्राज्ञीले निकै कम पारिश्रमिक लिएर काम गरेकी हुन् । कायरामा उनले गरेको कामको मूल्यांकन गर्ने हो भने उनको पारिश्रमिक ५० लाख रुपैयाँ हुनुपर्थ्यो ।

**पछिल्लो समय आएका स्टारले तपाईंलाई एकाएक पाखा लगाएका हुन् ?**

मैले पहिले जसरी चलचित्रमा काम गरिरहेको थिएँ त्यसरी नै काम गरिरहेको छु । विगतमा पनि मैले वर्षमा एउटा, कहिलेकाहीं दुई-तीनवटासम्म चलचित्रमा काम गरें । म जसरी निरन्तर काम गरिरहेको छु त्यसले मेरो करिअरमा कुनै असर परेको छैन । मलाई उहाँहरूको अभिनय र आवागमनले केही फरक परेको छैन । दर्शकहरू स्टारको पछि कहिल्यै दौडिँदैनन्, उनीहरू राम्रो कथा खोज्छन् र राम्रो चलचित्रलाई साथ दिन्छन् ।

**तर उनीहरूका चलचित्र ब्लक बस्टर भए नि त ?**

मान्छु, उनीहरूका चलचित्रले राम्रो व्यापार गरेका छन् । खासमा हामीले केही वर्षदेखि काम गरिरहेका बेला दर्शकले नयाँ कलाकार खोजी रहेका थिए, त्यही बेला अनमोल, प्रदीपहरू आए । लभस्टोरी चलचित्र मैले मात्र गर्ने भन्ने कुरा हुँदैन, दर्शकहरू लभस्टोरी चलचित्रमा मलाई मात्र हेर्दा-हेर्दा वाक्क हुन सक्छन् । त्यसैले दर्शकको इच्छाअनुसार उनीहरू आए र राम्रो पनि भयो । बुझ्नुपर्ने कुरा, लामो रेसका लागि हिँडेको घोडा कहिल्यै थाक्दैन, बीचमा को आउँछ को जान्छ खासै मतलबको कुरा पनि होइन ।

**त्यसो भए के कुरामा कमजोर हुनुभयो तपाईं ?**

मसँग उनीहरूलाई दाँज्नु नै गलत हो । हरेक कलाकारका आ-आफ्नै किसिमका फ्लेवर हुन्छन् । हरेकसँग आ-आफ्नै किसिमको कला हुन्छ । अर्को कुरा, म उनीहरूभन्दा कहींकतै कमजोर भएको होइन । मैले विगतमा काम गर्दा नेपाली चलचित्रका दर्शक कम थिए, अहिले बिस्तारै बढ्दै गएका छन् । दर्शकका चाहना फरक हुँदै गएका छन् । चलचित्र बनाएर मात्र चल्दैन, कतिपय चलचित्र बनाएर थन्किएका घटना पनि छन् । चलचित्र बनाइसकेपछि त्यसलाई बजारमा ल्याउने तरिकामा पनि धेरै कुरा भर पर्छ । त्यस कारण हरेक मानिसको जीवनमा उतावचढाव आउँछ, तर संघर्ष गर्न छोड्नु हुँदैन ।

**त्यसो भए तपाईंलाई आफ्नो करिअर जोगाउने कथा हेरेर काम गर्न कसले रोक्यो त ?**

कसैले रोकेको छैन । मैले अघि पनि भनिसकें, हरेक मानिसको जीवनमा उतावचढाव आउँछ । सबै काम र सबै चलचित्र सफल नै हुन्छन् भन्ने हुँदैन । मैले रोजेका चलचित्र फ्लप थिएनन् । सोही कारण पछिल्लो समय आफ्नै ब्यानरका चलचित्रमा मात्र काम गर्छु भनेको हूँ ।

**आफ्नो ब्यानरको चलचित्रमा मात्र काम गर्छु भन्नु घमन्डजस्तो भएन र ?**

यो कुन मानिसले कुन कुरालाई कसरी हेर्छ, लिन्छ वा सोच्छ त्यसमा भर पर्ने कुरा हो । मैले काम गर्ने दर्शकका लागि हो न कि अरू कुनै व्यक्तिका लागि । दर्शकलाई राम्रो चलचित्र दिने मेरो प्रयास मृत्यु नहुँदासम्म जारी रहन्छ भने अरूले यो विषयमा किन टाउको दुखाउनु ?

**अहिले हरेक स्टार सामाजिक सन्जालमा एक्टिभ हुन्छन् तर तपाईंले त भएजतिका सबै साथीभाइलाई अनफ्रेन्ड गर्नुभएछ नि ?**

यो मेरो बानी हो । जीवन आफ्नो स्टाइलमा बाँच्ने हो, यस विषयमा म धेरै बोल्दिनँ ।



**तपाईंको यस्तो बानीले प्रशंसकको मन दुख्दैन ?**

दुख्दैन, मैले उहाँहरूका लागि फेसबुक पेज बनाएको छु, प्रायः ले बुझ्नुभएको छ, म आफ्नो पेजमार्फत प्रशंसकहरूसँग जोडिएको छु । बाँकी मेरो एकाउन्टमा मेरी आफ्नै श्रीमती पनि छैनन् । यो कुरालाई धेरै ठूलो विषय बनाउनुपर्ने देखिदैन ।

**कायराले तपाईंलाई सुखद कमब्याक गराउनेमा कत्तिको विश्वस्त हुनुहुन्छ ?**

जीवनमा काम गर्दै जाने हो । असफलतामा म कहिल्यै निराशा भइन वा पछि हटिनँ र मलाई ठूलो सफलताको मात पनि कहिल्यै चढेन । यात्राका क्रममा कहिले सफलता हासिल हुन्छ भने कहिले असफलता, यी सामान्य कुरा हुन् । चलचित्र कायरा साँच्चिकै वजनदार लभस्टोरी चलचित्र हो । छातीमा हात राखेर भन्नुपर्दा यो चलचित्रलाई शतप्रतिशत त भन्दिनँ, तर दर्शकले ९९ प्रतिशत मन पराउनुहुनेछ । जीवनमा सबै कुराबाट खुसी म (जय) र साम्राज्ञी (कायरा) बीचको गज्जबको केमेस्ट्रीलाई दर्शकले रुचाउने कुरामा म विश्वस्त छु ।


## रोजगारीमूलक प्राविधिक तालिमहरूमा
## छात्रवृत्ति सहित भर्ना खुल्यो

१. मेडिकल ल्याब असिस्टेन्ट (Medical Lab Assistant) -१८ महिना
२. भेटेरीनरी जे.टि.ए. (Veterinary J.T.A.) -१८ महिना
३. कृषि/बाली विज्ञान जे.टि.ए. (Agricultural/Plant J.T.A) -१८ महिना

SLC/SEE मा जुनसुकै श्रेणी/ग्रेडमा उत्तिर्ण हुनेले समेत अध्ययन गर्न पाईने ।
नि:शुल्क प्रवेश परीक्षा तयारी कक्षा सञ्चालन हुँदैछ ।

- फाराम भर्ने अन्तिम मिति: २०७५।०४।११ गते
- छात्रवृत्ति प्रवेश परीक्षा मिति: २०७५।०४।१९ गते
- पूर्ण शुल्कीय कोटा प्रवेश परीक्षा मिति: २०७५।०४।२१ गते

**विशेषता :**
- छात्रावास र यातायातको व्यवस्था
- नि:शुल्क पुस्तकालय

**नोट :** EVENT परियोजनाले यस शैक्षिकशत्रमा दिने छात्रवृत्तिको फारम समेत नि:शुल्क भराईन्छ ।

सम्पर्क **कान्तिपुर कम्युनिटी हेल्थ सर्भिस प्रा.लि.**
(कान्तिपुर टेक्निकल कलेज), बालाजु १६, गंगाहल अगाडि, काठमाडौं
फोन नं.: ०१-४३६०६०५, ०१-४३८०८६४
कलेज खुल्ने समय बिहान ६:०० देखि बेलुका ६:०० सम्म ।
(शनिवार र सार्वजनिक बिदाको दिन पनि कलेज खुल्ला हुनेछ ।)

# विद्यार्थीहरूका लागि फेसबुक डेभलपर्स सर्कल




सूचना तथा प्रविधि विषय पढिरहेका विद्यार्थी (वा पढिसकेका पनि) अलमलमा हुन सक्छन् । पढेर अब के बन्ने ? पढाइ सकेर के गर्ने ? आफैं निर्णय लिन नसक्ने तथा अरू कसैले उपयुक्त बाटो नदेखाएको अवस्थामा यस्तो बेला अलमल र दुविधा बढ्नु स्वाभाविक हो । यस्तो अवस्थाबाट गुज्रिएका विद्यार्थीहरूका लागि उपयोगी एउटा ग्रुप छ फेसबुकमा– फेसबुक डेभलपर्स सर्कल : काठमाडौं । यसमार्फत ज्ञान बटुल्न, नयाँ कुरा सिक्न एवं सूचना तथा प्रविधिसँग सम्बन्धित जानकारी प्राप्त गर्न सकिन्छ । करिअर काउन्सिलिङ र नयाँ–नयाँ प्रविधिका सम्बन्धमा अपडेट हुन यो ग्रुपले मद्दत पुऱ्याइरहेको छ ।

फेसबुकले विश्वका अधिकांश देशमा ‘फेसबुक डेभलपर्स सर्कल’ खोलेको छ । फेसबुकमै खोलिएका यस्ता ग्रुपलाई उसले प्रत्यक्ष-अप्रत्यक्ष सहयोग समेत पुऱ्याउँदै आएको छ । नेपाली युवाहरूको पहलमा दुई वर्षअघि खोलिएको हो, ‘फेसबुक डेभलपर्स सर्कल : काठमाडौं’ । यो सर्कलमा जनकपुरका चन्दन ठाकुर नेपालको कार्यक्रम एम्बेसडरका रूपमा कार्यरत छन् । उनलाई यो काममा रवीन गैरे, मणि विवेक आचार्य तथा अदिति गोयलले सघाइरहेका छन् । फेसबुक डेभलपर्स सर्कल : काठमाडौं विश्वविद्यालयको एउटा क्लबजस्तै हो । यो ग्रुपमा नेपालका अधिकांश डेभलपर्सहरू जोडिएका छन् । सूचना तथा प्रविधि अध्ययनरत एवं यो क्षेत्रसँग सम्बन्धित थुप्रै व्यक्ति पनि यो सर्कलमा आबद्ध छन् । यसमा बढीजसो प्राविधिक विषय तथा स्टार्ट-अपका सम्बन्धमा छलफल-बहस हुन्छ । कार्यक्रमका एम्बेसडर चन्दनका अनुसार यो स्थानीय स्तरमा हुने एक प्रकारको जमघट हो, जसले एक-अर्कासँग पेसागत रूपमा सम्बन्ध बनाउन सघाउँछ । आफूले जाने बुझेका विषय सेयर गर्न सकिन्छ ।

‘फेसबुक डेभलपर्स सर्कल : काठमाडौं’ अनलाइन र अफलाइन दुवै माध्यममा सञ्चालित छ । अनलाइनमा प्राविधिक विषयहरूमा छलफल हुन्छ । बढीजसो फेसबुकका विषयमै छलफल केन्द्रित हुन्छ । यो ग्रुपमा कसैले नजानेका, नबुझेका विषयमा सोधपुछ गर्न सकिन्छ । अफलाइनअन्तर्गत यो फेसबुक ग्रुपले विभिन्न इभेन्ट आयोजित गर्छ, जसमा साइबर सेक्युरिटी, आर्टिफिसियल इन्टिलिजेन्ट, युआर, एआरजस्ता विषयमा छलफल गरिन्छ । यो ग्रुपमा रजिस्टर गरेर विद्यार्थीहरूले इभेन्टमा भाग लिन सक्छन् जहाँ एकपटकको वर्कसपमा ८० जनाले निःशुल्क भाग लिन सक्ने व्यवस्था छ । यस्ता वर्कसपले करिअर बनाउन, नयाँ सम्भावना पहिल्याउन, नजानेका कुरा बुझ्न सघाउँछन् । फेसबुकले नेपाललगायत विश्वभरका यस्ता कार्यक्रममा प्रत्यक्ष सहयोग पुऱ्याइरहेको छ ।

यस्ता इभेन्ट तथा वर्कसपबाट विद्यार्थीहरूलाई के र कसरी अगाडि बढ्ने भन्ने जानकारी मिल्छ । ‘फेसबुक डेभलपर्स सर्कल : काठमाडौं’ का एम्बेसडर चन्दन भन्छन्- यस्ता कार्यक्रम आयोजित गर्दा विद्यार्थीहरूको रुचि, चाहना तथा सम्भावनाका सम्बन्धमा पनि जानकारी प्राप्त हुन्छ ।

# ब्लकचेन स्मार्टफोन फिन्नी

स्वीस कम्पनी सिरिन ल्याब्सले ड्युअल स्क्रिनयुक्त ब्लकचेन स्मार्टफोनलाई बजारमा उतार्ने भएको छ । उक्त स्मार्टफोनको नाम फिन्नी राखिएको छ । फक्सकनको सहयोगमा उत्पादन गरिने उक्त स्मार्टफोन आगामी नोभेम्बरसम्ममा बजारमा आउने अनुमान गरिएको छ । फिन्नीमा सिरिनमा आधारित एन्ड्रोइड ओरियो प्रयोग गरिनेछ र यसको अन्तर्राष्ट्रिय बजार मूल्य करिब ९ सय ९९ डलर हुने बताइएको छ । ब्लकचेन प्रविधि अहिले चर्चित बन्दै गएको छ । प्रविधिको माध्यमबाट कारोबार गर्न उक्त प्रविधि निकै सुरक्षित हुने दाबी गरिन्छ । मोबाइल प्रविधिलाई थप सुरक्षित बनाउन स्मार्टफोन निर्माता कम्पनीहरू ब्लकचेन प्रविधिको प्रयोगमा लागेका छन् । यसभन्दा पहिले नै एचटीसीले ब्लकचेनमा आधारित स्मार्टफोन ल्याउने घोषणा गरिसकेको छ ।




# हेलमेटमै ह्यान्ड्स फ्री




मोटरसाइकल चलाइरहेका बेला फोन आयो भने बारम्बार फोन हेरिरहन समस्या हुन्छ । यो समस्याको समाधानका लागि ह्यान्ड्स फ्री डिभाइसका रूपमा ‘साइक्लियर’ आएको छ । संसारमै पहिलो पटक उपलब्ध उक्त डिभाइसलाई कोरियन कम्पनी डेमानले विकास गरेको हो । ६० ग्रामको यो डिभाइसलाई चार्ज गरेर चलाउन सकिन्छ । यसलाई एकपटक चार्ज गरे ८ घण्टा काम गर्छ । यो डिभाइस नेपालमा पनि बिक्रीका लागि उपलब्ध छ । यसको मूल्य ५ हजार रुपैयाँछ । त्रिशुल अटोमाबाइल यसको आधिकारिक वितरक हो । यो एक प्रकारको ब्लुटुथ डिभाइस हो जसलाई हेलमेटको बाहिर सजिलै टाँस्न सकिन्छ । यसको प्रयोग गर्ने हो भनेफोन आउँदा मोबाइललाई खल्ती वा झोलाबाट निकाल्नु पर्दैन । यो डिभाइसमा भएको एउटा बटन थिचेर फोन उठाउन सकिन्छ । यसबाहेक म्युजिक सुन्नुपऱ्यो भने पनि यही बटन प्रयोग गर्न सकिन्छ ।



# रोबोट भ्याकुम क्लिनर

घरको सरसफाईलाई सहज बनाउन भारतमा रोबोट भ्याकुम क्लिनर रुम्बा ६७१ आएको छ । रुम्बा ६७१ वाइफाईसँग जोडिएको रोबोटिक डिभाइस हो, जसले एक क्लिकको भरमा पूरै घरमा नेभिगेट गरेर सफाई गर्छ । यो डिस्क जस्तै आकारको छ । यसलाई चार्ज गर्न विशेष प्रकारको चार्जिङ स्टेसन प्रयोग गरिन्छ । फोहोरअनुसार सफाईका लागि यसमा थ्री स्टेज क्लिनिङ सिस्टम जडान गरिएको छ । यसलाई आईरोबोट होम एपको सहयोगले नियन्त्रण गर्न सकिन्छ । लगातार एक घण्टा सफाइ गरेपछि यो रोबोट रिचार्जका लागि आफै चार्जिङ स्टेसन पुग्छ ।

# वर्ल्ड इमोजी डे

गत मंगलबार अर्थात् जुलाई १७ को बिहानै फेसबुक खोल्दा सबैले ‘ह्याप्पी वर्ल्ड इमोजी डे’ भन्ने सन्देश प्राप्त गरे । फेसबुकले इमोजीकै माध्यमबाट आफ्ना प्रयोगकर्तालाई शुभकामना सन्देश दियो । फेसबुक मात्र होइन, ट्विटरलगायतका अन्य सामाजिक सञ्जालले समेत इमोजी डेलाई यसरी नै सेलिब्रेट गरे । फेसबुक तथा अन्य सामाजिक सञ्जालकै कारण इमोजीको प्रयोग बढेको हो । इमोजीले नै भाषालाई एक कदम अघि बढाएको हो । पहिले बोलेर गरिने सञ्चार हाल इमोजीबाट समेत गर्न थालिएको छ ।

### के हो इमोजी ?

इलेक्ट्रोनिक चित्रको एउटा समूह नै इमोजी हो । यसले अनुहारको भावलाई सानो चित्र अर्थात इमेजद्वारा प्रदर्शित गर्छ । साथीभाइ तथा परिवारसँग सम्पर्कमा रहन हामी फेसबुक, ट्विटर, स्न्यापच्याट, इन्स्टाग्राम तथा ह्वाट्सएप जस्ता सामाजिक सञ्जाल प्रयोग गर्छौं । ती सामाजिक सञ्जालमा यस्ता इमोजी प्रयोग हुन्छन् । खुसी, दुःखी, रिसाएको आदि भाव व्यक्त गर्न यस्ता इमोजी बनाउन सकिने विभिन्न एप्ससमेत उपलब्ध छन् । इमोजीले मनको भावनालाई चित्रद्वारा व्यक्त गर्छ ।



### इमोजीको प्रारम्भ

इमोजीको पहिलो प्रयोग जापानमा भएको थियो । त्यसपछि यसको प्रयोग संसारभर हुन थालेको हो । यसको पहिलो प्रयोग जापानका सिगाटेका कुरिताले गरेका थिए । जापानी भाषामा इको अर्थ तस्बिर तथा मोजीको अर्थ चरित्र हुन्छ । कुनै पनि प्रकारको चरित्रलाई तस्बिरमार्फत व्यक्त गरिने भएकाले यसलाई इमोजी भनिएको हो ।

सन् २०११ मा आइफोनले प्रयोग गरेपछि यसको प्रयोग बढ्न थालेको हो । इमोजीलाई सर्वाधिक तीव्र गतिमा बढेको भाषा पनि भनिन्छ । यसको व्यापक प्रयोगका कारण सन् २०१५ मा यसलाई अक्सफोर्ड डिक्सनरीले ‘वर्ड अफ द इयर’ घोषणा गरेको थियो । त्यतिबेला निकै प्रचलित हाँस्दा हाँस्दै आँशु आएको देखाउने इमोजी नै वर्ड अफ द इयर भएको थियो । अक्सफोर्ड डिक्सनरीले पहिलो पटक कुनै शब्दलाई नभई पिक्टोग्राफलाई वर्ड अफ द इयर घोषणा गरेको हो ।

### इमोजी दिवस

इमोजीका विभिन्न प्रतीक तथा तिनका डिजाइनलाई सफ्टवेयरमार्फत रजिस्टर गर्न इमोजिपिडिया नामक एक अनलाइन वेबसाइट छ । इमोजिपिडियाका संस्थापक जेरेमी बर्ज हुन् । उनले सन् २०१४ मा विश्व इमोजी दिवस मनाउने निर्णय लिएका थिए । त्यसपछि नै जुलाई १७ लाई विश्व इमोजी दिवसका रूपमा मनाउन थालियो । विश्व इमोजी दिवस मनाउन थालिएपश्चात् सामाजिक सञ्जालमा यसको उपयोग गर्न थप प्रोत्साहन मिल्यो । एप्पल, गुगल तथा एन्ड्रोइडजस्ता डेभलपरहरूले पनि इमोजी दिवसका दिन थप इमोजीहरू सार्वजनिक गर्छन् ।

### इमोजीको प्रयोग

इमोजी दिवसकै अवसरमा विभिन्न सामाजिक सञ्जालले विभिन्न तथ्यहरू सार्वजनिक गरेका छन् । फेसबुकले सार्वजनिक गरेको तथ्यांक अनुसार फेसबुकमा प्रत्येक दिन ६० अर्ब भन्दा बढी इमोजी प्रयोग हुन्छन् । त्यसैगरी दैनिक ५ खर्ब इमोजी म्यासेन्जरमार्फत पठाइन्छ । फेसबुकमा धेरै इमोजी प्रयोग गर्ने १० देश बेलायत, जर्मनी, फ्रान्स, इटाली, अमेरिका, स्पेन, थाइल्यान्ड, इन्डोनेसिया, मेक्सिको तथा ब्राजिल हुन् । त्यसैगरी म्यासेन्जरमा सर्वाधिक इमोजी प्रयोग गर्ने १० देश बेलायत, फ्रान्स, इजिप्ट, क्यानाडा, अमेरिका, थाइल्यान्ड, भारत, इन्डोनेसिया, ब्राजिल तथा अस्ट्रेलिया हुन् । यसपटकको इमोजी दिवसका अवसरमा एप्पलले आइफोन, आइप्याड, एप्पल वाच एवं म्याकमा प्रयोग गर्न यो वर्ष ७० वटा नयाँ इमोजी उपलब्ध गराउने घोषणा गरेको छ ।

केवल एक प्रश्न

# विश्वकप फुटबल-२०१८ को परिणाम कस्तो लाग्यो ?



समग्रमा भन्नुपर्दा परिणाम ठीकै लाग्यो । विश्वकप फुटबलको फाइनल निकै राम्रो थियो । उक्त खेल हेर्ने क्रममा एकछिन पनि टेलिभिजनबाट आँखा हटाउन सकिएन ।

**दीपाश्री निरौला, अभिनेत्री**

आफूले समर्थन गरेको ब्राजिल बाहिरिँदा त दुःख लागेको थियो, पछि क्रोएसियाको खेलले मन जित्यो, दाबेदारमध्येको टिम फ्रान्सले विश्वकप जित्यो । समग्रमा भन्नुपर्दा यसपटकको विश्वकप अत्यन्तै रोचक रह्यो ।

**रमेशराज भट्टराई, गायक**

यसपटकको विश्वकप फुटबलमा अनपेक्षित परिणाम आयो, नाम चलेका टिम बाहिरिए, नाम नचलेकाले फड्को मारे ।

**धीरज राई, गायक**

धेरैको सोचभन्दा फरक नतिजा आयो, तर मलाई फ्रान्सको पहिलो खेल हेरेदेखि नै उसैले जित्छ जस्तो लागेको थियो ।

**राजु ढकाल, गायक**

मैले समर्थन गरेको टिम फ्रान्सले विश्वकप जितेकोमा खुसी छु । मलाई फ्रान्सको धैर्य, संयम, आत्मविश्वास तथा टिमवर्क एकदमै मन पर्‍यो ।

**अनिता चलाउने, गायिका**

मैले यसपटक पहिलोचोटि विश्वकप फुटबल हेरेको हुँ । यसैपटकदेखि अलि-अलि फुटबल बुझ्न पनि थालें । मैले विश्वकपका प्रायः सबै खेल हेरेँ । क्रोएसियाले जित्छ जस्तो लागेको थियो । वास्तवमा क्रोएसियाको खेल असाध्यै राम्रो थियो, तर फ्रान्स भाग्यले विजेता बन्न पुग्यो ।

**शिल्पा पोखरेल, अभिनेत्री**

मैले सुरुदेखि अन्त्यसम्मका प्रायः सबै खेल हेरेँ, जसमध्ये मलाई फ्रान्सको खेल एकदमै मन पर्‍यो । मैले फ्रान्स र बेल्जियममध्ये एउटा टिम फाइनलमा जान्छ भनेको थिएँ आखिर फ्रान्स फाइनलमा पुग्यो र विश्वकप विजेतासमेत भयो, त्यसैले म यसपटकको विश्वकप फुटबलको परिणामबाट एकदमै खुसी छु ।

**बद्री पंगेनी, गायक**

ब्राजिल, अर्जेन्टिना, जर्मनी, पोर्चुगलजस्ता टिम एकपछि अर्को गर्दै बाहिरिएपछि नेपालमा विश्वकपको रौनक अलिक कम भएजस्तो लाग्यो, तर फ्रान्स पनि राम्रो टिम हो । उसले पहिले पनि विश्वकप जितेको हो, लगभग २० वर्षपछि फेरि जित्यो । त्यसैले मलाई यसपटकको विश्वकप फुटबलको परिणाम ठीकै लाग्यो ।

**वसन्त निरौला, निर्देशक**

विश्वकप सुरु हुनुभन्दा अघिका दाबेदार टिमहरूलाई पाखा लगाउँदै अनपेक्षित नतिजा आए पनि समग्रमा अहिलेसम्म हेरेका विश्वकपमध्ये रोचक अनि अनप्रेडिक्टेवल विश्वकप यही नै रह्यो ।

**भरत सिटौला, गायक**

क्रोएसियाले जितेको भए म धेरै खुसी हुने थिएँ, किनभने यो विश्वकपमा नयाँ टिमले कप जितेको हेर्न मन थियो ।

**ध्रुव बिस्को, गायक**

फ्रान्सले जित्नै पर्थ्यो, उसैले जित्यो, त्यसैले खुसी छु ।

**आशिफ शाह, निर्देशक**

एकदमै राम्रो लाग्यो । फ्रान्स डिजर्भिङ थियो त्यसैले जित्यो । एम्बाप्पे, ग्रिजम्यान, पोग्बाजस्ता चम्किला स्टारहरूले आफ्नो खेल कौशल देखाए । एम्बाप्पेका लागि पेलेले ट्वीट गरे भन्ने सुनेको थिएँ । क्रोएसियाले पनि फाइनलको यात्रा तय गर्नु निकै ठूलो उपलब्धि हो । क्रोएसियाप्रति मलाई सहानुभूति छ, किनभने क्रोएसिया पनि नेपाल जस्तै सानो तर दुःखबाट गुज्रिएको देश हो ।

**आस्था राउत, गायिका**

यसपटकको विश्वकपमा नचिताएको कुरा धेरै भयो, तैपनि उत्कृष्ट टिम नै फाइनलमा पुगे, परिणाम पनि मैले अनुमान गरेको जस्तै आयो ।

**देविका बन्दना, गायिका**

विश्वकप फुटबलको परिणाम निकै राम्रो छ । यो विश्वकपले खेल राम्रो भएर मात्र हुँदैन, भाग्यले पनि साथ दिनुपर्छ भन्ने सन्देश दिएर गयो ।

**अर्जुन पोखरेल, संगीतकार**

मैले पहिले बेल्जियमले ि जत्ला भन्ने अनुमान गरेको थिएँ, पछि फ्रान्स र क्रोएसिया फाइनलमा पुगेपछि क्रोएसियाले जित्छ भन्ने लागेको थियो, तर फ्रान्सले जित्यो ।

**वसन्त सापकोटा, संगीतकार**

म फुटबलको त्यस्तो क्रेजी फ्यान त होइन, तैपनि मलाई चाहिँ फ्रान्सले जितोस् भन्ने लागेको थियो आखिर त्यस्तै भयो, त्यसैले खुसी छु म ।

**दीपिका प्रसाई, अभिनेत्री**

समग्रमा विश्वकप फुटबलको नतिजा राम्रो आएको छ । युवा खेलाडीले भरिपूर्ण फ्रान्स २० वर्ष पछि फेरि विश्व विजेता बन्न सफल भएको छ ।

**दीपक घिमिरे, मोडल**

नाम चलेका र राम्रा मानिएका देशहरू अन्तिम १६ अनि अन्तिम ८ बाट बाहिरिएपछि कम चर्चामा रहेका धेरै राम्रा टिमको खेल यसपालि हेर्न पाइयो । तैपनि अन्तोगत्वा राम्रै टिम अन्तिम चरणमा पुगे र





विजयी भए । समग्रमा भन्नुपर्दा यसपालिको विश्वकप फुटबलमा आएको परिणाम सुरुवाती पूर्वाअनुमान भन्दा फरक भए पनि सन्तोषजनक छ ।

**डिपी खनाल, गीतकार**

यसपालिको विश्वकप फुटबलको नतिजा आश्चर्यजनक लाग्यो । बलियो दाबेदारका रूपमा पूर्वानुमान गरिएका टिमहरू छिट्टै घर फर्किए । क्रोएसियाले धेरै राम्रो खेल प्रदर्शन गर्‍यो । २२ वर्षअघि फिफा वरियतामा नेपालसँगै रहेको देशले विश्वकपको फाइनल खेल्यो । त्यसैले हामी सबैका लागि क्रोएसिया प्रेरणाको स्रोत भएको छ ।

**धीरज तण्डुकार, इभेन्ट म्यानेजर**

समग्रमा विश्वकपको परिणाम सन्तोषजनक नै छ । म सुरुमा अर्जेन्टिनाको समर्थनमा थिएँ । अर्जेन्टिना बाहिरिएपछि नयाँ देशको खेल हेर्ने नयाँ खेलाडी चिन्ने मौका मिल्यो । फाइनलमा क्रोएसियाले जितोस् भन्ने चाहना थियो, तर फ्रान्सको टिमवर्क र लय असाध्यै राम्रो भएको अनि खेलाडी पनि उत्कृष्ट भएकाले फ्रान्स च्याम्पियन भएकोमा दुःख लागेको छैन ।

**याम क्षेत्री, गायक**

प्रस्तुति : महेश तिमल्सिना


## कोशिश गरौं : रोजगारी सम्भव छ !!!

४० वर्षको तालीम अनुभव
४०,००० प्रशिक्षार्थीलाई तालीम
८० प्रतिशत पशिक्षार्थीलाई रोजगारी दिन सफल
CTEVT बाट सम्वन्धन प्राप्त

युसेप नेपाल (UCEP Nepal) द्वारा संचालित सानो ठिमी प्राविधिक शिक्षालयमा भाद्र सत्रको लागि सहुलियत शुल्कमा निम्न रोजगारीमूलक तालीममा भर्ना खुलेको सूचना ।

| क्र.सं. | तालीम | अवधि |
|---|---|---|
| १. | लाईट भेहिकल मेकानिक | १२ महिना |
| २. | लाईट भेहिकल सर्भिस मेकानिक | ६ महिना |
| ३. | मोटरसाईकल सर्भिस मेकानिक | ६ महिना |
| ४. | लेथ सेटर अपरेटर | १२ महिना |
| ५. | स्ट्रक्चरल फेब्रिकेटर | ६ महिना |
| ६. | आर्क वेल्डर/जुनियरवेल्डर TIG/MIG | ६ महिना |
| ७. | अफसेट प्रेस अपरेटर | ३/६ महिना |
| ८. | मेटल इचिङ/बुक वाइन्डिङ्ग | ३ महिना |
| ९. | प्रिन्टिङ प्रेस टेक्निसियन | १२ महिना |
| १०. | जुनियर प्लम्बर | ६ महिना |
| ११. | विल्डिङ्ग ईलेक्ट्रिसियन/मोटर रिवाइन्डिङ्ग | ६ महिना |
| १२. | कम्प्युटर हार्डवेयर टेक्निसियन | ४ महिना |
| १३. | मोवाईल फोन रिपेयर टेक्निसियन | ४ महिना |
| १४. | टेलरिङ्ग | ६ महिना |
| १५. | हेभी इक्विपमेन्ट मेकानिक | ४ महिना |
| १६. | ब्याक्हो लोडर/एक्साभेटर अपरेटर | १ महिना |
| १७. | हलुका सवारी चालक | १ महिना |

कक्षा संचालन हुने मिति : २०७५ भाद्र १ गते ।
प्रशिक्षार्थीहरुको आवश्यकता अनुसार सहुलियत दरमा छात्रावासको समेत व्यवस्था छ ।

सानो ठिमी प्राविधिक शिक्षालय
(Sano Thimi Technical School)
सानोठिमी, भक्तपुर
फोन नं. : ०१-६६३१२७९, ०१-६६३०३८८
www.ucep.org.np

संगीत

# काठमाडौंका सडकमा भोकभोकै रात बिताएँ

राजाराम पौडेल

अन्डरग्राउन्ड र्‍याप गीत गाएर उदाएका समीर घिसिङ अर्थात् भीटेनको व्यस्तता बढ्दै गएको छ । उनका र्‍याप गीतमा नेपाली भाषाकै प्रयोग बढी हुन्छ । नेपालीपन झल्कने यस्ता गीत युवा दर्शक-श्रोताहरूले मन पराएका छन् । उनले सन् २०१५ मा 'गरिब' गीत रेकर्ड गराए । यो नै उनको रेकर्डेड डेब्यु गीत थियो । एल्बम ननिकाले पनि उनका विभिन्न गीत युट्युबमा उपलब्ध हुन्छन्, जसमा मान्छे खत्तम, लाहुरेको फेसन, खलासी, चुरोट, तातो न छारो, बहिनी, सिमसिमे पानी, हालखबर, अन्तिम चाहना, हिम्मत, इन्ट्रो आदि प्रमुख छन् ।

अहिलेसम्म गीत सुन्थे । अब गीत हेर्छन् । अब गीत किन्नु पनि पर्दैन, युट्युबमार्फत हेर्न सकिन्छ, तैपनि एल्बम बजारमा ल्याउँछु, भीटेनले भने । यद्यपि त्यसका लागि केही महिना कुर्नुपर्नेछ । उनी आफैं गीत सिर्जना गर्छन् । संगीत सयोजनमा भने अरूको साथ लिन्छन् । पेमा मानसिङ तामाङ, सुरज थपलिया हाइप, लुगेन विट्सले उनका गीतमा संगीत संयोजन गरेका छन् । कुनै कुराले मन बिझायो भने उनी गीत सिर्जना गर्छन्, त्यो पनि प्रायः एकान्तमा ।

अहिले उनका थुप्रै फ्यान भैसकेका छन् । लेडिज फ्यानले प्रपोज पनि गर्छन । प्रपोज त अति नै आउँछ, तर प्रपोजलाई एसेप्ट गरेर लभमा छिर्छु भन्ने छैन' उनले भने । जीवन बिताउने खालकी केटी साथी नभएको र विवाहका बारेमा नसोचेको लजालु स्वभावका घिसिङले बताए ।

भीटेन कार्यक्रमको सिलसिलामा दुबई, अस्ट्रेलिया, कोरिया, जापान, बेलायत आदि देशमा पुगिसकेका छन् भने नेपालका काठमाडौं, पोखरा, चितवन, हेटौडा, बुटवल, धरान आदि ठाउँमा प्रस्तुति दिएर दर्शकको माया बटुलिसकेका छन् । उनी प्रायःजसो कार्यक्रममा एक्लै पुग्छन् । नेपालका कार्यक्रममा १ लाख रुपैयाँसम्म पारिश्रमिक लिने गरेका छन् । भीडले माया व्यक्त गर्दा उनी उत्साहित हुन्छन् । जति टाढा जान्छु त्यति नै माया देखिन्छ, ज्याने दिन खोज्ने फ्यान भेटिन्छन्, उनले भने । बच्चादेखि युवा युवती अनि वृद्धवृद्धासम्मको साथ कन्सर्टमा उनले पाउँछन् । उनले विभिन्न ठाउँका कन्सर्टमा एउटै गीत दर्शकको आग्रहमा तीन पटकसम्म पनि सुनाउनुपरेको छ ।



र्‍याप भनेको कच्चा शब्द र केही अश्लिल पनि हुन सक्छ, प्रायःगरी बोलिरहेजस्तो, झर्किएजस्तो । र्‍याप जस्तो पनि हुन सक्छ । बुझ्न खोज्नुपर्‍यो । सकारात्मक सोच राखेर हेर्ने-सुन्ने बानी बसाल्नुपर्‍यो अनि मात्र नेपाली र्‍यापलाई अन्तर्राष्ट्रिय स्तरसम्म पुर्‍याउन सकिन्छ, भीटेन भन्छन् ।

उनको व्यस्तता बढ्न थालेको डेढ वर्ष मात्र भयो । समीर घिसिङ सबैका भावनालाई गीतमार्फत समेट्ने प्रयास गर्छन् । उनले रमाइला, हाँस्ने, नाच्ने, दुःख, सुख सबै प्रकारका गीत गाएका छन् । आगामी दिनमा पनि यस्तै गीत गाइरहने उनको योजना छ ।

उनी २१ वर्षअघि रौतहटको चन्द्रनिगाहपुरमा जन्मिएका हुन् । बुबा कपिल लामा र ममी हेम लामाको पहिलो सन्तानका रूपमा जन्मिएका घिसिङका दुई बहिनी छन् । बाल्यकालमा उनी अलि मोटा थिए अनि केही लोसे पनि । सबैले उनलाई मोटे भनेर जिस्काउथे । पछि पढाइको सिलसिलामा होस्टल बस्न थाले अनि फुटबल खेल्थे । त्यसपछि उनको मोटोपन कम भयो । त्यतिबेलै उनले गीत गाउने अनि र्‍याप हान्ने काम सुरु गरे । बिस्तारै त्यही अनुसारका साथी फेला पारे । उनको घरमा उफर थियो, हेडफोनको माइकलाई उफरमा जोडेर गीत गाउँथे उनी । भ्वाइस रफ आए पनि त्यसमै गीत सुनाउँदै उनले आफ्नो प्रतिभा बाहिर ल्याए । घिसिङ साथीहरूसँग र्‍याप ब्याटल पनि गर्थे । उनी नेपाली र्‍यापलाई अन्तराष्ट्रिय स्तरमा पुर्‍याउनुपर्छ भन्ने सोचका साथ अगाडि बढे ।

एसएलसी उत्तीर्ण गरेपश्चात उनी काठमाडौं हान्निए । पढ्नका लागि काठमाडौं आएका भीटेनलाई गीतसंगीतको नसाले तानिहाल्यो, तर उनी खासमा काकाको घरमा बस्ने कलेज पढ्ने अनि फुर्सदमा काकालाई व्यवसायमा सघाउने गरी काठमाडौं आएका थिए । काम सकेर उनी गीत रेकडिङ गर्न जान्थे । गीत रेकर्ड गर्दा राती अबेर हुन्थ्यो । डेरामा पुग्दा काकाले ढोका खोल्दिएनन्, गाली गरे अनि उनले सडकमै रात बिताए । यस्तो पटक-पटक भयो, तर त्यसमा उनलाई दुःख लाग्दैनथ्यो । आनन्द लाग्थ्यो । किनभने उनी त्यो दिन गीत रेकर्ड गरेर आएका हुन्थे । साथीको घरमा स्टुडियो भएकाले रेकडिङ गर्न पैसा खर्च गर्नु पर्दैनथ्यो । त्यसले केही सहजता भने थियो ।

उनले जीवनमा सुःख भन्दा दुःख धेरै देखेका छन् । उनीसँग पैसा हुँदैनथ्यो, साथीहरूले गाडी भाडा भनेर पैसा दिन्थे, तर त्यो पैसा उनी चुरोट खाएर सक्थे अनि धुमबाराहीदेखि ह्वाइट गुम्बासम्म पैदले हिँड्थे । उनलाई पढ्न समेत झयाउ लाग्थ्यो, त्यसैले पढ्न छोडे । पछि पश्चाताप भयो अनि केहि वर्षको ग्यापपश्चात् फेरि कलेज ज्वाइन गरे । हाल उनी व्यस्थापन संकायमा स्नातक तह अध्ययनरत छन् । भी-टेनलेपहिलोपल्ट गीतबाट कमाएको रकम ५ हजार थियो । बुटबलमा कार्यक्रम आयोजना गरी २५ हजार दिने गरी उनलाई बोलाइयो, तर पछि ५ हजार मात्र दिएर पठाइयो', उनले भने ।

भीटेन अहिले थान्का पेन्टिङको व्यवसायसमेत गर्छन् । त्यहाँबाट सामान्य खर्च धान्न सहज भएको छ । उनको आमालाई माइग्रेनको समस्या छ भने बुबा मजदुरी गर्छन् । दुई बहिनी पढ्दैछन् । अहिले अलि अलि घर खर्च पठाउन सक्ने भएको छु, - घिसिङले बताए ।

मेहनत गरेर नयाँ-नयाँ गीत ल्याउने तयारी गरिरहेका भीटेनले भारतीय र्‍यापरसँग मिलेर गीत तयार पार्ने योजनासमेत बनाएका छन् । यसबाट बिस्तारै नेपाली र्‍यापलाई अन्तर्राष्ट्रिय स्तरमा पुर्‍याउन मद्दत मिल्ने उनको बुझाइ छ ।

म्युजिक अपडेट

## रोयल्टीमा नयाँ

सामुदायिक रेडियो प्रसारक संघ, ब्रोडकास्टिङ एसोसिएसन अफ नेपाल तथा संगीत रोयल्टी संकलन समाजबीच रोयल्टीका विषयमा भएको सम्झौताका सम्बन्धमा जानकारी दिन सञ्चार मन्त्रालयमा आयोजित पत्रकार सम्मेलनमा सञ्चार मन्त्री गोकुल बासकोटाले गीत संगीतबाट प्रयोगकर्ताले आनन्द लिने तर स्रष्टा सर्जक भोकै मर्ने अवस्थाको अन्त्य हुनुपर्ने बताएका छन् । संगीत रोयल्टी संकलन समाज नेपाल, प्रस्तोता समाज नेपाल, संगीत उत्पादक समाज नेपाल, सामुदायिक रेडियो प्रसारक संघ तथा ब्रोडकास्टिङ एसोसिएसन अफ नेपालबीच भएको सहमतिअनुसार सामुदायिक रेडियो प्रसारक संघमा आबद्ध सबै रेडियो तथा ब्रोडकास्टिङ एसोसिएसन नेपालसँग आबद्ध रेडियोहरूले प्रसारण क्षमता 'वाट' अनुसार गीत संगीतको सार्वजनिक प्रयोगबापत वार्षिक २५ सय रुपैयाँदेखि १२ हजार रुपैयाँसम्म रोयल्टी तिर्नेछन् ।

## नगरकोट दोहोरी उत्कृष्ट

काठमाडौंमा सम्पन्न राष्ट्रिय खुला लोकदोहोरी प्रतियोगिता-२०७५ मा नगरकोट दोहोरी साँझ उत्कृष्ट हुँदै नगद १ लाख रुपैयाँ प्राप्त गर्न सफल भएको छ । उक्त अवसरमा गामवेशी दोहोरी साँझले दोस्रो तथा रोल्पना प्रतिष्ठानले तेस्रो स्थान हासिल गरे । प्रतियोगितामा देशभरिबाट १७ वटा दोहोरी समूहले भाग लिएका थिए । सांस्कृतिक संस्थान एवं राष्ट्रिय लोक तथा दोहोरी गीत प्रतिष्ठान नेपालको संयुक्त आयोजनामा सम्पन्न उक्त प्रतियोगिता तीन दिन चलेको थियो ।



## पशुपतिका चार रूप

राष्ट्रिय सभा सदस्य तथा गायिका कोमल वली तीज विशेष गीत लिएर दर्शक तथा श्रोतामाझ आएकी छिन् । गायिका वलीको यसपटकको तीज गीत भ्रष्टाचारविरुद्ध केन्द्रित छ । गायक पशुपति शर्माको समेत स्वर सुन्न सकिने माननीयज्यू शीर्षकको उक्त गीतमा शर्माकै शब्द तथा संगीत छ । भिडियोमा गायक शर्माले विभिन्न चार वटा चरित्र निर्वाह गरेका छन् । दुर्गा पौडेलको निर्देशनको उक्त भिडियोलाई पवित्रा आचार्यले कोरियोग्राफी गरेकी हुन् ।

## ध्रुवको देउडा

गायक ध्रुव विश्वको तथा गायिका मीना थापाले सुदूर पश्चिमको मौलिक भाका देउडा गीतको म्युजिक भिडियो सार्वजनिक गरेका छन् । डिट पडिजाउ...शीर्षकको उक्त भिडियोमा अभिनेता पुष्प खड्का तथा सुस्मित घिसिङको अभिनय छ ।

## प्रियंकासँग कार्टुन्ज क्रू

दिनेश थपलियाको शब्द तथा वसन्त सापकोटाको संगीत निर्देशनमा गायक सरोज ओली तथा गायिका स्मिता दाहालको युगल गीत पानी कुवाको...को म्युजिक भिडियो सार्वजनिक भएको छ । कविराज गहतराजद्वारा निर्देशित उक्त भिडियोमा अभिनेत्री प्रियंका कार्कीका साथमा क्राटुन्ज क्रूका सरोज अधिकारी तथा आश्मा विश्वकर्माले आकर्षक नृत्य गरेका छन् ।

## रहिनन् वीणा

स्वर्गीय संगीतकार अम्बर गुरुङकी पत्नी वीणा गुरुङको गत आइतबार बेलुकी ग्रान्डी अस्पतालमा निधन भएको छ । वीणाको सोमबार पशुपतिमा अन्त्येष्टि गरिने पारिवारिक सूत्रले जनाएको छ । वि.सं. २०११ सालमा अम्बर गुरुङसँग उनको विवाह भएको थियो । राष्ट्रिय गानका संगीतकार अम्बर गुरुङको २०७३ जेठमा निधन भएको थियो । गुरुङका तीन छोरा तथा एक छोरी छन् ।

## फिल्मी डायरी



शाही पहिरनमा नृत्य : चलचित्र सुश्री सम्पत्तिको 'हुकुम...' गीतको छायांकनका क्रममा अभिनेत्री सारा शिर्पाइलीसंग अभिनेताद्वय बिनोद न्यौपाने तथा सलोन बस्नेत ।

### लागू भयो बक्सअफिस

नेपाली चलचित्र क्षेत्रमा लामो समयदेखि प्रतीक्षा भैरहेको बक्सअफिस प्रणाली साउन १ गतेदेखि उपत्यकामा लागू भएको छ । चलचित्र विकास बोर्डले दिएको जानकारीअनुसार उपत्यकाका २० वटा सिनेमा हलमा बक्सअफिस सिस्टम जडान भैसकेको छ । वैशाख १ गतेदेखि नै काठमाडौंमा बक्सअफिस लागू हुने बोर्डले घोषणा गरे पनि त्यसको कार्यान्वयन हुन सकेको थिएन ।

### अमेरिकामा फेस्टिभल

अमेरिकाको लस एन्जलसमा अक्टोबर २५ देखि २७ सम्म सञ्चालन हुने वर्ल्ड फिल्म फेस्टिभलमा नेपाली संस्कृति झल्कने फिचर फिल्म, सर्ट फिल्म तथा खास कथामा निर्मित डकुमेन्ट्रीलाई प्राथमिकता दिइने फेस्टिभलका अमेरिकास्थित नेपाली चलचित्र संयोजक सुनील रावलले बताए । फेस्टिभलमा सहभागिताका लागि अक्टोबर १५ सम्म सम्बन्धित निर्माताहरूले आफ्ना सामग्री बुझाइसक्नु पर्ने कुरा बताइएको छ ।

### कायराको प्रमोशन

अभिनेता आर्यन सिग्देल तथा साम्राज्ञी राज्यलक्ष्मी शाह अभिनित चलचित्र कायराको प्रमोशन प्रारम्भ भएको छ । चलचित्रका निर्देशक लक्ष्मण रिजालका अनुसार चलचित्रको गीत तथा ट्रेलर सार्वजनिक भैसकेको छ । साउन १८ गतेदेखि प्रदर्शनमा आउने यो चलचित्रको प्रमोशनल टुर काठमाडौं, पोखरा, बुटवल, नेपालगन्ज, नारायणगढ, धरान हुँदै पुन काठमाडौंमा आएर टुंगिनेछ । निर्माण टिम कायराको प्रमोशन एकदमै फरक हिसावले गर्ने तयारीमा रहेको बताइएको छ ।

### धमाधम छक्का पञ्जा-३

आउँदो दसैंमा प्रदर्शन गर्ने तयारीका साथ चलचित्र छक्का पञ्जाको तेस्रो सिक्वेलको छायांकन धमाधम भैरहेको छ । चलचित्रका लागि गत साता लोकलयमा आधारित एउटा गीत को छायांकन सम्पन्न गरिएको छ । एक दर्जन कलाकार नाचेको उक्त गीतको छायांकनका लागि एक साता लागेको निर्देशक दीपाश्री निरौलाले बताएकी छिन् । निरौलाका अनुसार अब केही दृश्यको छायांकनपछि यो चलचित्र सम्पादनमा जानेछ ।

### रोमियो एन्ड मुनाको प्रचार

चलचित्र रोमियो एन्ड मुनाको प्रचार-प्रसारका लागि विनय श्रेष्ठ तथा सृष्टि श्रेष्ठसँगै निर्देशक नरेशकुमार केसी एवं निर्माता प्रसन्न गोपालीसहितको टोली चन्द्रागिरि पुगेको छ । उनीहरूले त्यहाँ उपस्थित पर्यटकहरूसँग चलचित्रका बारेमा अन्तर्क्रिया गरेका थिए ।

### अमेरिकी एवार्डमा नेपाली वृत्तचित्र

हलिउडका नेपाली निर्देशक, कलाकार एवं चलचित्र निर्माता जसवन्तदेव श्रेष्ठ अमेरिकी टेलिभिजनको सबैभन्दा ठूलो मानिने एमी एवार्डको दुईवटा विधामा मनोनीत भएका छन् । श्रेष्ठले निर्माण एवं निर्देशन गरेको वृत्तचित्र कुकुर तिहार उत्कृष्ट निर्देशन तथा उत्कृष्ट न्यारेटरसहितको दुई विधामा मनोनयनमा परेको हो ।

### चौं मुसी चौं देश दौडाहामा

साउन ११ गतेदेखि प्रदर्शनमा आउने चलचित्र चौं मुसी चौंले आफ्नो प्रमोशनल यात्रालाइ तीव्र पारेको छ । चलचित्र टिमले गत आइतबार बुटवलमा एउटा कन्सर्ट प्रस्तुत गऱ्यो । निर्माण टिम पूर्वी नेपालका केही सहरमा कन्सर्ट गरेर पश्चिमतर्फ लागेको हो । बिर्तामोड, धरान, लालबन्दी, हरिवन, हेटौंडा, नारायणगढ, बुटवल तथा भैरहवामा रोड शो गर्दै चलचित्रले पोखरा, दमौली हुँदै काठमाडौंमा समेत कन्सर्ट दिने बताइएको छ ।

## ट्रेलर/पोस्टर/गीत

### झमकबहादुरको ट्रेलर

अभिनेता अनुप विक्रम शाही अभिनित चलचित्र झमक बहादुरको ट्रेलर सार्वजनिक भएको छ । उक्त ट्रेलर पैसा र सुनका लागि हुने तनाव तथा द्वन्द्वमा केन्द्रित छ । यो चलचित्रमा अभिनेता शाहीले कान नसुन्ने युवकको भूमिका निर्वाह गरेका छन् । अनुप विक्रम शाही, यादव देवकोटा, राजु कमेडी, मीनकुमार तामाङ, कल्याण अधिकारी, सुजाता थापा आदि कलाकारले अभिनय गरेको चलचित्र झमकबहादुर साउन १८ गते प्रदर्शनमा आउँदैछ ।

### मालिकाको गीत

लक्ष्मी पूजाको दिन प्रदर्शनमा आउने चलचित्र मालिकाको गीत सार्वजनिक भएको छ । सुरेश अधिकारीको संगीत तथा नर कार्कीको शब्दको उक्त गीतमा अन्जु पन्तको स्वर सुन्न सकिन्छ जसमा रामजी लामिछानेको कोरियोग्राफीमा रेखा थापाले आकर्षक नृत्य गरेकी छिन् ।

### साली कसको भेनाको

भदौ २९ गते प्रदर्शनमा आउने चलचित्र साली कसको भेनाकोको रोमान्टिक गीत सार्वजनिक भएको छ । सुरजसिंह ठकुरीको शब्द तथा संगीतको उक्त गीतमा संगीतकार ठकुरी एवं आकांक्षा बस्यालको स्वर सुन्न सकिन्छ । गम्भीर विष्टले कोरियोग्राफी गरेको उक्त भिडियोमा अभिनेत्री मरिष्का पोखरेल तथा नव-नायक देव सागर देखिन्छन् ।

### बाँध मायालेको टिजर

आर्यन अधिकारी तथा श्रृष्टि श्रेष्ठ अभिनित चलचित्र बाँध मायालेको टिजर सार्वजनिक भएको छ, जसमा यी दुई कलाकारको प्रेम, रोमान्स एवं द्वन्द्व देखाइएको छ । सबिर श्रेष्ठद्वारा निर्देशित




लभस्टोरी चलचित्र बाँध मायाले असोज ५ गते प्रदर्शनमा आउँदैछ ।

### टिनएजको गीत


साउन २५ गते प्रदर्शनमा आउने चलचित्र टिनएजको मेरी छोरी गीत सार्वजनिक भएको छ । माता-पिताले छोरीलाई गर्ने प्रेममा आधारित उक्त गीतमा राजेशपायल राई, टीका प्रसाईं तथा दर्शना महर्जनको स्वर एवं विकास चौधरीको संगीत सुन्न सकिन्छ ।

### पिरिम पऱ्या छकी ट्रेलर

दिलीप रायमाझी, जयकिसन बस्नेत, सोभित बस्नेत आदि अभिनित चलचित्र पिरिम पऱ्या छकी अफिसियल ट्रेलर सार्वजनिक भएको छ । यो चलचित्र साउन २५ गते प्रदर्शनमा आउँदैछ ।





बलिउड



# रणवीर र आलियाको जोडी

पद्मावतपछि रणवीर सिंह कुनै पनि चलचित्रमा देखिएका छैनन् । उता अभिनेत्री आलिया भट्ट पनि राजीपछि कुनै चलचित्रमा देखिएकी छैनन् । बलिउडका यी लोकप्रिय कलाकारलाई लिएर सञ्जयलीला भन्सालीले नयाँ चलचित्र निर्माण गर्ने भएका छन् । बलिउड सूत्रका अनुसार भन्सालीले आफ्नो नयाँ चलचित्रको पटकथामा निकै मेहनत गरेका छन् । भन्साली निकट स्रोत भन्छ– उहाँ बाध्यताले केही मिनेट बाहिर निस्किए पनि पूरै समय बन्द कोठामा बसेर चलचित्रको गृहकार्य गरिरहनु भएको छ । भन्सालीले बनाउने भनिएको चलचित्रको शीर्षक गली ब्वाइज हो । यद्यपि यो चलचित्र कुन विषयमा केन्द्रित हुनेछ भन्ने कुराको भने कुनै संकेत दिइएको छैन ।



# सञ्जु चलेपछि

हाल प्रदर्शन भैरहेको चलचित्र सञ्जु सञ्जय दत्तको जीवनमा आधारित छ । उक्त चलचित्रमा रणवीर कपुरले सञ्जय दत्तको भूमिका निर्वाह गरेका छन् । यी दुई अभिनेता २०२० मा एकसाथ एउटा प्रोजेक्टमा देखिने पक्का भएको छ । यशराज फिल्म्सले यी दुई कलाकारलाई लिएर चलचित्र 'शमशेरा' दर्ता गरेको छ, जसलाई आदित्य चोपडाले निर्माण गर्दैछन् । उक्त चलचित्र २०२० को ३१ जुलाईमा प्रदर्शन हुने स्रोतले जनाएको छ । २०१९ को मध्यतिर छायांकनमा जाने यो चलचित्रमा रणवीरले लुटेराको भूमिका निर्वाह गर्ने बताइन्छ । करण मल्होत्राले निर्देशन गर्ने चलचित्र शमशेरा अहिलेदेखि नै प्रतीक्षित चलचित्र भैसकेको छ ।

# चाणक्य अजय



अभिनेता अजय देवगन चाणक्य बन्ने भएका छन् । अनिल अम्बानीको रिलायन्स इन्टरटेनमेन्ट तथा फ्राइडे फिल्म्सवर्क्सको कम्पनी प्लान सी स्टुडियोजले चलचित्र चाणक्यका लागि अभिनेता अजय देवगनलाई अनुबन्धित गरेको हो । चलचित्र चाणक्यलाई निरज पाण्डेले निर्देशन गर्ने भएका छन् । यसअघि उनले महेन्द्र सिंह धोनीको बायोपिक चलचित्र एमएस धोनीको निर्देशन गरेका थिए । राजनीतिक रणनीतिकार तथा अर्थशास्त्री चाणक्यको जीवन तथा शिक्षामा आधारित रहने उक्त चलचित्रका मुख्य पात्र अजयले अनुबन्धित भएसँगै भनेका छन्, 'म चाणक्यको भूमिका निर्वाह गर्न उत्साहित छु । नीरज चाणक्यको कथालाई इमान्दारीपूर्वक देखाउन चुक्नेछैनन् ।'

## बलिउड हेडलाइन्स

- अभिनेत्री काजल अग्रवाल अभिनीत चलचित्र हेलिकप्टर एलाको पोस्टर सार्वजनिक भएको छ ।
- अभिनेता अजय देवगनले एक चर्चित खेलाडीको जीवन कथामा आधारित चलचित्रमा अभिनय गर्ने निश्चित भएको छ ।
- अभिनेत्री प्रियंका चोपडाले पहिलो पटक प्रेमी निकसँग १८ जुलाईमा आफ्नो जन्मदिन मनाउने भएकी छिन् ।
- जाह्नवी कपुरको डेब्यु चलचित्रको स्पेशल शो हेरेपछि बलिउडका कलाकारहरूले सकारात्मक प्रतिक्रिया दिएका छन् ।
- हाल उपचाररत बलिउड अभिनेता इरफान खानले ट्विट गर्दै आफू बिस्तारै निको हुँदै गएको बताएका छन् ।
- भारतीय क्रिकेटर मोहम्मद शमीकी विवादास्पद पत्नी हसीन पनि चलचित्रमा आउने भएकी छिन्, यद्यपि उनले अभिनय गर्ने चलचित्रको नाम भने बताएको छैन ।
- शाहिद कपुर तथा श्रद्धा कपुर अभिनीत चलचित्र बत्ती गुल मिटर चालू लामो समयपछि पुनः छायांकनमा गएको छ ।



# ३५ भइन् कट्रिना

बलिउडकी सुन्दर अभिनेत्री कट्रिना कैफ ३५ औं वर्षमा प्रवेश गरेकी छिन् । यसपटकको जन्मदिनमा उनी इंल्यान्डमा थिइन् । १६ जुलाईमा जन्मदिन भए पनि काम विशेषले लन्डन पुगेकी हुन् उनी । कट्रिना भनेकी छिन्, 'जन्मदिन सेलिब्रेसन गर्ने मन थियो, बाहिर भएकाले सम्भव भएन, तर सुभकामना दिनुहुने सबैमा धेरै-धेरै धन्यवाद ।' हाल शाहरूख खानको चलचित्र जिरोको छायांकनमा व्यस्त कैटरिना १९८३ मा जन्मिएकी हुन् । कट्रिना बेलायती नागरिक हुन्, जो भारतमा इम्प्लोयमेन्ट भिषामा काम गरिरहेकी छिन् । ५ फिट ८ इन्च अग्ली कट्रिनाले दुई दर्जनभन्दा बढी चलचित्रमा अभिनय गरिसकेकी छिन् । आधा दर्जनभन्दा बढी प्रतिष्ठित एवार्ड हात पारिसकेकी कट्रिना शाहरूख खानको चलचित्र जिरोलगत्तै अन्य केही चलचित्रमा व्यस्त हुनेछिन् ।



KANTIPUR PUBLICATIONS PVT. LTD.
KMG
कान्तिपुर
को
स्वर्णपुर
2
बम्पर उपहार १ किलो सुन
हरेक महिना १० तोला सुन
हरेक साता १ किलो चाँदी
जित्नुहोस् १ किलो सुन
अनि स्क्र्याच गरी जित्नुहोस् लाखौंका उपहारहरू
Skyworth
ल्यापटप
एल.इ.डी टि.भी.
स्मार्ट फोन
वाटर प्युरिफायर
इमर्जेन्सी लाइट
ब्लुटुथ स्पिकर
पावर बैंक
घडी
रू २०० देखि २५०० सम्मको नगद छूट
गिफ्ट भौचर
ग्राहक अवधि बाँकी रहेकाहरूले पनि समय बढाएर यस योजनामा सहभागी हुन पाउनुहुनेछ ।
"जति छिटो ग्राहक बन्नुहुन्छ त्यति नै धेरै जित्ने मौका ।"
थप जानकारीका लागि
एन.टि.सि.: 16600122222, 9851216800
एनसेल: 9801572222, 9801016850
उपत्यका भित्र: 9841166784 (शिशिर), 9851098944 (राम कृष्ण)
उपत्यका बाहिर: 9856044140 (शंकर), 9856025885 (राजेश, पोखरा)
9851072403 (लक्ष्मण, नेपालगंज), 9852029233 (सन्तोष, विराटनगर)
SMS SUB to 38080
कान्तिपुर राष्ट्रिय दैनिक वा द काठमाडौं पोष्टको वार्षिक ग्राहक बन्नुहोस् र पाउनुहोस् हरेक महिना १० तोला सुन, हरेक साता १ किलो चाँदी लगायत लाखौंका उपहारहरू जित्ने मौका । एक जना भाग्यशाली विजेताले जित्नुहुनेछ बम्पर उपहार १ किलो सुन ।
आजै कान्तिपुर राष्ट्रिय दैनिक वा द काठमाडौं पोष्टको वार्षिक ग्राहक बन्नुहोस् ।

विकेन्ड पार्टी

# समर पुल पार्टी



तपाईं पुल पार्टीमा रमाउनुहुन्छ ? यदि त्यसो हो भने भोलि शनिबार समर आफ्टरनुन पुल पार्टी हुँदैछ, जहां तपाईं खुलेर नाच्न, गाउन तथा रमाउन सक्नुहुनेछ । साताभरिको थकान मेटाउँदै शरीरमा स्फूर्ति जगाउन यो पुल पार्टीले तपाईंलाई सहयोग पुर्‍याउन सक्छ ।

**कलाकार :** डिजे नीरज, डिजे मोक्तान, डिजे ओनियल, डिजे जिआरबी, डिजे हन्टर तथा हिपहप ऱ्यापर सरकार
**समय :** १२ बजेदेखि साँझ ८ बजेसम्म
**शुल्क :** ५ सय रुपैयाँ
स्थान : इन्टरनेसनल क्लब, सानेपा

विकेन्ड रेस्टुराँ



# डि पाइरेट्स रेस्टुरेन्ट एण्ड बार

वसन्तपुर दरबार स्क्वायरबाट दक्षिणतिर करिब ३ मिनेट हिंडेपछि पुगिन्छ– डी पाइरेट्स रेस्टुराँ एन्ड बार । यहाँको इन्टेरियर अन्यत्रको भन्दा फरक छ । भित्तामा विभिन्न कलाकृति कुँदिएका छन् । यो रेस्टुराँ निश्छल श्रेष्ठ, दिकेश शाही तथा महेश श्रेष्ठले मिलेर खोलेका हुन् । थाई, इन्डियन एवं नेपाली परिकारहरूका लागि चर्चित यो रेस्टुराँमा ककटेल, मकटेलजस्ता पेय पदार्थ पनि उपलब्ध छन् । निम्नमध्यम वर्गका उपभोक्ताहरूलाई लक्षित डी पाइरेट्समा मूल्य पनि खासै महँगो नभएको महेश श्रेष्ठले बताए । रेस्टुराँमा एकै पटक १ सय ५० जना बस्न सक्छन् । सामान्यतः खाजाका लागि ४ सय रुपैयाँ बोके पुग्छ । खानाका अतिरिक्त यहाँ जन्मदिन, एनिभर्सरी, पास्नीजस्ता कार्यक्रमहरू पनि आयोजित गर्न सकिन्छ । डी पाइरेट्समा होम डेलिभरीको समेत व्यवस्था छ ।

**स्पेशल परिकार :** पाइरेट पिता (मूल्य ३ सय ५०)
**खुल्ने समय :** बिहान ११ देखि राति १० बजेसम्म
**स्थान :** झोछें, वसन्तपुर दरबार स्क्वायरभित्र

विकेन्ड पार्टी

# सेनेट क्लबमा बेल्जियमका डिजे



विश्वकै राम्रा मध्येमा गनिने बेल्जियमका डिजेहरूले भोलि शनिबार ठमेलस्थित सेनेट क्लबमा आफ्नो प्रस्तुति दिँदैछन् । आयोजकहरूका अनुसार बेल्जियमको टुमरोल्यान्डको उपस्थितिमा उक्त पार्टी हुने लागेको हो । अग्रिम बुकिङ गर्दा १ हजार रूपैयाँमा टिकट खरिद गर्न सकिन्छ भने ढोकैमा खरिद गर्दा १ हजार ५ सय रुपैयाँ तिर्नुपर्ने हुन्छ, जसमा एउटा बड्वाइजर बियर उपलब्ध गराइनेछ । महिलाहरूलाई राति १२ बजे सम्म निःशुल्क प्रवेशको व्यवस्था छ ।

**समय :** साँझ ८ बजे
**कलाकार :** डिजे फिन्जोक, ऱ्याबिट, फ्याट्फ्रग, लेजीमंक, नोर्चेन तथा कर्साङ
**आयोजक :** सेनेट क्लब

विकेन्ड म्युजिक




# सिसा लाउन्जमा ब्लुज गीत

ब्लुज गीतका पारखीहरूका लागि भोलि एउटा अवसर जुरेको छ । काठमाडौंका दुई पुराना ब्यान्ड नेवाज तथा टिएमआर ट्रायोले ठमेलको सिसा लाउन्ज एन्ड बारमा लाइभ प्रस्तुति दिँदैछन् । दुवै ब्यान्डले ब्लुज गीतहरू सुनाएर दर्शकलाई मनोरञ्जन प्रदान गर्नेछन् । बारका सन्तोष श्रेष्ठका अनुसार काठमाडौंका पुरानो ब्यान्डमध्येको एक नेवाजले यहाँ लामो समयदेखी प्रस्तुति दिँदै आएको छ ।

**प्रवेश :** निःशुल्क **समय :** ८ बजे
**आयोजक :** सिसा लाउन्ज एन्ड बार, चाक्सीबारीमार्ग, ठमेल

विकेन्ड रिसोर्ट



# नैकाप भिलेज रिसोर्ट

कलंकीदेखि साढे ६ किलोमिटर पर पुरानो नैकापस्थित नैकाप भिलेज रिसोर्ट वरिपरि जंगलले घेरिएको छ । यहाँबाट उपत्यकाका काठमाडौं, भक्तपुर, ललितपुरसहर छर्लङ्गै देखिन्छन् भने धादिङ, नुवाकोट, चन्द्रागिरि, पातले वन आदि पनि अवलोकन गर्न सकिन्छ । यो रिसोर्टमा स्थानीय परिकारहरूको स्वाद लिन सकिन्छ । अर्डरअनुसार लोकल कुखुरा, बोका तथा खसीका परिकारहरू उपलब्ध हुन्छन् । रिसोर्टका एक्जिक्युटिभ म्यानेजर विष्णुप्रसाद कँडेल भन्छन्– आफ्नो रुचिअनुसार पोल्न वा पकाउन पाइन्छ । यो रिसोर्टले एकपटकमा ३५ जनालाई खाउन र बसाउन सक्छ । यहाँ एक जोडीलाई डिनर र ब्रेकफास्टसहित ५ हजार रुपैयाँको प्याकेजको व्यवस्था छ । नाइट भ्यूका लागि उपयुक्त यो रिसोर्टबाट राति स्वयम्भू, एयरपोर्ट, साँगा, सेतोगुम्बा, कीर्तिपुर आदि झिलिमिली देखिन्छन् ।

विकेन्ड ब्यान्ड

# काठमाडौंमा नयाँ दिल्लीको ब्यान्ड



आज ह्याप्पी फ्राइडे सेलिब्रेट गर्ने मुडमा हुनुहुन्छ ? नयाँ दिल्लीबाट आएको मेनि रुट्स इन्सेम्बल ब्यान्डले आज साँझ झम्सिखेलस्थित इभोक क्याफे एन्ड रेस्ट्रोमा लाइभ पर्फमेन्स दिँदैछ, जहाँ ज्याज, फंक, हिपहप, रेगी, अफ्रिकन, क्लासिकल आदि विधाका गीतहरू सुन्न सकिनेछ । फरक खालका गीत, संगीत एउटै थलोमा सुन्न चाहने हो भने यो इभेन्ट उपयुक्त सावित हुनसक्छ । प्रवेश शुल्क ३ सय रुपैयाँ तोकिएको यो कार्यक्रम साँझ ७ बजेदेखि १० बजेसम्म चल्नेछ । बेस क्याम्प : आउटडोर लाइफस्टाइलका सञ्चालक परेश श्रेष्ठका अनुसार यो इभेन्ट सकिएपछि नक्सालको क्लब २५ मा नेपालका चर्चित डिजे रन्जनको प्रस्तुतिमा अर्को लाइभ सुरु हुनेछ । त्यहाँ प्रवेश शुल्क ५ सय रुपैयाँ तिरेपछि एउटा बियर निःशुल्क प्रदान गरिने श्रेष्ठले बताए ।

चलचित्र

# भैरे



निर्देशक : एभरेस्ट सूर्य बोहरा कलाकार : दयाहाङ राई, वर्षा शिवाकोटी, सुरक्षा पन्त, विक्रान्त बस्नेत तथा बुद्धि तामाङ आदि । संगीत : वसन्त सापकोटा, अर्जुन पोखरेल तथा यम बराल

गत वर्ष प्रदर्शित चलचित्र कारखानापछि अभिनेत्री वर्षा सिवाकोटीले अभिनय गरेको अर्को चलचित्र भैरे करिब १ वर्षपछि आज शुक्रबार प्रदर्शनमा आउँदैछ । यो चलचित्रमा उनको जोडी बुद्धि तामाङसँग बाँधिएको छ भने दयाहाङको जोडी अभिनेत्री सुरक्षा पन्तसँग बाँधिएको छ । चलचित्रका अभिनेता दयाहाङ राई भैरेले नेपालीपन बोकेको बताउँछन् । यो चलचित्रमा रोमान्स, प्रेम, द्वन्द्व इमोसन सबै छ । नेपालय सिनेमा इन्टरनेसनलद्वारा निर्मित चलचित्र भैरेलाई बनिष शाहले सम्पादन गरेका हुन् भने पुरुषोत्तम प्रधानले खिचेका हुन् । यो चलचत्रिका गीतमा वसन्त श्रेष्ठ, रामजी लामिछाने, कविराज गहतराज आदिले कोरियोग्राफी गरेका छन् ।

# चक्कर



निर्देशक : अनुष्क रौनियार कलाकार : अभोनराज उप्रेती, अर्पण थापा, सिर्जना सुब्बा, रिचा शर्मा, भोलाराज सापकोटा तथा स्मृति पोखरेल । संगीत : संगम पन्त एवं पुष्प पलान्चोके

आज शुक्रबारदेखि प्रदर्शित हुँदैछ चलचित्र- चक्कर । प्रेम, धोका तथा द्वन्द्वमा आधारित यो चलचित्रमा अर्पण थापा तथा ऋचा शर्मा प्रहरीको गेटअपमा छन् । केही समयअघि यो चलचित्रको बिहानीको किरणसँगै गीत सार्वजनिक भएको थियो, जसले राम्रै प्रतिक्रिया पाएको छ । यो चलचित्रलाई निर्देशक अनुष्क रौनियार स्वयंले सम्पादन गरेका हुन् । नेसनल मिडिया प्रोडक्सन तथा केटिएम आर्ट्सको ब्यानरमा निर्मित चलचित्र चक्करलाई रविन आचार्यले निर्माण तथा छायांकन गरेका हुन् ।

ग्यालरी

# पानी रंगका चित्र



बबरमहलस्थित नेपाल आर्ट काउन्सिलमा पानी रङका चित्रहरू प्रदर्शन भैरहेका छन् । इन्टरनेसनल वाटरकलर सोसाइटी अफ नेपालद्वारा आयोजित उक्त प्रदर्शनीमा एन बी गुरुङ तथा डिराम पाल्पालीका ४० वटा चित्र राखिएको छ । पानी रंगको पेन्टिङलाई अघि बढाउने उद्देश्यले सञ्चालित प्रदर्शनीमा २० हजार देखि ८० हजारसम्मका चित्र विक्रीमा राखिएको छ । साउन १ गते प्रारम्भ भएको प्रदर्शनी साउन ७ गतेसम्म चल्ने बताइएको छ ।

# पण्डित बाजेको लौरी

निर्देशक : दीपक ओली कलाकार : प्रवीन खतिवडा, भोलाराज सापकोटा, प्रमोद अग्रहरि, विजय बराल, सन्ध्या केसी तथा मरिष्का पोखरेल । संगीत : श्रीकृष्ण बम मल्ल एवं अमित श्रेष्ठ

वादीको कथामा आधारित चलचित्र पण्डित बाजेको लौरी आज शुक्रबारदेखि प्रदर्शनमा आउँदैछ । यो चलचित्र छुवाछुतमा आधारित रहेको चलचित्रका निर्देशक दीपक ओली बताउँछन् । ओलीका अनुसार यो चलचित्रले समाज सुधार्न नसके पनि समाजमा भएको यथार्थ घटनालाई भने राम्रैसँग प्रस्तुत गर्नेछ । चलचित्र पण्डित बाजेको लौरीलाई मित्र डि गुरुङले सम्पादन गरेका हुन् भने यसका कोरियोग्राफर विक्रम स्वाँर हुन् ।




# सिद्धार्थमा कला प्रदर्शनी

बबरमहलस्थित सिद्धार्थ आर्ट ग्यालरीमा साउन ६ गतेदेखि फोटो डकुमेन्टेसन, भिडियोग्राफी तथा चित्रकला प्रदर्शनी हुने भएको छ, जहाँ एउटा चित्रकला, २ वटा भिडियो साथै अस्पतालको फोहोर प्रशोधनबाट बनेका सामग्रीहरू राखिनेछ । प्रदर्शनीमा राखिएका सामग्रीहरू कलाकार आङ छिरिङ शेर्पा तथा मेख लिम्बूका सिर्जना हुन् । त्यसका साथै प्रदर्शनीमा सिर्जना कलेज अफ फाइन आर्ट, काठमाण्डौ युनिभर्सिटी, सेन्ट अफ आर्ट एण्ड डिजाइन तथा एम क्युब ग्यालरीका कलाकारहरूका बनाएको चित्र एवं सामग्रीहरू पनि राखिने सिद्धार्थ आर्ट ग्यालरीकी कार्यकारी निर्देशक संगीता थापाले जानकारी दिइन् । यो प्रदर्शनी भदौ १ गतेसम्म सञ्चालन हुने बताइएको छ ।

चलचित्र समीक्षा

# चलेनन् असारका नेपाली चलचित्र

असार महिनामा प्रदर्शन भएका अधिकांश नेपाली चलचित्र व्यावसायिक रुपमा असफल भए अर्थात् कुनै पनि चलचित्रले लगानी उठाउन सकेनन् । असार महिनामा एक्स्ट्रा माया, ए सोल्टिनी, तिमी हुन्छौ जहाँ-जहाँ, चोखो माया, वीरांगना, बाबु कान्छा, बोबी तथा यो पागल मन गरी कुल ८ चलचित्र प्रदर्शन भए । दुःखको कुरा, यीमध्ये वीरांगना, बोबी तथा बाबु कान्छाले औसत व्यवसाय गरे पनि बाँकी चलचित्र असफल भए । एकातिर विश्वकप फुटबलका रोमाञ्चक खेलहरुको मज्जा लिने क्रममा दर्शकहरु सिनेमा हलसम्म आउन चाहेनन् भने अर्कातिर सिनेमा हलसम्म आएका दर्शक बलिउड तथा हलिउडका ठूला चलचित्रतर्फ आकर्षित भए । यो महिना बलिउडका रेस-३ तथा सञ्जु अनि हलिउडको इन्क्रेडिबल्स-२ प्रदर्शनका कारण पनि नेपाली चलचित्रले दर्शकको साथ नपाएको अनुमान गर्न सकिन्छ ।

सलमान खानको रेस-३ का कारण असारको पहिलो साता नेपाली चलचित्र प्रदर्शन नै भएनन् । असारको दोस्रो साता पनि रेस-३ को होल्ड ओभर कायम भएका कारण प्रदर्शन भएका नेपाली चलचित्रले दर्शक पाएनन् । त्यही साता प्रदर्शन भएको हलिउड चलचित्र इन्क्रेडिबल्स-२ ले पनि दर्शकलाई आकर्षित गऱ्यो ।




असारको दोस्रो हप्ता दुई नेपाली चलचित्र तिमी हुन्छौ जहाँ-जहाँ तथा एक्स्ट्रा माया प्रदर्शनमा आए, यी दुवै चलचित्र बलिउड तथा हलिउडका चलचित्रको छायाँमा परे । ती दुई नेपाली चलचित्रले सिंगल थियटरमा शो पाए पनि दर्शकको साथ पाएनन् । राम्रै प्रचार-प्रसार गरेको तिमी हुन्छौ जहाँ-जहाँका मुख्य कलाकारहरु मलिना जोशी, मनीष सुन्दर आदिले दर्शकलाई आकर्षित गर्न सकेनन् । पहिलो दिन ८० वटा स्क्रिन पाएको निर्माण टिमले बताए पनि दोस्रो दिनदेखि नै चलचित्रको व्यवसाय ओरालो लाग्यो । चलचित्र एक्स्ट्रा मायाको व्यवसाय पनि राम्रो भएन । सोम माझीद्वारा निर्देशित उक्त चलचित्रमा सुस्मिता बुर्लाकोटी, अर्जुन खड्का, सनी सुनवार, सृष्टि भण्डारी, शोभा भण्डारी आदि नयाँ कलाकारले अभिनय गरेका थिए ।

असार १५ गते अभिनेता सविन श्रेष्ठको चलचित्र ए सोल्टिनी त प्रदर्शन भयो, तर सोही दिन प्रदर्शन भएको बलिउडको चलचित्र सञ्जुले यसलाई छायाँमै पारिदियो । त्यसकारण ए सोल्टिनीको पहिलो दिनको पहिलो शो नै राम्रो हुन सकेन । चलचित्र असफल भएपछि अभिनेता सविन श्रेष्ठले सञ्जु जस्तो स्तरीय चलचित्रसँग जुध्नु नै गल्ती भएको स्वीकार गरेका छन् ।

असार २२ गतेदेखि प्रदर्शन भएको नेपाली चलचित्र चोखो मायाप्रति दर्शकले रुचि नै देखाएनन् । दीपक लामा तामाङको निर्देशन रहेको उक्त चलचित्रमा पनि अभिनेता सविन श्रेष्ठ मुख्य भूमिकामा थिए भने उनलाई अप्सना थापा, मोहन कृष्ण पुटुवार आदि कलाकारले साथ दिएका थिए ।

निर्देशक तामाङका अनुसार चलचित्रको प्रचार-प्रसार राम्रो नहुँदा व्यवसाय पनि खस्किएको हो ।

असार २९ गते चार वटा नेपाली चलचित्र प्रदर्शन भए । मिलन चाम्सको बोबीसहित शिल्पा पोखरेल तथा अनुप विक्रम शाहीको वीरांगना, सलोन बस्नेतको बाबु कान्छा तथा विनोद न्यौपाने र ऋचा सिंह ठकुरी अभिनीत यो पागल मन एकै दिन प्रदर्शन भए । यी चार चलचित्रमध्ये बोबी तथा वीरांगनाले सन्तोषजनक व्यवसाय गरेको बताइन्छ । बोबीका अभिनेता उमेश थापाका अनुसार सत्य कथामा आधारित उक्त चलचित्रले राम्रो माउथ पब्लिसिटी पाइरहेका कारण पनि बुधवारसम्म पनि चलचित्रले राम्रै दर्शक पाइरहेको छ । उक्त चलचित्रमा उमेश थापासँगै कविता गुरुङ र विजय लामा मुख्य भूमिकामा छन् । चलचित्र विरांगनाले त प्रदर्शन भएको दोस्रो दिन नै सफलताको केक काटेको थियो । राज बहादुर सानेको उक्त चलचित्रमा नेपालको सीमा क्षेत्रमा हुने अवैधानिक गतिविधि तथा आपराधिक क्रियाकलापलाई नियन्त्रण गर्न अनि शान्ति सुरक्षाको प्रत्याभूति दिन नेपाली नारीहरूले देखाएको वीरताको गाथा समेटिएको छ ।

असारको अन्तिम साता नै प्रदर्शन भएको चलचित्र बाबु कान्छा पनि कमजोर सावित भयो । सोभित बस्नेतको निर्देशन रहेको चलचित्रमा सलोन बस्नेत, करिश्मा श्रेष्ठ, सरोजलगायतका कलाकारले अभिनय गरेका छन् । अघिल्लो शुक्रबार नै प्रदर्शन भएको चलचित्र यो पागल मनलाई पनि दर्शकले रुचाएनन् । प्रेम कथामा आधारित भए पनि यो पागल मनले दर्शकलाई सिनेमा हलसम्म तान्न सकेन । विश्वकपको फाइनल खेल खेलिनुभन्दा दुई दिनअघि प्रदर्शन भएका चार वटा नेपाली चलचित्रले सोमबारदेखि दर्शक पाउने अपेक्षा गरेका थिए, यद्यपि निर्माताले सोचेजस्तो ती चलचित्रले दर्शकको साथ पाएनन् ।


सूचना र मनोरञ्जनको सँगालो
साप्ताहिक
Log on to :
facebook
www.facebook.com\kantipursaptahik
तस्बिर : कुबेर तामाङ/आर्टिस्ट नेपाल डटकम
पहिरन : सुष्मा थापा/जे एस क्रिएसन, नक्साल
मेकअप : सीमा गुरुङ/सीमा द मेकअप स्टुडियो
माधवी
घर्ती मगर



# दयाको दाबी



अभिनेता दयाहाङ राईले अभिनय गरेका पछिल्ला केही चलचित्र असफल भए । राईका चलचित्र एकपछि अर्को गर्दै ओरालो लागिरहनुमा उनलाई नै दोष दिइयो । चलचित्रको स्क्रिप्टलाई गहन अध्ययन नगरी, जसले प्रस्ताव राख्यो उसैको चलचित्रमा अभिनय गरेका कारण दयाका चलचित्र सफल नभएको निष्कर्ष समेत निकालियो । अहिले आएर अभिनेता राई आफ्नो करियरप्रति निकै सचेत देखिन थालेको छन् । चलचित्र साइन गर्ने कुरामा चनाखो देखिएका दया धेरै सोचेरमात्र चलचित्रमा काम गर्न थालेका बताउन थालेका छन् । त्यसको थालनी चलचित्र 'भैरे' बाट गरेको दयाको दावी छ । राई भन्छन्- 'लुटबाट जसरी मैले गोफ्लेको उपनाम पाएको थिएँ, त्यसैगरी मैले भैरेबाट भैरे उपनाम पाउने कुरामा ढुक्क छु ।' दयाहाङले भैरेलाई आफ्नै टाइपको चलचित्र समेत भनेका छन् । भैरेमा अभिनेत्री सुरक्षा पन्तसँगको आफ्नो जोडी दर्शकलाई मन पर्ने दयाको भनाइ छ ।



साउन वार्ता

# देखाउनकै लागि व्रत नबसौं

**साउने सोमबारको व्रत बस्न थाल्नु भएको कति भयो ?**

बुझ्ने भएदेखि नै टुटाएकी छैन ।

**साउनको व्रत बस्ने चलनलाई फेसन भन्नु हुन्छ कि संस्कृति ?**

म त संस्कृति नै मान्छु । धार्मिक परम्परा, रितिरिवाज एवं संस्कारलाई फेसनसँग जोड्नु हुँदैन ।

**साउनको सोमबारको व्रतको क्रेज किन बढेको होला ?**

सामाजिक सञ्जालले गर्दा पनि होला, यद्यपि धर्ममा क्रेज बढ्नु त राम्रो कुरा हो नि, तर, देखाउनकै लागि मात्र व्रत बस्नु हुँदैन, मनैदेखि बस्नुपर्छ ।

**साउनको सोमबारको व्रतलाई तीजको पूर्व तयारी भन्न सकिन्छ ?**

अवश्य, साउन महिना लाग्ने बित्तिकै रातो, हरियो, पहेंलो पहिरनमा हातभरी चुरा लगाएर मेहेन्दीमा सजिँदा तीज लागेको अनुभव हुन्छ ।

**साउनको सोमबारको व्रत कसरी बसिन्छ ?**

बिहान नुहाएर, चोखा पहिरन लगाएर, सकेसम्म शिवको मन्दिर गएर पूजा गरेर, फलफूल मात्र खाएर अनि साँझ बत्ती बालेपछि चोखो खाएर व्रत बस्ने चलन छ ।

● पवित्रा आचार्य, अभिनेत्री

**तस्बिर : विवेक बस्याल**

**पहिरन : क्यास बुटिक, कुपण्डोल**



# के गर्दैछन् अनमोल ?

चलचित्र 'होस्टल' को एउटा गीतमा अभिनेता अनमोल केसी गायकका रूपमा प्रस्तुत भएका छन् । कन्सर्टको झलक दिने 'तु तु रु रु...' शीर्षकको उक्त गीतमा अनमोलले लाइभ ब्यान्डसँगै गितार बोकेर गीत गाएका छन् । स्वप्निल शर्माको शब्द तथा द स्याडोज ब्यान्डको संगीतको उक्त गीतमा हेम लामाको वास्तविक स्वर छ भने अनमोलले चलचित्रका लागि लिपसिङ गरेका छन् । अनमोलले उक्त गीत आफ्नो जीवनकै पहिलो लाइभ कन्सर्टमा प्रस्तुत गर्ने तयारी थालेका छन् । भदौ ९ गते प्रारम्भ हुने 'अनमोल इभ' मा अनमोलले दिने प्रस्तुतिलाई हालसम्म गोप्य नै राखिएको थियो । उक्त कन्सर्टमा अनमोलले चलचित्र 'होस्टल' को 'तु तु रु रु' सहित चलचित्र 'जेरी' को 'के यो माया हो...' समेत प्रस्तुत गर्नेछन् । त्यसबाहेक अनमोलले कार्यक्रममा चलचित्र 'कृ' को 'यति यति पानी....' मा आकर्षक नृत्य गर्ने पनि बताइएको छ । भदौ ९ गते बुटबलबाट प्रारम्भ हुने अनमोल इभ भदौ १६ गते पोखरामा, भदौ २३ गते चितवनमा तथा भदौ २७ गते बिर्तामोडमा प्रस्तुत हुँदैछ, जहाँ अभिनेत्री प्रियंका कार्की तथा गायक भिटेनसमेत सहभागी हुनेछन् ।



● बेनिशा हमाल, अभिनेत्री

मेरो रोजाइ

# जीवनसाथी पाइलट भैदिए हुन्थ्यो

**बौद्धिक हुनुपर्छ**

मेरो जीवनसाथी बौद्धिक होस् भन्ने चाहना राख्छु । जीवनसाथी बौद्धिक भयो भने सम्बन्ध राम्रो हुन्छ । उसमा हरेक कुरा बुझ्न सक्ने क्षमता हुन्छ ।

**सेन्स अफ ह्युमर भएको**

सेन्स अफ ह्युमर भएकाहरूको पर्सनालिटी नै फरक हुन्छ । उसले जस्तोसुकै परिस्थिति सामना गर्न सक्ने क्षमता राख्छ । कुनै अप्ठेरो परिस्थितिलाई सहज बनाउन सक्छ । एक-अर्काबीचको सम्बन्धलाई सधैं एकैखालको राख्न सक्ने क्षमता हुन्छ ।

**म भन्दा अग्लो होस्**

कतिपयले आफ्नो जीवनसाथी यति फिटको होस् उति फिटको होस् भनेर तोक्छन्, तर मेरो जीवनसाथी मभन्दा अग्लो होस्, फिटको चाहिँ मतलब छैन ।

**गहुँगोरो वर्ण**

मलाई अनुहारको वर्णले खासै असर गर्दैन, तैपनि मेरो जीवनसाथी गहुँगोरो वर्णको होस् भन्ने लाग्छ ।

**पाइलट भए हुन्थ्यो**

मलाई पाइलट पेसा एकदमै मन पर्छ । त्यसैले मेरो जीवनसाथी पाइलट होस् भन्ने चाहना छ । कतिपयले आफू जुन पेसामा छु आफ्नो जीवनसाथी पनि त्यहि पेसामा आबद्ध भएको होस् भन्ने चाहना राख्छन् । यद्यपि एउटै पेसामा भयो भने एक-अर्कालाई समय दिन सकिँदैन, त्यसैले फरक पेसा नै राम्रो लाग्छ ।

**आत्मनिर्भर होस्**

कतिपय युवा आर्थिक रूपमा परिवारमा निर्भर हुन्छन् । मेरो रोजाइमा आत्मनिर्भर पुरुष पर्छन् ।

**सहयोगी भावना भएको**

मेरा बुबा-ममी समाजसेवामा हुनुहुन्छ । म पनि समाजसेवामा रुचि राख्छु । कतिपय पुरुष आफ्ना बारेमा मात्र सोच्छन् तर अरूलाई पनि सहयोग गर्ने भावना भएका पुरुष मेरो रोजाइमा पर्छन् ।

प्रस्तुति : महेश तिमल्सिना

# इन्गेज्मेन्टपछि मुख खोलिन् प्रियंकाले



### भन्छिन्– डेस्टिनेसन म्यारिजको योजना बन्दैछ ।

अघिल्लो वर्षको भ्यालेन्टाइन डेको पूर्वसन्ध्यामै अभिनेत्री प्रियंका कार्की तथा अभिनेता आयुष्मान देशराज जोशीले निकट भविष्यमै विवाह बन्धनमा बाँधिने कुरा सार्वजनिक गरेका थिए । दुवैले साप्ताहिकसग अन्तरंग कुराकानी गर्दै केही समयभित्रै इन्गेज्मेन्ट गर्ने अनि त्यसको केही समयपछि विवाह गर्ने घोषणासमेत गरेका थिए । उक्त अभिव्यक्ति दिएको झन्डै चार महिनापछि उनीहरूले परिवारका सदस्यहरूको उपस्थितिमा औंठी साटासाट गरेका छन् । चलचित्र 'कथा काठमाडौं' को छायांकनका क्रममा नजिकिएको यो जोडी पछिल्लो एक वर्षदेखि खुलम-खुल्ला प्रेममा थियो । शनिबार इन्गेज्मेन्ट गरेको यो जोडीको विवाह अर्को वर्ष मात्र हुने बताइएको छ । इन्गेज्मेन्ट गरेको भोलिपल्टै गत शनिवार अमेरिका उडेकी प्रियंका अझै एक साताभन्दा बढी उतै रहनेछिन् । प्रियंका अमेरिकामा अर्को साता हुने मिस नेपाल भुटान प्रतियोगिताको कोरियोग्राफी गर्न अमेरिका पुगेकी हुन् । इन्गेज्मेन्टपछि साप्ताहिकका कृष्ण भट्टराईसँग अनलाइन वार्ता गर्दै प्रियंकाले इन्गेज्मेन्टदेखि विवाह सम्मका केही योजना सार्वजनिक गरेकी छिन् ।



**इन्गेज्मेन्ट गरेपछि औपचारिक रुपमा बन्धनमा बाँधिनुभयो हैन ?**

इन्गेज्मेन्टपछि हाम्रो सम्बन्धले औपचारिक रुप पाएको छ अर्थात् इन्जेग्मेन्ट समाजका लागि सम्बन्धको औपचारिक रूप हो । सम्बन्धलाई नाम दिने चलन छ हाम्रो समाजमा । त्यो नाम छ अब हामीसँग ।

**विवाहको मितिका बारेमा केही बताउन सक्नुहुन्छ ?**

विवाहको मिति फिक्स भैसकेको छैन । हाम्रो परिवारका धेरैजसो सदस्य विदेशमा हुनुहुन्छ । हाम्रो विवाहमा सबैलाई समेट्ने योजना छ । त्यसका साथै यो वर्ष मेरो र आयुष (आयुष्मानलाई प्रियंका मायाले आयुष भन्छिन्) को वर्क सेड्युल पनि पूरै प्याक छ । त्यसैले अर्को वर्ष सबैको समय मिलाएर विवाहको तिथि जुराउने छौं ।

**इन्गेज्मेन्ट जस्तै विवाह पनि गुपचुप हुने कि झकिझकाउ शैलीमा गर्ने योजना छ ?**

हामीले 'डेस्टिनेशन वेडिङ' (केटा पक्ष र केटी पक्ष आफ्नो सहर वा देशभन्दा बाहिर कुनै निश्चित स्थानमा गएर गरिने विवाह) गर्ने प्लान बनाएका छौं । हाम्रो विवाह गुपचुप शैलीमा हुँदै हुँदैन, मज्जाले अनाउन्समेन्टका साथ हुनेछ ।

**विवाहपछि अभिनयमा सक्रिय हुने–नहुने विषयमा के सोच्नुभएको छ ?**

अभिनय त कहिले पनि छुट्दैन । मेरो काम मेरो पहिलो प्रेम हो । विवाह गर्दैमा केही पनि परिवर्तन हुँदैन । म केवल एउटा औपचारिक बन्धनमा बाँधिनेछु, बाँकी केही चेन्ज हुँदैन ।

**इन्गेज्मेन्टपछि आफूमा केही परिवर्तन पाउनुभएको छ कि ?**

इन्गेज्मेन्टपछि आफूमा खासै केही परिवर्तन आए को पाएकी छैन । आफूले मन पराएको मान्छेलाई छिट्टै जीवन साथी बनाउँदैछु, त्यसले थप हौसला, शक्ति र कन्फिडेन्स दिएको छ । बाँकी त पहिलेजस्तै सामान्य नै छ ।

## नाच्ने तीज क्विन

तीज आउन झन्डै दुई महिना बाँकी छ, टेलिभिजन तथा यूट्युबमा तीज गीतका भिडियोहरू प्रसारण हुन थालिसकेका छन् । अघिल्ला वर्षहरूझैं यो वर्ष पनि ५ सयभन्दा बढी तीज गीतका भिडियो सार्वजनिक हुने अनुमान गरिएको छ । तीज गीतका भिडियोमार्फत हरेक वर्ष एक न एक नयाँ अनुहार तीज क्विनका रूपमा स्थापित भैरहेकी छिन् । भिडियोमा आकर्षक नृत्य तथा अभिनय गर्ने महिला कलाकारले त्यस्तो अघोषित उपाधि पाउने चलन छ । यसपटक त्यस्तो उपाधि पाउने सम्भावना मोडल अञ्जली अधिकारीको छ । तीन साता अघिदेखि नै अञ्जलीले अभिनय गरेका तीज गीतका भिडियोहरू सार्वजनिक भैरहेका छन् । अबको एक महिनाभित्रमा उनले अभिनय गरेका एक दर्जन तीज गीतका भिडियो सार्वजनिक हुने सम्भावना छ । यतिबेला उनी दिनको एउटा भिडियोमा छायांकनमा व्यस्त छिन् । केही महिनाअघि सार्वजनिक भएको प्रकाश सूपतको 'बोल माया' गीतको भिडियो भाइरल भएपछि अञ्जलीको सक्रियता वृद्धि भएको हो ।

# टिम नेपाललाई विदेशमा सफलता



इन्टरनेसनल किड्स अफ द इयर-२०१८, एसिया प्यासिफिक प्रिन्स एन्ड प्रिन्सेस-२०१८ मा सहभागिता जनाएको टिम नेपाललाई सफलता प्राप्त भएको छ । थाइल्यान्डमा सम्पन्न ती प्रतियोगितामा नेपालका तर्फबाट सहभागी युनिक पराजुली जसमा इन्टरनेसनल किड्स अफ द इयर-२०१८ तर्फ आफ्नो उमेर समूहमा फस्ट रनरसअप भए । त्यसबाहेक उनले बेस्ट इन्ट्रोडक्सन, बेस्ट ड्रेस तथा स्पोर्ट्स च्यालेन्ज एवार्डमा समेत सफलता हासिल गरे । यसैगरी एसिया प्यासिफिक प्रिन्स एन्ड प्रिन्सेस-२०१८ मा युनिक आफ्नो उमेर समूहमा विजेता चयन भएका थिए । उनले प्रतियोगितामा मोस्ट पपुलर तथा बेस्ट नेसनल ड्रेसको एवार्डसमेत जिते । इन्टरनेसनल किड्स अफ द इयरमा सहभागिता जनाएकी रिव्या तण्डुकार आफ्नो उमेर समूहमा सेकेन्ड रनरसअप भएकी छिन् भने उनले प्रतियोगितामा बेस्ट इन्ट्रोडक्सनको एवार्ड समेत हात पारिन् । रिव्या एसिया प्यासिफिक प्रिन्स एन्ड प्रिन्सेसतर्फ पनि सेकेन्ड रनरसअप घोषित भइन् ।

एसिया प्यासिफिक प्रिन्स एन्ड प्रिन्सेसतर्फ प्रनिश खड्का आफ्नो उमेर समूहमा सेकेन्ड रनरसअप भए भने उनले मोस्ट पपुलरको एवार्ड पनि जिते । अर्की सहभागी पलिस्ता महर्जन भने इन्टरनेसनल किड्स अफ द इयरमा आफ्नो उमेर समूहतर्फ सेकेन्ड रनरसअप घोषित भएकी थिइन् ।



# मिस वर्ल्ड डाइभर्सिटी-२०१८

दुबईमा सञ्चालित मिस वर्ल्ड डाइभर्सिटी-२०१८ मा नेपालका तर्फ सहभागिता जनाएकी युनिता खत्री मुख्य उपाधि जित्न सफल भएकी छिन् । उक्त प्रतियोगिताको फाइनलमा युनिताले शीर्ष उपाधिबाहेक बेस्ट डान्सको एवार्डसमेत जितेकी छिन् । मिस वर्ल्ड डाइभर्सिटीमा नेपालको यो पहिलो सहभागिता हो । युनिताले मिस वर्ल्ड डाइभर्सिटी-२०१८ को उपाधि जितेसँगै नेपालले अन्तर्राष्ट्रिय सौन्दर्य प्रतियोगितामा मिसतर्फको शीर्ष उपाधि हासिल गरेको यो तेस्रो अवसर भएको छ । यसअघि सन् २००३ मा आयुषा श्रेष्ठले वर्ल्ड मिस युनिभर्सिटीको शीर्ष उपाधि जितेकी थिइन् भने सन् २०१६ जुनिता लामाले पेजेन्ट अफ द वर्ल्डको शीर्ष उपाधि जितेकी थिइन् ।

# एनसिएमटीए फेसन शो सम्पन्न






**नेपाल कपडा तथा सिलाइ व्यवसायी संघको आयोजनामा एनसिएमटीए फेसन शो-२०१८ शीर्षकमा एउटा फेसन शो सम्पन्न भएको छ । नयाँ बानेश्वरस्थित इन्द्रेणी फुडल्यान्डमा सञ्चालित उक्त कार्यक्रममा नेपाली संस्कृति झल्काउने वेशभूषादेखि सर्टिङ-सुटिङका विभिन्न नमूना प्रस्तुत गरिएका थिए । पाँचवटा सिक्वेन्समा विभाजित शोमा सहभागी महिला तथा पुरुष मोडलले नेपाली कल्चर, ब्राइडल, अफिस वेयर, पार्टी वेयर तथा नेपाली ढाका आदि प्रदर्शन गरेका थिए । राग रागिनी इन्टरटेन्मेन्टको सहकार्य एवं रसलाइट मिडियाको व्यवस्थापनमा सञ्चालित उक्त कार्यक्रमको कोरियोग्राफी रमिता भण्डारीले गरेकी थिइन् ।**

# मोडल अफ इरा

मोडलिङमा आधारित मोडल अफ इरा शीर्षकको मोडल प्रतिस्पर्धामा मानव घिमिरे तथा मारिया क्षेत्री विजेता घोषित भएका छन् । गत मंगलबार सम्पन्न प्रतियोगिताको शीर्ष उपाधि विजेता मानवले मिस्टर ह्यान्डसम विधामा पनि एवार्ड प्राप्त गरे भने मारियाले ट्यालेन्ट र भ्युअर च्वाइसको एवार्डसमेत हात पारिन् । क्रिजोना मिडिया ग्रुपको आयोजनामा सञ्चालित उक्त प्रतियोगितामा बेस्ट वाकसहित सन्दीपराज पन्त र खुश्बु महर्जन फस्ट रनरसअप भएका थिए । यसैगरी बेस्ट फिजिकको एवार्डसहित स्वप्निल गुप्ता तथा पर्सनालिटीको एवार्डसहित सुजिता शिवाकोटी सेकेन्ड रनरसअप घोषित भए ।




# ग्ल्याम स्पोर्ट्स फेसन शो





त्रिपुरेश्वरस्थित ब्लुस्टार इभेन्ट्स भेन्युमा विश्वकप फुटबल-२०१८ को फाइनल प्रतिस्पर्धा हुनुभन्दा करिब दुई घण्टाअघि फेसन तथा संगीतको मनोरञ्जक कार्यक्रम प्रस्तुत भयो । इभेन्ट बेटर ग्यालेक्सीद्वारा आयोजित उक्त कार्यक्रममा बालबालिका तथा महिला मोडलहरूले क्याटवाक गरेका थिए ।

## पोखरामा योङस्टार-२०१८

पोखरामा सम्पन्न मिस्टर एन्ड मिस योङस्टार-२०१८ को उपाधि आरती थापा मगर तथा विवेक रानाभाटले जितेका छन् । रोयल आर्किनी हाउसद्वारा आयोजित उक्त प्रतिस्पर्धामा स्मारिका बराल फस्ट रनरसअप तथा सवि श्रेष्ठ सेकेन्ड रनरसअप घोषित भए । प्रतियोगितामा कुल १४ जना युवायुवतीले प्रतिस्पर्धा गरेका थिए ।

# टाइटल विनर फेसन शो



विभिन्न सौन्दर्य प्रतियोगिताका विजयीहरूले एउटै र्‍याम्पमा उतारेर फेसन शो सम्पन्न गरिएको छ । १६ वटा विभिन्न सौन्दर्य प्रतियोगिताका ३४ जना उपाधि विजेताको संलग्नता रहेको उक्त फेसन शोमा भारतका मिस्टर वेस्ट बंगाल-२०१३ अनुज शर्मासमेतले भाग लिएका थिए । मिस नेपाल-२००० उषा खड्गी तथा अभिनेत्री सञ्चिता लुइँटेलले शो-स्टपर्सको भूमिका निर्वाह गरेको उक्त फेसन शोमा करिब २५ जना इभेन्ट अर्गनाइजर पनि एकसाथ र्‍याम्पमा हिँडेका थिए । फेसन शोमा कलाकारहरू जितु नेपाल, सुरेन्द्र केसी, महादेव त्रिपाठी, यमन श्रेष्ठ, रिता केसी आदिले समेत प्रस्तुति दिएका थिए ।

# यलम्बरमा फेसन फिभर

विश्वकप फाइनलको पूर्वसन्ध्या पारेर बग्गीखानास्थित यलम्बर ब्याङ्केटमा एउटा फेसन शो सम्पन्न भयो । वर्ल्डकप फेसन फिभर शीर्षकको उक्त फेसन शोमा एक दर्जन मोडलले स्पोर्ट्स वेयरका साथै क्याजुअल वेयरहरू प्रदर्शन गरे । अमिर कला केन्द्रले आयोजना गरेको फेसन शोमा डिभाइन फेसन बुटिकले तयार पारेका पहिरनहरू प्रदर्शन गरिएका थिए । मोडल मेघना लामा शोस्टपर रहेको तथा सिर्जु ठकुरीद्वारा कोरियोग्राफी गरिएको फेसन शोमा आधादर्जन सिक्वेन्समार्फत इभिनिङ गाउन, लेहेंगा, सारी जस्ता पहिरन प्रदर्शन गरियो भने एउटा विशेष सिक्वेन्समा विश्वकप फुटबल खेल्ने राष्ट्रका जर्सीहरू प्रदर्शन गरियो । फेसन शोपछि आयोजित सांगीतिक मार्यक्रममा मोहन श्रेष्ठ, अनुपम श्रेष्ठ, सिवानी अधिकारी, सरीशा श्रेष्ठ आदि गायक-गायिकाले सांगीतिक प्रस्तुति दिएका थिए ।



# फेसन एवार्डमा करिश्मादेखि लाहुरेसम्म







पोखरामा सम्भवत: नेपालमै पहिलो पटक फेसन एवार्ड वितरण गरिएको छ । एवार्ड कार्यक्रममा फेसनसँग सम्बन्धित ३५ वटा विधा समेटिएको थियो । एवार्ड पाउनेमा विभिन्न क्षेत्रका स्थापित व्यक्तित्वहरूसमेत थिए । उक्त अवसरमा फेसन स्टाइल, डिजाइनर तथा बुटिकका विभिन्न विधामा एवार्ड वितरण गरिएको हो ।

यसरी एवार्ड प्राप्त गर्नेमा स्टाइल आइकन नेपाल महिलातर्फ सदावहार नायिका करिश्मा मानन्धर, पुरुषतर्फ कलाकार एवं कोरियोग्राफर प्रशान्त ताम्राकार प्रमुख रहे । यसैगरी मोष्ट स्टाइलिस सिङ्गरको एवार्ड सविन राई तथा बेस्ट ड्रेड सिङ्गरको एवार्ड आशिष राना लाहुरेको हातमा पर्‍यो ।

एवार्ड कार्यक्रममा आउटस्टेन्डिङ कन्ट्रिब्युसन इन फेसन डिजाइनिङ तेन्जिङ छेदेन भुटिया, आउटस्टेन्डिङ कन्ट्रिब्युसन इन फेसन कोरियोग्राफी जयन सुब्बा मानन्धर, डिजाइनर अफ दि एयर दिपिका गुरुङ, डिजाइनर अफ दि एयर पोखरा मनिषा श्रेष्ठ, बुटिक अफ दि एयर फ्युजन क्रिएसन, बुटिक अफ दि एयर पोखरा क्रिटिशा बुटिक घोषित भए ।

यसैगरी उक्त एवार्ड कार्यक्रममा बेस्ट फेसन इभेन्टबाट मिस गण्डकी, बेस्ट ड्रेस्ड मेन अफ दि एयर पोखराबाट निकोशल गुरुङ, मोस्ट स्टाइलिस वुमेन अफ दि एयर पोखराबाट रतिका गुरुङ, मोस्ट स्टाइलिस मेन अफ दि एयर पोखरा विवेक गुरुङ, बेस्ट ब्राइडल वेयरबाट घुम्टो बुटिक, बेस्ट लेहेंगा चोलीबाट कल्पना बूढामगर, बेस्ट सारीबाट दि ग्याल्म, बेस्ट पार्टी वेयरबाट सुदीप सुवेदी, इमर्जिङ डिजाइनर अफ दि एयर पोखराबाट दीक्षा थापा, इमर्जिङ बुटिक अफ दि एयर पोखराबाट पुनम मल्लज बुटिकसम्मानित भए ।

उक्त अवसरमा बेस्ट कलेक्सन अफ दि एयरबाट शान्ति रोका मगर, बेस्ट इम्ब्रोइडरी अफ दि एयरबाट नवीना गुरुङ, वुमेन्स वेयर डिजाइनर अफ दि एयरबाट मनदेवी गुरुङ, पब्लिक च्वाइस पपुलर डिजाइनर अफ दि एयर पोखराबाट तुलसी गुरुङ, पब्लिक च्वाईस पपुलर बुटिक अफ दि एयर पोखराबाट हेप्पी क्लोसेट बुटिक, इमर्जिङ मोडल अफ दि एयर पोखरा महिलाबाट मनिषा केसी, पब्लिक च्वाईस पपुलर मोडल अफ दि एयर पोखरा महिलाबाट जयन्ती मोक्तान, मोडल अफ दि एयर महिलाबाट रमिका अर्याल, मोडल अफ दि एयर पोखरा पुरुषबाट विशाल गुरुङ तथा बेस्ट मेकअप आर्टिष्टबाट प्रसन्ना ठकुरीले एवार्ड प्राप्त गरे ।

एवार्ड कार्यक्रममा बेस्ट फेसन फोटोग्राफर सुरज श्रेष्ठ, बेस्ट स्टाइलिस स्मिता शर्मा, बेस्ट एमसी पुरुषतर्फ आयुष श्रेष्ठ र सञ्जु सुनार, महिला निशा पन्थी तथा बेस्ट फेसन कोरियोग्राफर पोखरा सुरज थापा घोषित भए ।



ट्रेनर नेपालको आयोजना तथा इभेण्ट्स फर यु डिजाइनर्स क्लबको सहकार्यमा सञ्चालित एवार्ड कार्यक्रम पोखरा नयाँबजारस्थित प्रदर्शनी केन्द्रमा सम्पन्न भएको थियो । विश्वका विकसित देशहरूमा हुने यस्तो फेसन एवार्ड नेपालमा पहिलो पटक वितरण गरिएको कार्यक्रम संयोजक रवीन गुरुङको दाबी थियो । फेसन क्षेत्रका नयाँ प्रतिभालाई प्रोत्साहन तथा पुरानाको सम्मानका लागि कार्यक्रम आयोजित गरिएको दाबी गरिए पनि एवार्ड कार्यक्रमको व्यवस्थापन भने कमजोर देखिन्थ्यो । एवार्ड वितरण कार्यक्रम सञ्चालन गरिरहेका वा सहकार्य गरिरहेकाहरूलाई एवार्ड प्रदान गरेर एवार्ड कार्यक्रमको महत्व घटाइएको हो कि भन्ने प्रश्न पनि कतिपयले उठाए भने एवार्ड प्राप्त गर्न सफल व्यक्तित्वहरूको छनोट कसरी भएको हो भन्नेमा दर्शक मात्र नभएर स्वयं एवार्ड प्राप्त गर्नेहरू नै अन्योलग्रस्त देखिए ।

## पोखरामा फेसन महोत्सव

पोखरामा दुईदिने फेसन महोत्सव सम्पन्न भएको छ । उक्त फेसन शोमा लै बरी लै, समर स्प्रिङ, हलिउड बलिउड कलिउड, एबीसी, फ्ल्यास ब्याक, डिजाइनर कलेक्सन, बुटिक कलेक्सन आदि नौवटा थिममा केन्द्रित थियो । उक्त अवसरमा ४४ जना डिजाइनर तथा ७ वटा बुटिकका १ सयभन्दा बढी डिजाइनमा सजिँदै मोडलहरूले र्‍याम्प वाक गरे । जयनसुब्बा मानन्धरको कोरियोग्राफीमा सञ्चालित कार्यक्रममा पहिलो दिन अन्जना गुरुङ तथा दोस्रो दिन पोखराकी महिला ट्याक्सी ड्राइभर विष्णु कुँवर शो स्टपरका रूपमा प्रस्तुत भए । ट्रेनर नेपालको आयोजना एवं इभेण्ट्स फर यु डिजाइनर्स क्लबको प्रस्तुतिमा पोखराको नयाँबजार प्रर्दशनी केन्द्रको डोममा भएको उक्त कार्यक्रम फेसनप्रति मोहित युवायुवतीहरूका लागि रुचिकर रह्यो । यो फेसन शोमा पुराना तथा नयाँ शैलीका फेसनको रौनक हेर्न पाइन्थ्यो ।



तस्बिर : सुरज श्रेष्ठ

## फेसन युनाइट्स सम्पन्न

रेडियन्ट इभेन्ट म्यानेजमेन्ट एजेन्सीको आयोजनामा फेसन युनाइट्स फेसन-शोको दोस्रो संस्करण सम्पन्न भएको छ । फेसन युनाइट्स-२ मा २० जना मोडलले रीता लिम्बु, निर्मला केसी, सुजिना तण्डुकार, पृथा मुलेपति घिमिरे, रोजी बज्राचार्य, आशिका श्रेष्ठ प्रजापति तथा सानु बज्राचार्यले तयार पारेका ढाकाका फेसनेबल पहिरनका अतिरिक्त सिल्क, पार्टीवेयर, क्याजुयल, समर आदि पहिरन प्रस्तुत गरेका थिए ।



# बाउन्सको बबन्डर



- करोडौं रुपैयाँको चेक बाउन्स भएपछि प्रहरी परिसर काठमाडौंमा राजनकुमार शाही-७ करोड रुपैयाँ, हुमनाथ पाठक-५ करोड ४५ लाख रुपैयाँ, टिकाराम पाण्डे-३ करोड ६५ लाख रुपैयाँ तथा रवीन्द्र नेमकूलले २ करोड रुपैयाँ बिगो माग दाबी गर्दै उजुरी दिएका छन् । करोडौं र लाखौं रुपैयाँ उल्लेख अन्य सयौं बाउन्स चेकसहितका उजुरी प्रहरी परिसर काठमाडौंमा छन् । महानगरीय प्रहरी परिसर काठमाडौंमा चालू आर्थिक वर्षका ११ महिनामा बैंकिङ कसुरका झन्डै १ हजार २ सय उजुरी दर्ता भएका छन् । चेक बाउन्सको चंगुलमा परेका सयौं मानिसले अर्बौं रुपैयाँ बिगो माग दाबी गरेका छन् । काठमाडौंमा मात्र बैंकिङ कसुरका सयभन्दा बढी उजुरी दैनिक दर्ता हुने गरेका छन् जसमा मासिक ३० करोड रुपैयाँ बराबरको बिगो माग दाबी हुन्छ ।
- चालू आर्थिक वर्षका ११ महिनामा ललितपुरमा ४८ वटा बैंकिङ कसुरका मुद्दा दर्ता भएका छन् । ५० हजारदेखि झन्डै ४ करोड रुपैयाँसम्मका बैंकिङ कसुरका ती घटनामा १४ करोड ४८ लाख २७ हजार १ सय ८३ रुपैयाँ माग दाबी गरिएको छ ।

यी दुई त प्रतिनिधिमूलक तथ्यांक मात्र हुन् । आर्थिक कारोबारका लागि सुविधासम्पन्न र सुरक्षित मानिने बैंकिङ प्रणालीको प्रयोगमा भएको वृद्धिसँगै बैंकिङ क्राइम ग्राफ पनि डरलाग्दो गरी आकासिँदै गएको छ । नेपाल प्रहरी केन्द्रीय कार्यालयको पछिल्ला चार आर्थिक वर्षको तथ्यांकले पनि यही देखाउँछ । आर्थिक वर्ष ०७१/०७२ मा देशभर ३६ वटा बैंकिङ कसुरसम्बन्धी मुद्दा दर्ता भएकोमा त्यसको चार वर्षपछि ०७४/०७५ को पछिल्ला १० महिनामा मात्र ५ सय ५३ मुद्दा दर्ता भएका छन्, जुन बैंकिङ कसुरका अघिल्ला वर्षहरूको मुद्दाको तुलनामा ५ सय गुणाभन्दा बढी हो, जसमा २ अर्ब ४४ करोड ५७ लाख ६८ हजार रुपैयाँ विगो माग दाबी गरिएको छ । (*हेर्नुहोस् बक्स*)

देशभर बैंकिङ कसुरमा मुद्दा चलाइएका घटनामात्र प्रहरी केन्द्रीय कार्यालयको तथ्यांकमा समावेस छन् । कतिपय बैंकिङ कसुरका घटना जिल्ला प्रहरी कार्यालय त कतिपय स्थानीय प्रहरी एकाइहरूले नै समाधान गर्छन् । जुन घटनाको विवरण केन्द्रले नराख्ने भएकाले यसको संख्या अझ उल्लेख्य रूपमा बढ्ने देखिन्छ, जुन कुरा महानगरीय प्रहरी परिसर काठमाडौंमा दर्ता भएका बैंकिङ कसुरका उजुरीहरूबाट पनि छर्लङ्ग पार्छ । किनभने काठमाडौंमा आर्थिक वर्ष ०७४/०७५ मा दर्ता भएका बैंकिङ कसुरसम्बन्धी उजुरीको संख्या झन्डै १ हजार २ सय छ । जबकि प्रहरीको केन्द्रीय कार्यालयसँग ५ सय ५३ वटा बैंकिङ कसुरका घटनाको मात्र तथ्यांक छ ।

यसले के देखाउँछ भने बैंकिङ प्रणाली झाँगिएसँगै बैंकिङ क्राइममा समेत उल्लेख्य वृद्धि भएको छ । अझ रोचक त के भने काठमाडौं, ललितपुर र भक्तपुरले चलाएका बैंकिङ कसुरका अधिकांश मुद्दा चेक बाउन्ससँग सम्बन्धित छन् । ठूला व्यापारिक डिल, घरजग्गा कारोबारदेखि सामान्य लेनदेनसम्ममा पनि चेक बाउन्सको लफडा देखिन्छ । यसले भरपर्दो र सुरक्षित मानिने बैंकिङ प्रणालीलाई नै चुनौती दिएको छ ।

काठमाडौं प्रहरी परिसरका प्रवक्ता डिएसपी मोहन थापाका अनुसार जिल्लामा दर्ता भएका ६ हजार मुद्दामध्ये ११ सय ५ वटा मुद्दा बैंकिङ अपराधसँग सम्बन्धित छन् । अहिले आर्थिक अपराध धेरै बढेका छन्, झन्डै ८० प्रतिशत आर्थिक अपराधका उजुरी आइरहेका छन्, थापा भन्छन्- औसतमा मासिक करिब ३० करोड रुपैयाँको चेक बाउन्स हुने गरेको छ । यही अनुपातमा चेक बाउन्स हुने हो भने काठमाडौंमा मात्र वार्षिक ३ देखि ४ अर्ब रुपैयाँ बराबरको चेक बाउन्स हुने उनको दाबी छ ।

काठमाडौंका प्रहरी परिसरमा ५ हजारदेखि ५ करोड रुपैयाँसम्मको चेक बाउन्सको उजुरी दर्ता भएको छ । चेक बाउन्सका ठगी, घरजग्गा कारोबार, रोजगारी, व्यवसाय, लेनदेनसँग जोडिएका सयौं घटनामा सर्वसाधारणको अर्बौं रुपैयाँ ठगहरूको हातमा परेको छ । चालू आर्थिक वर्षमा ७९ वटा बैंकिङ कसुरका मुद्दामा कारबाही चलाएको महानगरीय अपराध महाशाखाका प्रवक्ता नरेन्द्र उप्रेती चेक बाउन्सका धेरै उजुरी आफूहरू कहाँ आएको बताउँछन् । हामी कहाँ धेरैजसो चेक बाउन्सका घटना छन्, उप्रेती भन्छन्, '७९ वटा बैंकिङ कसुरका घटनामा ९६ जना पिडकबाट १ सय ७ जना पीडित भएका छन् ।' महानगरीय अपराध महाशाखाले कारबाही चलाएका ७९ वटा घटनामा १० करोड १९ लाख ७१ हजार रुपैयाँ विगो दाबी गरिएको छ ।

काठमाडौंमा मात्र होइन, उपत्यकाका थप दुई जिल्ला ललितपुर र भक्तपुरमा केही कम भए पनि अवस्था लगभग उस्तै छ । ललितपुर जिल्लामा मात्र चालू आर्थिक वर्षको ११ महिनामा ४८ वटा बैंकिङ कसुरका घटना दर्ता भएका छन् । ५० हजारदेखि झन्डै ४ करोडसम्मका बैंकिङ कसुरका घटनामा १४ करोड ४८ लाख २७ हजार १ सय ८३ रुपैयाँ माग दाबी गरिएको छ । ललितपुर प्रहरीका प्रवक्ता नरेन्द्र चन्द बैंकिङ कसुरका अधिकांश घटना चेक बाउन्सकै रहेको बताउँछन् । हामी कहाँ आएका सबै बैंकिङ कसुरका घटना चेक बाउन्सकै हुन्, प्रवक्ता चन्द भन्छन्, आपसी लेनदेन, सामान खरिद बिक्री, घरजग्गा कारोबार आदि सबै क्षेत्रमा चेक बाउन्स भएका छन् ।

भक्तपुर जिल्लामा आर्थिक वर्ष २०७४/०७५ को जेठसम्म मात्र ११ वटा बैंकिङ क्राइमका मुद्दा दर्ता भए, जसमा १ करोड ४७ लाख रुपैयाँ ठगिएको भन्दै प्रहरीकहाँ उजुरी परेको छ । उपत्यकाका तीन जिल्लामध्ये कम जनघनत्व भएका अन्य दुई जिल्ला काठमाडौं र ललितपुरको तुलनामा कम आर्थिक गतिविधि हुने जिल्लामा बैंकिङ ठगीको यो रकम आफैंमा ठूलो हो । भक्तपुरका डिएसपी रेवतीरमण पौडेलका अनुसार भक्तपुर प्रहरीले बैंकिङ कसुरअन्तर्गत मुद्दा चलाएका यी सबै घटना चेक बाउन्सका हुन् । चेक बाउन्सको डरलाग्दो स्वरूपपछि महानगरीय अपराध महाशाखाले बैंकहरूसँग मिलेर जनचेतना जगाउने काम पनि अघि बढाउने तयारी थालेको छ ।

## विभिन्न स्वरुप

कोही वैदेशिक रोजगारीका लागि विदेश पठाइदिने आश्वासन पूरा नभएपछि दिएको चेकका आधारमा आफ्नो रकम फिर्ता गराउने उजुरी लिएर प्रहरी कहाँ पुगेका छन् । कोही ठगले जग्गा आफ्नो नाममा पास गराई बाउन्स चेक दिएर ठगेको उजुरी लिएर प्रहरीकहाँ धाइरहेका छन् ।

सामान्य कारोबारदेखि करोडौं रुपैयाँसम्म 'चेक बाउन्स'मार्फत ठगिने सर्वसाधारणको ठूलो समूह प्रहरी शरणमा पुग्ने गरेको छ । चेक बाउन्सका विभिन्न स्वरूप एवं प्रकार छन् । वैदेशिक रोजगारी, घरजग्गा किनबेच, जागिर लगाइदिने, सेयर तथा चिट्ठाका नाममा ठगी, अनलाइनमार्फत ठगी, कीर्ते कागजात बनाई ठगी गर्नेहरूले दिने अधिकांश चेक बाउन्स हुने गरेका छन् । अझ यसमा पनि धेरैजसो चेक बाउन्स वैदेशिक रोजगारीमा पठाउन नसकेर रकम फिर्ता गर्न चेक दिने तर चेक नसाटिने प्रहरी बताउँछ । ठगी गर्ने मनसायले यस्ता चेक दिइने काठमाडौं प्रहरी परिसरका डिएसपी थापा बताउँछन् ।

## सुस्त फस्योंट

महानगरीय अपराध महाशाखामा परेका ७९ वटा बैंकिङ कसुरका मुद्दामा ९६ जना पिडकमार्फत १ सय ७ जना पीडित भएको पाइन्छ । १० करोड १९ लाख ७१ हजार रुपैयाँ बिगो दाबी गरिएका ती ७९ वटा केसमध्ये महाशाखाले ३९ वटा केस मिलापत्रमा टुंग्याएको छ । मिलापत्र गरिएका केसको बिगो रकम ३ करोड २८ लाख ४३ हजार रुपैयाँ रहेको महाशाखाले जनाएको छ ।

ललितपुरले जिल्लामा दर्ता भएका ४८ वटा उजुरीमध्ये ५ वटा मात्र फस्योंट भएका छन् । ती पाँचवटा फस्योंट भएका मुद्दामा १ करोड ४२ लाख रुपैयाँभन्दा बढी बिगो माग दाबी गरिएको थियो । ललितपुरमा दर्ता भएका ४३ वटा बैंकिङ कसुरका मुद्दा फस्योंट हुन बाँकी नै छ ।

प्रहरी प्रधान कार्यालयको तथ्यांकअनुसार बैंकिङ कसुरमा चालू आर्थिक वर्षमा मुद्दा चलेका ५ सय ५३ मुद्दामध्ये नेपालभर ७७ वटा मुद्दा फस्योंट भएका छन् । चालू आर्थिक वर्षमा मात्र देशभरका ४ सय ७६ मुद्दा अझै फस्योंट हुन सकेका छैनन् ।

## बैंकिङ कसुरका मुद्दा

| आर्थिक वर्ष | दर्ता संख्या | फस्योंट | बिगो |
|---|---|---|---|
| ०७१/०७२ | ३६ | ३६ | १,६८,३९,५७,६८७ |
| ०७२/०७३ | ४६ | ४२ | २८,९२,८७,७०० |
| ०७३/०७४ | ९३ | २७ | १४,८४,१५,५३६ |
| ०७४/०७५ (वैशाखसम्म) | ५५३ | ७७ | २,४४,५७,६८,४६५ |

नेपाल प्रहरी, केन्द्रीय कार्यालय

## के छ कानुनमा ?

बैंकिङ कसुर सजाय ऐन-२०६४ मा बैंकिङ कसुर गर्नेलाई तीन महिनासम्म कैद, बिगो भराउने तथा बिगोबमोजिमको जरिवाना हुने व्यवस्था छ ।

## अज्ञानताका कारण ठगिने धेरै छन्



नरेन्द्रप्रसाद उप्रेती,
प्रहरी उपरिक्षक,
महानगरीय अपराध
महाशाखा

बैंकिङ कसुरमा जो ठगिनुभएको छ उहाँहरूमा पनि ज्ञान छैन । चेक दिनेलाई पनि चेक बाउन्स भयो भने कारबाही हुन्छ भन्ने जानकारी छैन । आज खाता खोल्यो भोलि बन्द गरिदिने चलन पनि बढेको छ । चेक साट्न जाँदा कतिपय अवस्थामा बैंकमा खाता नै हुँदैन । अरूलाई झुक्याएर र विश्वासमा पारेर पनि चेक लिने र ठग्ने काम भएको पाइन्छ । अर्काको चेक काटिएको पनि देखिन्छ । बैंकिङ कसुरमा धेरै प्रकारका समस्या देखिएका छन् ।

सबैभन्दा पहिले बैंकिङ ट्रान्जेसनमा कानुनले बन्देज लगाएका कुरा गर्न रोक्नुपर्‍यो । त्यसको पालना गर्नुपर्‍यो, जथाभावी अरूलाई चेक काटेर दिनु भएन । त्यसका बारेमा जनचेतना अभिवृद्धि गर्नुपर्‍यो । चेक नभएको खाताको चेक काट्नु भएन, मानिसहरूलाई यसरी झुक्याउनु ठग्नु भएन् । ठग्ने क्रम जुन रूपमा बढिरहेको छ, त्यसलाई नियन्त्रण गर्न प्रहरीको प्रयासले मात्र पुग्दैन, सबैको प्रयास आवश्यक छ । बैंकहरूले पनि आफ्ना ग्राहकहरूलाई यो कुरा गर्न हुन्छ, यो कुरा गर्नु हुँदैन भनेर सूसुचित गर्ने, बैंकमै ठूला बोर्डहरूमा त्यो कुरा लेखेर राखिदिने हो भने पनि ठूलो परिवर्तन आउँछ ।

बैंकिङ कसुर घटाउन, नियन्त्रण र निरुत्साहित गर्न बैंकहरूको पनि निकै ठूलो भूमिका हुन्छ । महाशाखाले यसमा बैंकहरूसँग सहकार्य समेत गर्न खोजिरहेको छ । के गरे बैंकिङ कसुर हुन्छ भन्ने जनचेतना जगाउन सकियो भने पनि त्यसले सकारात्मक परिवर्तन ल्याउँछ । प्रभावकारी प्रहरी कारबाही त हामीले गरिरहेकै छौं । चेक पाएपछि नसाटेरै पैसा नै पाएको विश्वास गर्ने अज्ञानताले पनि मानिसहरू ठगिएका छन् । हामीले चेक बाउन्समार्फत ठगिएको करोडौं रुपैयाँ रिकभर पनि गरिदिएका छौं, तर त्यो पर्याप्त छैन । बैंकिङ कसुरमा बिगो दाबी अनुसारको जरिवाना र कैद सजायसमेत हुन्छ । प्रहरीले एक वर्षभित्रमा बाउन्स भएका चेकहरू हेर्छ, तर अदालतबाट बाउन्स भएको ५ वर्षसम्म सजाय हुन सक्छ ।

पहिलो विश्व







© EPA

AFP/Getty Images

# नराम्राका पनि दिन आउँछ



अधिकांश प्रतियोगिता राम्राहरूबीच नै हुन्छ । धेरै थोरै प्रतियोगिता भने कुनचाहिँ सबैभन्दा नराम्रो भन्नेमा हुन्छ । पश्चिमी समाजमा कुकुरलाई सर्वाधिक प्रिय जनावर मानिन्छ र कुकुर पाल्ने क्रममा सबै राम्रा र उन्नत नश्लकै कुकुर पाल्ने होडमा हुन्छन् । यो होडमा नराम्रा कुकुरहरूको हविगत हुने देखेर वार्षिक रूपमा कुरूप देखिने कुकुरहरूबीच कोचाहिँ सर्वाधिक कुरूप भन्ने प्रतियोगितासमेत हुन्छ । यो वर्षका लागि हालै आयोजित प्रतियोगितामा ९वर्षीय बुलगड जातिको जासा-जासाले उपाधिसहित १ लाख ६० हजार रुपैयाँ जितेको छ ।




# मोटी महिलालाई निःशुल्क

चीनको ताङ साम्राज्यसँग मेल खाने पार्क सञ्चालनमा आएपछि उक्त पार्कमा आउने मोटी महिलालाई केही समयका लागि निःशुल्क प्रवेशको व्यवस्था मिलाइएको छ । ताङ राजघरानाको आठौं शताब्दीको इतिहासअनुसार याङ गुइफी चीनका चार सुन्दरीमध्ये एक मानिन्छिन् । उनको सौन्दर्यको चर्चा चीनमा अझै पनि हुन्छ । उनी केही मोटी थिइन्, त्यही भएर उनको सम्झनामा खुलेको पार्कमा मोटी महिलाहरूलाई निःशुल्क प्रवेशको व्यवस्था मिलाइएको हो । उक्त छुटको अवसर पाएपछि धेरै मोटा महिलाहरू उक्त पार्कमा पुगेका थिए । पार्कका सञ्चालकहरूले ६१ दशमलव ८ किलोग्रामभन्दा बढी तौल भएका महिलाहरूलाई मात्र निःशुल्क प्रवेश दिएका थिए । पार्कका सञ्चालकहरूले निःशुल्क प्रवेश चाहने महिलाहरूलाई प्राचीन शैलीमै तुलामा राखेर उनीहरूको तौल लिन्छ । चीनमा अहिले तौल हेरेर छुट दिने चलन बढ्दै गएको छ ।

केही समयअघि एक रेस्टुराँले मोटो पुरुष तथा उचाइअनुसार कम तौल भएका महिलाहरूलाई निःशुल्क प्रवेशको व्यवस्था मिलाएको थियो ।

# निर्जन टापुमा २९ वर्ष




आधुनिक समाजबाट विरक्तिएका जापानका मासाफुमी नागासाकीले एक निर्जन टापुमा २९ वर्ष बिताएका छन् । कुनै बेला मनोरञ्जनको क्षेत्रमा कार्यरत नागासाकी सन् १९८९ देखि जापानकै एक टापुमा जीवन बिताइरहेका थिए । ८२ वर्षीय नागासाकीले जापानको सोतोबानारी टापुलाई आफ्नो बासस्थान बनाएका हुन् । मुटु आकारको उक्त द्वीप आधा किलोमिटर मात्र फराकिलो छ । पिउने पानी र खानाको व्यवस्था नभएको उक्त द्विपमा उनलाई चाहिने खाना र पानी लिन भने उनी नजिकको मानवीय बस्ती पुग्थे । टापुमा कोही नभएका कारणले भन्दा पनि प्रकृतिले मानिसलाई निर्वस्त्र बस्न नै लगाएका कारण उनी त्यहाँ निर्वस्त्र बस्छन् । आफू त्यहाँ पुगेको केही समयपछि द्वीपमा आएको आँधीले उनका सबै सामान उडाएपछि उनी निर्वस्त्र बस्न थालेका हुन् । स्थानीय माझीहरू पनि जान डराउने उक्त द्वीपमा एउटा वृद्ध मानिस बसोबास गर्ने चर्चा चलेपछि सन् २०१२ मा उनको समाचार बाहिर आएको हो । एक पर्यटकले उनी बिमारी परेको खबर प्रहरीलाई सुनाएपछि हाले उनको उद्धार गरेर सरकारी अस्पतालमा पुर्‍याइएको छ ।

# गौंथलीले घर भत्काउन रोक्यो



चीनमा सरकारले भत्काउन लागेको एउटा घर गौंथलीका कारण केही समयका लागि स्थगित गर्नुपरेको छ । जेजिआङ प्रान्तस्थित उक्त घर भत्काउने तयारी गर्दा त्यहाँ गौंथलीले बच्चा कोरलिरहेको देखिएपछि भवन भत्काउने कार्य रोक्नुपरेको हो । पिपुल्स डेलीका अनुसार चराको चिरबिर सुनेपछि कामदारहरूले उक्त घरमा गौंथलीले बच्चा हुर्काइरहेको कुरा थाहा पाएका थिए । भवन भत्काउने कार्यका प्रमुख जु हेनका अनुसार उक्त घरमा गौंथलीले ४ वटा बच्चा हुर्काइरहेको र अर्को गुँडमा ९ वटा अण्डा कोरलेको पाइएको छ । गौंथलीलाई हटाउन नमिल्ने हुनाले अब भवन अधिकारीहरूले गौंथलीले सबै बच्चालाई हुर्काएर लगेपछि मात्र भवन भत्काउने जनाएका छन् । यसका लागि प्राविधिकहरूले करिब १ महिना कुर्नुपर्ने भएको छ ।

# झरीको मज्जा

वर्षायाम, कवि तथा गीतकारहरुको प्रिय मौसम । यही मौसममा प्रेमिल मनहरु रोमाञ्चित हुन्छन् । सिमसिमे पानीमा रुझ्नुको आनन्द बेग्लै हुन्छ । त्यस्तो आनन्द महसुस गर्न कतिपय मानिस स्वेच्छाले नै पानीमा रुझ्न रुचाउँछन् । यो मौसममा रुझेर, सिमसिम पानी परिरहेको हेरेर वा त्यसको चर्को-मधुरो आवाजमा रमाउनेहरु पनि प्रशस्तै हुन्छन् । वर्षायामको यस्तो रोमाञ्चकतामा सावधानीअपनाउन सकिएन भने कतिपय समस्या पनि देखा पर्न सक्छन् । यस्ता समस्याहरुको ख्याल गरेर यो मौसमलाई आफ्नै किसिमले सेलिब्रेसन गर्न सकिन्छ । शास्त्रीय तथा वैज्ञानिक मान्यताअनुसार वर्षायाम नै सृष्टिलाई निरन्तरता दिने मौसम हो । यस्तो मौसममा मानिसका सपनाले पनि अनेक रंग हाल्छन् । पखेटा र प्वाँखबिनाका सपनाले पनि अनन्त आकाश छुन खोज्छन् । वर्षा मौसमको केही यिनै विशेषतालाई समेटेर साप्ताहिकले यो पृष्ठ संयोजन गरेको हो ।



## बढी पानी पर्ने स्थान





**मौसिनराम**

संसारको सबैभन्दा बढी पानी पर्ने स्थान भारतको मेघालयको मौसिनराम हो । यहाँ वार्षिक रूपमा औसत ११ हजार ८ सय ७३ मिलिमिटर पानी पर्छ । जुनदेखि सेप्टेम्बरसम्म घना मनसुन हुने र वर्षैभरि मेघ अर्थात् बादलले ढाकिरहने हुँदा यो ठाउँको नाममै मेघालय रहेको हो ।

**कम पानी पर्ने स्थान**

संसारकै सबैभन्दा कम पानी पर्ने स्थान अन्टार्कटिका महादेशको मैकमुर्डो ड्राई भ्याली हो । चारैतिर हिउँको चट्टानले घेरिएको यो उपत्यकामा विगत १४ हजार वर्षदेखि पानी परेको छैन । पानी नपरे पनि हिउँले घेरिएका कारण यो ठाउँ सुख्खा भने छैन ।



**नेपालको सबैभन्दा बढी र कम पानी पर्ने स्थान**

नेपालमा सबैभन्दा बढी पानी पर्ने स्थान पोखरा हो । यहाँ हरेक वर्ष औसत रूपमा ३ हजार ३ सय ४५ मिलिमिटर पानी पर्ने मौसम विभागको तथ्यांकमा उल्लेख छ । त्यसैगरी नेपालमा सबैभन्दा कम पानी पर्ने ठाउँ मुस्ताङ हो, जहाँ औसत वार्षिक वर्षा ३ सय मिलिमिटर हुन्छ ।

## झरी ट्विट



पुरानो किताबको झैं गाता फेरियो
तिम्रो र मेरो हिजोको नाता फेरियो
झरी उस्तै आज पनि सिमसिमे छ
फरक तिमीले ओढेको छाता फेरियो ।

**सान्भी पौडेल**

ए ! झरी..
अझै कति दिन दर्किन्छौं यसरी ?

**मानुषी**

यो झरी र सरकारबीच बडो रोचक प्रतिस्पर्धा भैरहेको छ, देस कसले पहिला डुबाउने भनेर, हामी रमिता हेरी रहेछौं किनारको ढुङ्गा बनेर ।

**अल्टर सरकार**

यो झरी अनि भिजेको मन अनि उनको याद उस्तै-उस्तै रहेछ ।
जतिबेला पनि चिसै रहने ।

**आई एम गुन्डा**

झम-झम झरी परिरहेछ ।
आज मम्मीकी बुहारीको धेरै सम्झना आइरहेछ ।

**इ.रवीन्द्र अधिकारी**

यत्रो झरी पर्दा नि, त्यो मोरीको याद बगाएर लादैन त !

**बौला**

यही झरी अघिसम्म कति दिक्कलाग्दो, तगारो जस्तो थियो, यही झरी तिमी आएसी रोमाञ्चित लाग्न थाल्यो ।

**नीलगिरि**

ए झरी नझरिदेऊ यसरी चिप्लेर लडिन्छ फेरि नेमारै जसरी ।

**डाक्टरको भाइ**

तिम्रा ती यादहरूको झरी यो दिमागमा झर्छ ।
अनि बिचरा डुबानमा चाहिँ यो निर्दोष मुटु पर्छ ।

**गुरुङ**

रुझाउन त तिम्रो मायाले रुझाएको थियो, झरी त बस एउटा बहाना मात्र हो ।

**अल्लारे**

झरी त पर्छ असिना झर्दैन
मन त पर्छ तर लप पर्दैन ।

**गंगा जोशी**

कालो बादल....
त्यसपछिको झरी ....
र उनको याद..
मज्जा नै बेग्लै छ ।

**विशाल पन्त**

किताब च्यातिएपछि गाता के काम
सुख-दु:खमा काम नलाग्ने नाता के काम
झरीमा निथ्रुक्क भिजेपछि
मुसुक्क हाँस्दै दिएको त्यो छाता के काम ।

**प्रदीप खड्का**

जिन्दगीमा पहिलो पटक बेरोजगार शब्द पनि मन पर्‍यो, किनभने मलाई लाग्छ झरी बेरोजगार भएछ ।

**वसन्त ऋतुराज**

प्रिय, मलाई यो झरी,
यो कफी र तिम्रा यादहरू औधी मन पर्छन् ।

**प्रकाश**

सायद, बादलको संगतले हुनुपर्छ ।
सूर्य पनि मलिन देखिँदैछ, झरी परेको त्यो पल ।

**ह्यारी**

सायद उनी पनि झरी हेर्दै टोलाउँदा हुन्
बिस्तारै मेरो नाम लिई बोलाउँदा हुन् ।

**मन्जु केसी**

उता पर्खाइ लम्बिएर मन अतालिँदै होला यता असारे झरी नरोकिएर मन अतालिँदै छ ।

**सुशील भण्डारी**

कान्छी तिम्रो माया पनि असारको झरी जस्तै भो ।
आउँछ भन्ने आश हुने, तर कतिखेर कति आउँछ था' नहुने ।

**तिमिल्सिना ब्रो**

उनी र मौसमे झरी उस्तै हुन्, कति बेला रिसाउँछन् पत्तै नहुने ।

**सरोजजी**

बाहिर एकनासले झरी परिरहेछ, तर म भने मरुभूमि बनेको छु, जहाँ बालुवा र सिउँडीहरू मात्र छन् । तिमी नहिँड्नु मेरो जिन्दगीमा । म तिम्रो कोमल पैतालामा बिझाउन चाहन्न ।

**नवीन प्यासी**

सिमसिम परेको झरी
..भ्यागुताहरूको ट्वार ट्वार..
कीराहरूको किर किर.. अनौठो संगीतको अतुलनीय मिश्रण ।

**जिरो हंगर**

बोलाउँदा बोल्ने पो आकाशकी परी
भाउ खाने जति त बेमौसमी झरी ।

**रोविन पौडेल**

यो झरीसँग पनि केही सम्बन्ध छ, जब झरी पर्दै जान्छ, तब उनको सम्झना बढ्दै जान्छ ।

**सगरमाथाको छोरो**

झरी इन्ज्योइ

# झरीमा के गरेर रमाइलो गर्नुहुन्छ ?







झम-झम झरी पर्दा वातावरण साँच्चिकै रोमाञ्चक हुन्छ । वर्षाको पानी जब पातमा बजारिन्छ, त्यसको आवाजले मलाई छुट्टै मज्जा दिन्छ । बाल्यकालमा झरीमा भिजेर रमाइलो गरिन्थ्यो, अहिले हेरेर र मन पर्ने खानेकुरा खाएर रमाइलो गरिन्छ ।

**पुजना प्रधान, अभिनेत्री**

कफीको स्वाद लिँदै गिटार बजाउँदा रमाइलो हुन्छ ।

**कमल खत्री, गायक**

झरीमा रुझ्नुभन्दा झरी हेरेर मज्जा लिनु रमाइलो लाग्छ । आफूलाई मन पर्ने मदिरासँग मीठा-मीठा परिकारको स्वादमा रमाइलो गर्ने हो, त्यसै मज्जा छ ।

**नवीन मानन्धर, अभिनेता**

घरमै टिभी हेर्दै मीठा-मीठा परिकार खाएर रमाइलो गरिन्छ ।

**सुष्मा कार्की, अभिनेत्री**

पानी पर्दा एकदमै रमाइलो लाग्छ । पानी पर्दा प्रायः तातो कफीसँगै मेरो हातमा गिटार हुन्छ । म झ्यालको छेउमा बसेर पानीको छिटाले भिज्दै झरीको मज्जा लिन्छु ।

**दीपक ढकाल, अभिनेता**

चलचित्र हेर्छु, सकेसम्म नेपाली चलचित्र हेर्छु । बेस्सरी झरी परेका बेला घरमै बसेर नेपाली चलचित्र हेर्दै आफूलाई मन पर्ने परिकारको स्वाद मात्र लिन्नँ, हल्का ड्रिक्ससमेत गर्छु ।

**विक्रान्त बस्नेत, अभिनेता**

पानी पर्न थालेपछि झ्याल तथा बरन्डाको ढोका खोलेर सुत्दा एकदम आनन्द लाग्छ । निन्द्रा पनि मीठो आउँछ । झम-झम पानी पर्दा ममीले बनाएको पकौडा र चिया खाँदै टिभी हेर्न मज्जा लाग्छ ।

**एकनारायण भण्डारी, गीतकार**

म भिज्न एकदमै रुचाउँछु । सकेसम्म भिजेर रमाइलो गर्न मन लाग्छ । तातो खानेकुरा, कफीका साथै मन पर्ने अन्य विभिन्न परिकार खाएर रमाइलो गर्छु ।

**गोविन्द शाही, कलाकार**

झरी पर्दा रोमान्टिक हुँदै घरमै बसेर तात्तातो खानेकुरा खान रुचाउँछु । भुटेको मकै, भटमास चिया अथवा कफीसँग खाँदा मज्जा हुन्छ । घरबाहिर छु भने सकेसम्म भिजेर रमाइलो गर्न मन लाग्छ ।

**देवराज गैरे, गीतकार**

# कस्तो हुनुपर्छ साउने आहार



प्रा.डा. वीणा पौड्याल
*संस्कृतिविद्*

- नक्षत्र साउनको प्रभुत्व रहेको महिना साउन चतुर्मासको पहिलो महिना भएकाले व्रत, उपासना तथा विशेष पूजा गर्ने प्रचलन छ ।
- चतुर्मासको चार महिना सकेसम्म शाकाहारी खाना खानुपर्छ । नसके साउन महिनाभर, त्यो पनि नसके साउनको सोमबार मांसहार बार्ने विधान छ ।
- पशुपन्छी एवं जलचरहरूको अण्डा पार्ने र बच्चा हुर्काउने समय भएकाले पशुपन्छी नमारी वृद्धि गर्ने उद्देश्यले पनि शाकाहारी खाना आवश्यक मानिएको हो ।
- साउन महिनाको पूर्णिमामा नरिवलको दुग्ध शिवलाई चढाएर प्रसाद खाइन्छ ।
- शाकाहारी खाना, दूध, दही, नरिवल खाने तर मुला, गान्टेमुला नखाने चलन छ । यसैगरी यो महिनामा गोलभेंडा, कुभिन्डो, भान्टा, लसुन, प्याज आदिलाई पनि बिटुलो मानिन्छ ।
- साउनको पहिलो आइतबार दम्पतीले वीरपस्ली व्रत बसेर सम्पूर्ण जनावरको भलाइको कामना गर्दै साँझ फलफूल खाने चलन छ । वीरपस्ली व्रत साउन महिनामा शुद्ध शाकाहारी खाना खाएर बसिने व्रत हो । यो व्रत भारतमा बढी बसिन्छ ।

# वर्षाका स्वास्थ्य समस्या



- वर्षायाममा वातावरण तथा दूषित पानीका कारण अनेक रोग लाग्ने सम्भावना हुन्छ । यति बेला पानी पर्ने भएकाले जीवाणुको विकास तीव्र गतिमा हुन्छ । चिसो लाग्नुका साथै खोकी तथा फ्लुले छिट्टै अतिक्रमण गर्ने सम्भावना हुन्छ ।
- वर्षायाममा दूषित पानी तथा बासी खानेकुराका कारण झाडा पखाला तथा हैजा लाग्न सक्छ । यो रोग पानीको स्रोतमा पाइने जीवाणुबाट फैलन्छ ।
- चिसो, रुघाखोकी तथा फ्लुजस्ता समस्या पनि यही मौसममा बढी देखिन्छ । यो मौसममा घाँटी दुख्ने, ज्वरो आउने, टाउको दुख्ने, मांशपेशी दुख्ने तथा खोकी लाग्ने जस्ता समस्या समेत सिर्जना हुन्छ । लामखुट्टेको टोकाइले हुने मलेरिया पनि यही मौसममा देखा पर्छ ।
- वर्षायाममा धेरैजसोले टाइफाइडको सिकारसमेत हुनुपर्छ । साल्मोनिला टाइफी नामक जिवाणुका कारण टाइफाइड हुन्छ । टाइफाइडको जिवाणु दुषित फलफूल तथा पानीबाट सर्छ ।

## कसरी सुरक्षित रहने ?

- घर बाहिर निस्कँदा आफूलाई आवश्यक सामग्री अर्थात् छाता, रेनकोट आदि बोक्न बिर्सनु हुँदैन ।
- पोषिलो तथा सन्तुलित खानेकुरा खानुपर्छ । सकेसम्म घरबाहिरका खानेकुरा खानुहुँदैन । भिटामिन सीयुक्त खानेकुरा खानुपर्छ ।
- झोल खानेकुरा, सूप बढी मात्रामा पिउनुपर्छ । उमालेर फिल्टर गरिएको पानी प्रशस्त मात्रामा पिउनुपर्छ ।
- खानेकुरा खुल्ला राख्नु हुँदैन ।
- काटेर खुल्ला राखिएका फलफूल तथा स्ट्रिट फुड खानु हुँदैन ।
- हरिया सागपात राम्रोसँग धोएर सफा गरी उमालेर मात्र खानुपर्छ । सलाद खानुपरे बोक्रा ताछेर तथा तातोपानीले धोएर मात्र खानु उपयुक्त हुन्छ ।

# झरीका परिकार



### मकै
यो मौसममा प्रशस्त मात्रामा पाइने हुँदा मकैका विभिन्न परिकार बनाएर खाने चलन छ । हरियो मकै पोलेर वा उसिनेर खान सकिन्छ । त्यसैगरी दूधालु मकैलाई पिसेर रोटी तथा फाडो सुप बनाएर खाने चलन पनि छ ।

### भटमास
साउन भदौमा हरियो भटमास प्रशस्त पाइन्छ । उसिनेर खानेदेखि लिएर छोडाएर दालका रूपमा समेत हरियो भटमास प्रयोग गरिन्छ ।

### खीर
साउन भदौमा दूधको उत्पादन बढी हुने भएकाले यो बेला बढी खाइने परिकारमध्ये खीर पनि एक हो । दूधमा चामल, मकैको च्याख्ला आदि खाद्यान्न मिसाएर खीर पकाइन्छ । यसलाइ स्वादिष्ट बनाउन घ्यू, काजु, नरिवल, मरिच आदि मसला समेत हालिन्छ । यी मसलाबाट प्राप्त हुने ऊष्णताले वर्षा याममा भिजेको शरीरलाई विभिन्न रोग-व्याधिबाट जोगाउँछ ।

### हरियो काँक्रा तथा खोर्सानीको अचार
यो समयमा प्रशस्त मात्रामा खोर्सानी पनि फल्छ । हरियो काँक्रा तथा पिसेको हरियो खुर्सानी निकै स्वादिलो हुन्छ ।

### किन खाने अदुवा र तुलसी ?
अदुवाले यो समयमा हुने विभिन्न प्रकारका इन्फेक्सनबाट जोगाउँछ । त्यसैले चिया, सुप, खिचडीजस्ता विभिन्न परिकार बनाउँदा अदुवा तथा तुलसी प्रयोग गर्नु लाभदायक हुन्छ ।

# मासु किन कम खाने ? दूध किन बढी खाने ?



डा. वासुदेव उपाध्याय
*आयुर्वेद चिकित्सक*

वैज्ञानिक रूपमा वर्षामा मासु खानु हुँदैन भनेर कतै उल्लेख गरिएको छैन । यद्यपि आर्युवेदका अनुसार वर्षायाममा शरीरमा पित्त वृद्धि हुन्छ । मासुले पनि पित्त बढाउने हुँदा यसको सेवन निषेध गरिएको हो । अर्को कुरा, वर्षायाममा हावामा आद्रता कम हुने भएकाले मासु चाँडै बिग्रने सम्भावना हुन्छ । हामी सबैलाई थाहा भएकै कुरा हो, बिग्रिएको मासु कुनै पनि अवस्थामा स्वस्थकर हुँदैन । त्यसैले कतिपय मानिस यो मौसममा सकेसम्म मासु खानबाट जोगिन्छन् । अर्कातर्फ दूधमा मासुको ठीक विपरीत गुण हुन्छ । दूधको शीत गुणले शरीरमा बढेको पित्तलाई समन गर्न सहयोग गर्छ । त्यसैले वर्षायाममा दूधको सेवन शरीरका लागि लाभदायक मानिन्छ ।

YouTube झरी प्लेलिस्ट

| | | | |
|---|---|---|---|
| १ | मनसुन सङ्स-२०१७ | च्यानल | बलिउड म्युजिक |
| २ | रोमान्टिक रेन | च्यानल | बलिउड क्लासिक |
| ३ | मनसुन स्पेसल | च्यानल | शेमारु फिल्मी गाने |
| ४ | बलिउड रेन | च्यानल | सारेगम म्युजिक |
| ५ | बेस्ट रेन सङ्स | च्यानल | सारेगम म्युजिक |
| ६ | टप ५० मनसुन स्पेसल | च्यानल | सारेगम म्युजिक |
| ७ | टिप टिप वर्षा पानी | च्यानल | भेनस |
| ८ | मनसुन सङ्स | च्यानल | बिइङ ह्युमन |
| ९ | मनसून स्पेशल | च्यानल | टि-सिरिज |
| १० | रोमान्स इन रेन | च्यानल | टि-सिरिज |

विश्वकप समीक्षा

# कहाँ आशा र कहाँ निराशा



सञ्जीव मिश्र



**विश्वकप फुटबल-२०१८ मा केही नयाँ र फरक परिदृश्यहरु देखिए । आशा गरिएकै टिमबाट विश्व च्याम्पियन निस्किए पनि एउटा अन्डरडग टिमले पनि विश्वकप फाइनल खेल्यो । यो विश्वकपमा पहिलो पटक भिडियो असिस्टेन्ट रेफ्री (भिएआर)को प्रयोग भयो । त्यसले केही सकारात्मक परिणाम समेत दियो ।**

## अन्डरडग टिम

उद्घाटन खेलकै क्रममा पनि त्यो देखियो । समूह 'ए'मा रहेको रसिया फिफा वरियतामा सबैभन्दा पुछार अर्थात् ७० औं स्थानको टिम थियो । मैले उक्त उद्घाटन खेल लुजनिकी स्टेडियममा प्रत्यक्ष हेरें । उक्त खेलमा रसियाले साउदी अरेबियामाथि ५-० को जित निकाल्यो, त्यो खेल सबैका लागि अप्रत्याशित थियो । दोस्रो खेलमा रसियाले इजिप्टमाथि ३-० को जित निकाल्यो । स्पेनजस्तो टिकीटाका शैलीको उत्कृष्ट फुटबल खेल्ने तथा सन् २०१० को विश्वविजेता स्पेनलाई पनि रसियाले नकआउट चरणबाटै घर पठायो । यस्तै अर्जेन्टिनालाई ३-० को अन्तरले हराउने क्रोएसिया पनि अन्डरडग टिमका रूपमा देखा पर्‍यो । धेरैको अपेक्षाविपरीत क्रोएसिया फाइनलसम्मै पुग्यो ।

यस्तै, एसियाली देश जापानले पनि विश्वकपमा उत्कृष्ट प्रदर्शन गर्दै अन्तिम १६ मा आफ्नो स्थान पक्का गर्‍यो । समूह चरणको पहिलो खेलको चौथो मिनेटमा कोलम्बियाका खेलाडीले रेडकार्ड तथा जापानले पेनाल्टी पाए । कोलम्बियामाथि २-१ को जितपछि जापान दक्षिण अमेरिकी टिमलाई हराउने पहिलो एसियाली टिम बन्यो । जापान नकआउट चरणमा बेल्जियमसँगको खेलमा पनि एसियाली टिमहरू युरोपेली टिमभन्दा कम नभएको छाप छोड्न सफल भयो । अर्को एसियाली टिम इरानले पनि उत्कृष्ट प्रदर्शन गर्‍यो । उसले समूह चरणमा मोरोक्कोलाई पराजित गर्‍यो भने सन् २०१६ को युरोपेली च्याम्पियन पोर्चुगलसँग बराबरी खेल्यो ।

दक्षिण कोरियाले सन् २०१४ को विश्व च्याम्पियन जर्मनीलाई २-० ले पराजित गर्दै सनसनी मच्चायो । सन् २०१६ को युरोकपदेखि कम जनसंख्या भएको देश आइसल्यान्ड ब्रेक वालजस्तो डिफेन्स भएको गोल गर्न एकदम गाह्रो टिमका रूपमा चर्चित भएको थियो । पहिलो खेलमा अर्जेन्टिनासँग १-१ को बराबरी गरेर आइसल्यान्डले त्यही छाप देखायो । त्यसैले विश्वकप-२०१८ मा रसिया, क्रोएसिया, दक्षिण कोरिया, जापान तथा आइसल्यान्ड अन्डरडग टिम रहे ।

## खेलाडीहरूको उदय

प्रतिभावान युवा खेलाडीका रूपमा फ्रान्सेली टिमबाट केलियन एमबाप्पेको उदय भयो । एमबाप्पेले फाइनल समेत गरेर चार गोल गर्दै आफू उत्कृष्ट युवा खेलाडी भएको दरिलो प्रमाण दिए । पेरुविरुद्धको जितमा एमबाप्पेको गोल निर्णायक रह्यो । नकआउट चरणमा भेट भएका फ्रान्स र अर्जेन्टिना दुवैलाई यो विश्वकपको दावेदार मानिएको थियो । फ्रान्सको टिमवर्क उत्कृष्ट भए पनि अर्जेन्टिना सजिलै हार्दैन भन्ने अपेक्षा थियो । यो विश्वकपको वान अफ द बेस्ट गेम नै त्यही हो । त्यही खेलबाट एमबाप्पे असाधारण खेलाडीका रूपमा उदाए । उनी सन् १९५८ पछि पहिलो पटक पेलेसँगै युवा उमेरमै गोल गर्ने खेलाडीका रूपमा स्थापित भए । एमबाप्पेको दुई गोलको मदतले फ्रान्सले अर्जेन्टिनालाई ४-३ ले पराजित गरेर क्वाटरफाइनलमा पुग्यो । एमबाप्पेले लियोनल मेसी, क्रिस्टियानो रोनाल्डो, नेयमारजस्ता खेलाडीहरूको प्रदर्शनलाई छायाँमा पारे ।

फ्रान्सका एन्टोनियो ग्रिजम्यानले त विश्वकपभरि नै फ्रान्सका लागि 'आर्किटेक्ट'को भूमिका निर्वाह गरे । उनले पनि विश्वकपमा फ्रान्सका लागि ४ गोल गरे ।

यस्तै, स्वर्णिम पुस्ता मानिएको बेल्जियमका गोल्डेन ग्लोब्स विजेता गोलकिपर थिबाउट कोर्टिज, इडेन हाजार्ड तथा केभिन ब्रुइन पनि चम्किए । कोस्टारिकाका गोलकिपर नाभासले वान म्यान सोजस्तै प्रदर्शन गरे, जसका कारण कोस्टारिकाले कम गोल खायो ।

क्रोएसियाका लुका मोड्रिचले सबैलाई प्रभावित तुल्याए । त्यसैले उनले विश्वकपकै उत्कृष्ट खेलाडीका घोषित हुँदै गोल्डेन बल जिते । यस्तै क्रोएसियाकै इभान राकाटिच, पेरिसिस आदि खेलाडीले पनि उत्कृष्ट प्रदर्शन गरे । कोलम्बियाका युरिन मिनाले यो विश्वकपमा हेडमार्फत ३ गोल गरेर आफूलाई नयाँ स्टारमा रूपमा उभ्याए । इंग्ल्यान्डका गोलकिपर जोर्डन पिकफोर्डको प्रदर्शन पनि उत्कृष्ट रह्यो । गोल्डेन बुट विजेता हेरी केनको प्रदर्शन पनि हेर्न लायक थियो । केन सन् १९९० पछि इंग्ल्यान्डका लागि विश्वकपमा ह्याट्रिक गर्न सफल भए । प्रतियोगितामा दुई वटा ह्याट्रिक भए, एउटा रोनाल्डो र अर्को हेरी केनको ।

## फ्लप स्टार

विश्वकपमा १० गोल गरिसके पनि जर्मनीका थोमस मुलर यो विश्वकपमा फ्लप साबित भए । सन् २०१० को विश्वकपमा गोल्डेन बुट जितेका मुलरको टिम समूह चरणबाटै बाहिरियो । सन् २०१४ को गोल्डेन बुट जितेका कोलम्बियाका जेम्स रोगिड्रवेज चोटका कारण मैदानमा ओर्लन सकेनन् । त्यसैले उनीबाट पनि अपेक्षा अनुरूपको प्रदर्शन भएन ।

पोल्यान्डका रोबर्ट लेवाडोस्की पनि असफल भए । स्पेनका गोलकिपर डेभिड डे गिया चर्चित क्लब म्यानचेस्टरका गोलकिपर भए पनि उनले प्रभाव जमाउन सकेनन् । अर्जेन्टिनाका निकोलस ओटामेण्डी पनि असफल रहे ।

अर्जेन्टिनाका प्लेमेकर मेसी तथा ब्राजिलका स्ट्राइकर नेयमारले चर्चाअनुसार प्रदर्शन गर्न सकेनन् । रोनाल्डोले एक ह्याट्रिकसहित ४ गोल गरेर सकारात्मक चर्चा बटुले पनि समग्रमा उनको प्रदर्शन पनि चर्चाअनुसार भएन । मेसीका लागि विश्वकप उति राम्रो रहन सकेन । भलै, अर्जेन्टिनालाई नकआउट चरणमा पुर्‍याउन नाइजेरियाविरुद्धको खेलमा उनले उत्कृष्ट गोल गरेका थिए ।

## आशा गरिएका टिम

यो विश्वकपमा सबैभन्दा आशा गरिएका टिम अर्जेन्टिना, ब्राजिल, जर्मनी, बेल्जियम, फ्रान्स तथा स्पेन नै हुन् । विश्व च्याम्पियन बन्ने आशा गरिएका टिमहरूबाट नै विजेता निस्कियो । आशा गरिएका टिम बाहिरबाट अनपेक्षित रूपमा एउटा अन्डरडग टिम फाइनल पुग्यो– क्रोएसिया । इंग्ल्यान्डले फाइनल खेल्ने अपेक्षा गरिएको थियो, उसले त्यो आशा पूरा गर्न सकेन् । ब्राजिल क्वाटरफाइनलबाट बाहिरियो । अझ स्पेन त नकआउट चरणबाटै बाहिरियो । यो विश्वकपमा सबैभन्दा असफल टिम जर्मनी रह्यो । जर्मनीले समूह चरण नै पार गर्न सकेन् । हरेक फुटबलप्रेमीले फ्रान्सबाट आशा गरेका थिए । युवा टिम फ्रान्सले त्यहीअनुसारको नतिजा निकाल्यो । आशा गरिएको अर्को मुख्य टिम बेल्जियम थियो, जसको प्रदर्शन अपेक्षाअनुकूल नै रह्यो ।

## सेमिफाइनलको सनसनी

फ्रान्स र बेल्जियमको सेमिफाइनल साँच्चिकै गाह्रो थियो । उक्त खेल अघि फ्रान्स ४-२-३-१ मा खेलिरहेको थियो भने बेल्जियम ३-४-३ मा खेलिरहेको थियो । दुवै टिम फेबरेट र ५०/५० प्रतिशत अवसर भएका टिम थिए । फ्रान्सलाई रोक्नलाई हुन सक्छ बेल्जियमले आफ्नो रणनीति बदल्दै ३-५-२ को रणनीति अँगाल्दै हाजार्ड र लुकाकुलाई मात्र फरवार्डमा राख्यो । एमबाप्पेलाई फलानी र चार्लीले डबल मार्किङ गर्न थाले । त्यही कारणले उनीहरू आफ्नो स्वभाविक लयबाट वञ्चित भए । त्यसकारण त्यो दिन बेल्जियमले आफ्नो स्वभाविक खेल खेल्न सकेन् । फ्रान्सले ५१ औं मिनेटमा स्यामुअल उम्टीको गोलबाट अग्रता लियो र त्यही गोल नै निर्णायक साबित भयो ।

इंग्ल्यान्ड र क्रोएसियाबीचको अर्को सेमिफाइनलमा इंग्ल्यान्डले ५ औं मिनेटमा गोल गर्दै अग्रता लियो । क्रोएसियाले अघिल्ला दुई खेलमा संघर्षपूर्ण जित हासिल गरेको थियो, खेलाडीहरू पनि थाकेका थिए । जसका कारण इंग्ल्यान्डले जित्ने अनुमान धेरैको थियो, तर क्रोएसियाले ६८ औं मिनेटमा गोल फर्काएर बराबरी गर्‍यो । त्यसपछि इङ्ल्यान्डले चाहेर पनि केही गर्न सकेन । साउथगेटले सही निर्णय लिन सकेनन् । फलस्वरूप खेल अतिरिक्त समयमा गयो । अतिरिक्त समयमा क्रोसियाले काउन्टर एट्याकका क्रममा गोल हान्यो, जुन निर्णायक सावित भयो । खेलको सुरुदेखि नै इङ्ल्यान्ड जितको हकदार त थियो तर हुन सकेन ।

## फाइनलको महाभिडन्त

क्रोएसिया संघर्ष गरेर फाइनलससम्म पुगेको थियो । फ्रान्स तुलनात्मक रूपमा कम संघर्षमै फाइनल पुगेको थियो । फ्रान्सले दुई अमेरिकी टिम उरुग्वे र अर्जेन्टिनालाई हराएको थियो । बेल्जियमजस्तो सबै हिसाबले मिलेको टिम पनि सेमिफाइनलमा उसको सिकार भयो । दुई पूर्व विजेता तथा एउटा अहिलेको सबैभन्दा उम्दा टिमलाई हराउनु चानचुने कुरा थिएन् । सुरुदेखि नै विश्वकपका दाबेदारहरूलाई उपाधि होडबाट एकपछि अर्को गर्दै पछारेपछि फ्रान्स विश्वकप उपाधिको हकदार भयो । फ्रान्सको टिममा अनुभवी साथै प्रतिभावान युवा खेलाडीको समिश्रण थियो । पूरै फ्रान्सेली टिममा खोट लगाउने ठाउँ थिएन । क्रोएसिया मिडफिल्ड कम्प्याक्ट गरेर खेल्ने टिम हो । सबैले सोचेकै जस्तो खेल भएको हो । सुरुको १० मिनेट फ्रान्स निकै दबावमा थियो । कारण फ्रान्समा जित्नैपर्छ भन्ने भावना थियो । उक्त दबावकाबीच १८ औं मिनेटमा फ्रिकिकबाट हानेको बल आत्मघाती गोलमा परिणत भयो जसले फ्रान्सेली टिमको दबाव कम गर्‍यो । यद्यपि त्यसको १० मिनेटमै क्रोएसियाले गोल फर्कायो ।

क्रोएसियाले दबाव दिए पनि एट्याकिङको हिसाबले फ्रान्स खतरनाक देखियो । भिआरको माध्यमबाट फ्रान्सले पेनाल्टीको मौका पायो ३८ औं मिनेटमा जसलाई ग्रिजम्यानले चुकाएनन् । क्रोएसियनहरूले यति चाँडै आफ्नै पोष्टमा बल आइपुग्छ भनेर सोचेका थिएनन् । त्यो पेनाल्टी गोल नै क्रोएसियाका लागि दुर्भाग्य सावित भयो । हाफटाइमपछि फ्रान्सले थप २ गोल गर्दै क्रोएसियालाई खेलमा फर्कने मौका नै दिएन । ७९ औं मिनेटमा क्रोएसियाले फ्रान्सका किपरको गल्तीमा गोल गरे पनि त्यतिबेलासम्म धेरै ढिला भैसकेको थियो । यो सँगै फ्रान्स ४-२ गोलको अन्तरमा विश्वकप जित्ने चौथो देश बन्यो । यसअघि १९३० मा उरुग्वे, १९३४ मा इटाली तथा १९६६ मा इंग्ल्यान्डले ४-२ को अन्तरमा विश्वकप जितेका थिए ।

*(कुराकानीमा आधारित)*

# विश्वकपले फे‍र्‍यो रूसको छवि



विश्वकै सर्वाधिक ठूलो फुटबल कुम्भ विश्वकप-२०१८ सम्पन्न भएको छ । यस प्रकारको ठूलो उत्सवलाई सफलतापूर्वक सम्पन्न गरेर रूसले विश्वमा आफ्नो देशका बारेमा एक पटक फेरि सकारात्मक सन्देश प्रवाह गरेको छ ।

सन् २०१८ का लागि फिफा विश्वकप आयोजना गर्ने जिम्मेवारी पाएको समयमा रूसका बारेमा विभिन्न नकारात्मक धारणाहरू थिए । त्यतिबेला रूसका सम्बन्धमा सकारात्मक भन्दा आलोचनाका स्वर धेरै सुनिन्थे । रूसमा आलोचक, पत्रकार वा राजनीतिक प्रतिद्वन्दीहरूलाई जेलमा राखिन्छ वा बेपत्ता पारिन्छ भन्ने आम धारणा समेत थियो । विशेष गरी युरोपेली तथा अमेरिकी नागरिकमा रूसी नागरिकहरूले खुलेर बाँच्न पाएका छैनन् भन्ने धारणा थियो, तर उक्त धारणा अब परिवर्तन हुने भएको छ । विश्वकप हेर्न रूस पुगेका विदेशीहरूलाई रसियनहरूले भव्य स्वागत गर्नुका साथै उनीहरूलाई आफ्नो घरमा समेत राखेर स्वागत गरे । अतिथि सत्कारका लागि उनीहरूले कुनै कसर बाँकी राखेनन् ।

फिफा अध्यक्ष गियानी इन्फेनटिनोले त विश्वकपले कुनै पनि व्यक्तिलाई रूसको दिवाना बनाएको बताए । उनले एउटा अवसरमा विश्वकपका कारण रूसका वारेमा धेरै मानिसको विचार परिवर्तन भएको दाबीसमेत गरे । फुटबलले एक अर्कामा स्नेह, माया, पारिवारिक भावना एवं एकताको सन्देश प्रवाहित गर्ने भएकाले पनि यस्तो भएको उनको तर्क थियो ।

यद्यपि कडा सुरक्षा व्यवस्था भएको स्टेडियममा फाइनल खेलको दिन चार जना दर्शक मैदानमा प्रवेश गरे । यसले निकै चर्चासमेत पाएको छ । उनीहरू छिरेको केही समयसम्म त टिभीमा लाइभ समेत देखाइएको थियो । मैदानमा पस्ने मध्ये एक जना महिलाले त फ्रान्सेली खेलाडी एमबाप्पेसित हाइ फाइभ पनि गरिन् । उक्त घटनाको जिम्मा भने पुसी रायट्स नामको एउटा संस्थाले लिएको छ । फेसबुकमा घटनाको जिम्मा लिँदै उक्त संस्थाले सबै राजनीतिक बन्दीहरूलाई मुक्त गरिनुपर्ने लगायत अन्य विभिन्न माग राखेको छ ।

विश्वकप समापनको अवसरमा लुजनिकी स्टेडियममा फुटबल प्रेमी मात्र नभएर अन्य प्रसिद्ध कलाकारहरूको जमघटले पनि चर्चा पायो । समापन समारोहमा विल स्मिथ, निक्की जैम तथा कोसोभियनले आफ्नो गीत तथा विश्वकप एन्थेम 'लिभ इट अप' बाट फाइनल समारोहलाई जगाएका थिए । समारोहमा फ्रान्सका राष्ट्रपति इम्मानुएल म्याक्रो पूर्वराष्ट्रपति निकोलस सार्कोजीका साथ रंगशाला पुगेका थिए । क्रोएसियाकी राष्ट्रपति कोलिन्डा ग्राभर कितारोभिच आफ्नो पनि टिमको हौसला बढाउन रूस पुगेकी थिइन् । जमैकाका सुपरस्टार स्प्रिन्टर उसेन बोल्टसमेत विश्वकपको फाइनल हेर्न रूसमा थिए । सन् २०१४ मा जर्मनीका लागि विश्वकप ग्रहण गर्ने कप्तान फिलिप लाहम तथा रूसकी सुपर मोडल भेदियानोभा ट्रफीका साथ स्टेडियम पुगेका थिए । त्यही समयमा रूसी राष्ट्रपति भ्लादिमिर पुटिन फिफा अध्यक्ष गियानी इन्फेन्टिनोका साथ स्टेडियममा थिए ।

विश्वकपको फाइनल फ्रान्सले जित्यो । विश्वकप पनि उसैले पायो, तर मिडियाले भने क्रोएसियाकी राष्ट्रपति कोलिन्डा ग्राभर कितारोभिचलाई चर्चामा ल्याए । उनले विजेता फ्रान्सका प्रत्येक खेलाडीलाई अंकमाल गरी बधाई दिनुका साथै क्रोएसियाली खेलाडीका सामु आँसु झार्दै सबैलाई सान्त्वना दिइन् । क्रोएसिया पहिलो पटक फाइनलमा पुग्नु नै ठूलो कुरा थियो । छोटो समयमै उक्त स्थानमा पुग्नु क्रोएसियाका लागि निकै उपलब्धि थियो । फाइनल खेल फ्रान्सले जिते पनि खेल कौशल भने क्रोएसियाको राम्रो भएको प्रतिक्रिया धेरैको रह्यो । क्रोएसियाली खेलाडीहरूले क्रोएसिया फर्किएपछि भव्य स्वागतसमेत पाए ।

विश्वकप विजेता फ्रान्सका खेलाडी स्वदेश पुगेपछि उनीहरूको पनि भव्य स्वागत गरियो । उनीहरूलाई फायर ब्रिगेडले 'वाटर स्यालुट' गर्‍यो भने एयर फ्रान्सको जेटले समेत पानी छर्केर टिमको स्वागत गरेको थियो । पेरिस विमानस्थलमा सबैभन्दा पहिले कप्तान ह्युगो लोरिस तथा कोच डिडियर डेसच्याम्प विमानबाट निस्कँदै विश्वकप ट्रफी प्रदर्शन गरेका थिए ।

त्यसपछि खेलाडीहरूले खुला छतयुक्त बसमा सवार भएर पेरिस सहरको परिक्रमा गरे । विश्वकप जितेको खुसीयालीमा लाखौं फ्रान्सेली सडकमा निस्किएर खुसीयाली मनाए ।

एकराज सुवेदी

## हट फ्यानको चर्चा



रूसमा सम्पन्न विश्वकपमा विभिन्न देशका हट तथा ग्ल्यामरस महिला प्रशंसकहरूले धेरैको ध्यान ताने । विश्व चर्चित फुटबलरहरूका ग्ल्यामरस श्रीमती तथा प्रेमिका मात्र होइनन्, विभिन्न देशका मोडल एवं सामान्य दर्शकका विभिन्न हर्कतले पनि चर्चा पाए । कति सम्म भने टेलिभिजन क्यामेराहरू पनि उनीहरूतर्फ सोझिने भएकाले फिफाले दर्शकको साटो स्टेडियमको खेलतिर क्यामेरा तेर्स्याउन सार्वजनिक सूचना नै जारी गर्‍यो ।

विभिन्न सञ्चारमाध्यमहरू अहिले विश्वकपका टप हट फ्यानको चर्चा गरिरहेका छन् । उनीहरूमध्ये धेरैले यसको सूची नै बनाउन थालेका छन् । यसमा मेक्सिकोको एक टिभी च्यानलकी वेदरगर्ल यानेट ग्रासियाका साथै अरू धेरै जना अटाएका छन् । यानेटले आफ्नो फुटबल टिम विजयी बन्ने विश्वासमा पछाडिबाट लात खाएको तस्बिर सामाजिक सञ्जालमा पोष्ट गरेकी थिइन् । यानेटको उक्त स्टन्ट निकै चर्चित भयो ।

विश्वकपकै समयमा रूसकी सुपरहट फ्यान नताल्या निमचिनोभा आफ्नो सुन्दरताका कारण चर्चामा आइन् । उनी पोर्नस्टार हुन् भन्ने तथ्य सार्वजनिक भएपछि उनको चर्चा थप चुलियो । क्रोएसियाकी इभाना नोल्स आफ्नो सिग्नेचर स्टाइलका कारण मिडियाको नजरमा चढिन् । क्रोएसियाका प्रत्येक खेलमा उपस्थिति जनाउने इभानाको स्टाइल सधैं चर्चामा रह्यो । यस क्रममा विश्वकपकै ब्रान्ड एम्बेसडरको चर्चा त झन् नहुने कुरै भएन । विश्वकपका लागि रूसी मोडल भिक्टोरिया लोपिरेभालाई ब्रान्ड एम्बेसडर बनाइएको थियो । भिक्टोरिया आफ्नो शौख र सुन्दरताका कारण चर्चित भइन् । सन् २०१४ मा गोल्डन बुट जितेका कोलम्बियन सुपरस्टार जेम्स रोड्रिगेज आफ्नी सुन्दर गर्लफ्रेन्ड हेल्गा लभकाटीका कारण रूसमा चर्चामा आए ।

# झनै फेरिन्छ विश्व फुटबल




विश्वकप २०१८ को समाप्तिसँगै विश्व फुटबल निर्णायक परिवर्तनबाट गुज्रने भएको छ । अझ भन्ने हो भने रूसमा भएको यसपटकको विश्वकपले विश्व फुटबल अब सधैंका लागि फेरिने संकेत दिएको छ । अबको चार वर्षपछि विश्वकप फेरि एसियामा फर्कनेछ, सन् २०२२ मा कतारले विश्वकप फुटबल प्रतियोगिताको आयोजना गर्नेछ । अबको दुई वर्षपछि उक्त विश्वकपको छनौट खेल सुरु हुनेछ ।

त्यसअघि विश्व फुटबलको ध्यान युरो-२०२० को छनौटमा केन्द्रित हुनेछ । अहिले तत्काल भने विश्व फुटबलमा नयाँ सिजन सुरु हुँदैछ र सबै फेरि एकपटक क्लब फुटबलमा केन्द्रित हुनेछन् । इंग्लिस प्रिमियर लिग, स्पेनी ला लिगा, इटालीको सिरी 'ए', फ्रान्सको लिग-वानसँगै जर्मनीको बुंडेसलिगाले फुटबल पारखीहरूको ध्यान खिच्नेछ । अबको विश्व फुटबल कसरी यसअघि भन्दा फरक हुनेछ त ?

यसका दुई कारण छन् र विश्व फुटबलका पण्डितहरूले यसैअनुसार त्यसको व्याख्या गर्न थालेका छन् । पहिलो प्रविधिको प्रयोग, दोस्रो पुस्ता हस्तान्तरण । यसपटकको विश्वकपदेखि विश्व फुटबलमा 'भार' को प्रवेश भएको छ । अब भिडियो एसिसटेन्ट रिभ्यु फुटबलको एउटा महत्त्वपूर्ण भाग भएको छ । यसअघि रेफ्रीका निर्णयलाई लिएर प्रशस्तै विवाद हुन्थे ।

रेफ्री निर्णायक मोडमा चुकेर पूरा खेलकै दिशा परिवर्तन भएको गम्भीर आरोप लाग्ने गरेको थियो, तर अब त्यो स्थिति फेरिनेछ । अब 'भार' को पालो, अब विवाद होस् अथवा सही/गलत निर्णय त्यसको कारण हुनेछ, भार । अब केही हदसम्म रेफ्रीको निर्णयलाई लिएर हुने विवाद कम हुनेछ, बरु रेफ्री आफै स्वतन्त्र निर्णय लिन हिचकिचाउनेछन् र सकेसम्म 'भार' कै भर पर्नु ठीक मान्नेछन् ।

यसले फुटबल हेर्ने शैलीमा समेत परिवर्तन ल्याउनेछ । यसअघि लगातार नरोकिकन खेल अघि बढ्थ्यो, खेलाडी घाइते भएको स्थितिमा बाहेक । अब 'भार' ले पनि केही समयका लागि खेल अवरुद्ध तुल्याउन सक्छ । यस्तोमा खेल केही मिनेटले लम्बिन पनि सक्छ । हुन सक्छ, लगातार आक्रमण चलिरहेको खेलमा 'भार' को प्रयोगले केही सुस्तता पनि ल्याउनेछ अर्थात् खेलमा ब्रेक लागेजस्तो हुनसक्छ ।

अब पुस्ता हस्तान्तरणको प्रसङ्ग । यसपटकको विश्वकप अघि विश्व फुटबलको चर्चा पूर्णतः दुई खेलाडीमा केन्द्रित थियो, लियोनल मेसी तथा क्रिस्टियानो रोनाल्डो । अझै पनि उनीहरूको चर्चा सेलाउनेछैन । बरु यो चर्चा केन्द्रित हुनेछ, उनीहरूले कसरी अनि कति बेला आफ्नो खेल जीवनबाट सन्यास लिनेछन् ? रोनाल्डो त भर्खर मात्र रियल म्याड्रिड छाडेर युभेन्ट्सतिर लागेका छन् ।

उनीहरूमाथि विश्वकप जित्न नसकेका उत्कृष्ट खेलाडीको ट्याग कायम रहनेछ । मेसी र रोनाल्डो मात्र होइन, यो विश्वकपसँगै उनीहरूका धेरै समकालीन खेलाडीले अर्को विश्वकप खेल्ने छैनन् । यो तथ्य विजेता फ्रान्स मात्र होइन, इंग्ल्यान्ड, स्पेन, जर्मनी, ब्राजिल, अर्जेन्टिना तथा अरू धेरै देशमा लागू हुनेछ । इटाली र नेदरल्यान्ड्स जस्ता फुटबलमा शक्तिशाली देशका एक पुस्ताका खेलाडी त विश्वकप प्रतियोगिता नखेली नै हराउनेछन् ।

अब उनीहरू सबैको ठाउँ लिनेछन्, नयाँ खेलाडीले । यसमा सबैभन्दा अगाडि हुनेछन्, पेलेसँग तुलना गर्न थालिएका फ्रान्सेली किशोर केयलिन एम्बाप्पे । यसपटकको विश्वकपमा जतिले नाम र ख्याति यो विश्वकपमा कमाए, त्यसमध्ये धेरै नयाँ र युवा नै रहे । यस्तोमा तय छ, अबको विश्व फुटबल फेरिएको हुनेछ र यसले नयाँ अनि फरक स्वाद दिनेछ फुटबलप्रेमीहरूलाई ।



# तथ्यांकमा विश्वकप-२०१८

## ६४ खेलमा कुल १ सय ६९ गोल





### गोल

| | |
|---|---|
| ह्यारी केन | ६ |
| रोमानो लुकाकु, केयलिन एम्बाप्पे, डेनिस चेरिसेभ, एन्टोनियो ग्रिजम्यान क्रिस्टियानो रोनाल्डो | ४ |
| ७ जना | ३ |
| १३ जना | २ |
| ८४ जना | १ |
| आत्मघाती गोल | १२ |
| पेनाल्टी गोल | २२ |
| असफल पेनाल्टी | ७ |
| पेनाल्टी सुटआउट निर्णय | ३ |



### ह्याट्रिक -२

क्रिस्टियानो रोनाल्डो (पोर्चुगल) स्पेनविरुद्ध
ह्यारी केन (इंग्ल्याण्ड) पनामाविरुद्ध



### रातो कार्ड -४

कार्लोस साञ्चेज (कोलम्बिया), जेरोमी बोटाङ (जर्मनी), इगोर मोल्निकोभ (रसिया), माइकल ल्याङ (स्विट्जरल्यान्ड)

२ सय १९ - पहेंलो कार्ड

सबैभन्दा धेरै पहेंलो कार्ड पाउने टिम
क्रोएसिया (१५)



**गोल्डेन ग्लोब**
थिबाउट कोर्टोरिस, बेल्जियम

**गोल्डेन बुट**
ह्यारी केन, इंग्ल्यान्ड

**गोल्डेन बल**
लुका मोड्रिक, क्रोएसिया

**बेस्ट योंग प्लेयर**
कायलिन एम्बाप्पे, फ्रान्स



**कान्छा गोलकर्ता**
कायलिन एम्बाप्पे, १९ वर्ष
(फ्रान्स) पेरुविरुद्ध

**फिफा फेयर प्ले**
स्पेन





**जेठा गोलकर्ता**
फेलिप बालोय, ३७ वर्ष (पनामा)
इंग्ल्यान्डविरुद्ध



**धेरै गोल भएका खेल**
इंग्ल्यान्डविरुद्ध पनामा (६-१)
बेल्जियमविरुद्ध ट्युनिसिया (५-२)
फ्रान्सविरुद्ध अर्जेन्टिना (४-३)

**बढी गोल गर्ने टिम**
बेल्जियम १६ गोल

**बढी गोल खाने टिम**
पनामा ११ गोल

**एक खेल पनि नजित्ने टिम**
आइसल्यान्ड, पनामा, मोरक्को, अस्ट्रेलिया, इजिप्ट, कोष्टारिका




### धेरै गोल अन्तर

रसियाविरुद्ध साउदी अरेबिया (५-०)
इंग्ल्यान्डविरुद्ध पनामा (६-१)

### सबैभन्दा कम गोल गर्ने टिम

इरान, साउदी अरेबिया, इजिप्ट, अस्ट्रेलिया, पेरु, आइसल्यान्ड, सर्बिया, कोष्टारिका, जर्मनी, पनामा, पोल्यान्ड-२ गोल





### सबैभन्दा चाँडो गोल

म्याथिस जोर्गेन्सन (डेनमार्क), क्रोएसियाविरुद्ध - १ मिनेट

## क्रोएसियाका लागि अनौठो कसम



विश्वकप फुटबलको समयमा अनौठो कसम खाएर पनि कोही चर्चामा आए । क्रोएसिया फाइनलमा पुगेपछि टिमको उत्साह बढाउन प्लेब्वाई मोडल नाइब्स सेल्सियसले यस्तै एउटा अनौठो कसम खाइन् । टिमका पूर्व खेलाडी डिनो ड्रापिककी पूर्वपत्नी नाइब्सले क्रोएसियाले विश्वकप जिते आफूले स्ट्रिप डान्स छोड्ने र आगामी दिनमा शरीर छोपिने पहिरन लगाउने घोषणा गरेकी थिइन् । नाइब्स आफ्नो देशमा निकै लोकप्रिय छिन् र उनी आफ्नो ग्ल्यामरस तथा बिकिनी पहिरनका कारण चर्चामा रहन्छिन् । उनी सधैं सकेसम्म कम कपडा प्रयोग गर्छिन् । हुन त क्रोएसियाले विश्वकप जित्न सकेन । यद्यपि यदि जितेको भए के हुन्थ्यो ? क्रोएसियालीहरू चाहिँ आफ्नो देशले जितेको हेर्न चाहन्थे र नाइब्सका ग्ल्यामरस तस्बिर पनि छोड्न चाहँदैनथे ।



## रोनाल्डोको नाममा पिज्जा

इटालीमा पोर्चुगलका फुटबल खेलाडी क्रिस्टियानो रोनाल्डोको नाममा धमाधम पिज्जा उत्पादन भैरहेको छ । स्पेनिस क्लब रियल म्याड्रिडबाट हालै मात्र युभेन्टसमा आबद्ध रोनाल्डो पोर्चुगल विश्वकप फुटबल प्रतियोगिताको प्रिक्वार्टरफाइनलबाट बाहिरिएपछि निराश देखिएका थिए । युभेन्टसले रोनाल्डोलाई विधिवत् रूपमा सार्वजनिक नगरे पनि बजारमा भने उनको नाममा पिज्जाको बिक्री सुरु भैसकेको छ । यसैगरी रोनाल्डोको नाममा आइसक्रिमसमेत बिक्री हुन थालेको छ । ती पिज्जा र आइसक्रिमको नाम 'सिआर-७' राखिएको छ । टुरिनस्थित एक आइसक्रिम पसलका मालिकले रोनाल्डोको आगमनले सिरिए लिगको उचाइ बढेको बताएका छन् ।

## ४ हजार डोपिङ परीक्षण

हालै सम्पन्न विश्वकप फुटबलका खेलाडीहरूको करिब ४ हजारपटक डोपिङ परीक्षण गरिएको थियो । फिफाले पहिलोपटक २ हजार ७ सय ६१ रगत नमुना संकलन गरेको थियो । दोस्रो चरणमा फिफाले ६ सय २६ रगतको नमुना परीक्षणका लागि संकलित गऱ्यो । खेल नभएको दिनमा पनि १ सय ८ जना खेलाडीको रगत परीक्षण गरिएको थियो । सेमिफाइनलिस्ट टिमका खेलाडीमाथि औसत ४ दशमलव ४१ पटक रगत परीक्षण गरिएको फिफाले जनाएको छ । यस्तो परीक्षणपछि कुनै पनि खेलाडीको रगतमा प्रतिबन्धित औषधि फेला नपरेको जनाइएको छ । सामान्यतया अन्य खेलको डोपिङ परीक्षणमा खेलाडीहरूले प्रतिबन्धित औषधि प्रयोग गरेको पाइए पनि फुटबलमा भने त्यस्तो देखिदैन ।

## रूसमा बहस

एक महिना चलेको विश्वकपका क्रममा केही रूसी महिला छोटो समयकै लागि भए पनि विदेशी पाहुनाको प्रेममा फसे । रूसी मिडियालाई आधार मान्ने हो भने यस्तो छोटो समयको प्रेमका धेरै घटना घटेका छन् र त्यहाँको पुरुषप्रधान समाजले त्यसको ठूलै विरोध पनि गरेको छ । धेरै केही रूसी महिला नैतिकहीन भएको आरोपसमेत लगाएका छन्, तर आफ्नो नाम नबताउने सर्तमा केही महिलाले भने यसलाई स्वभाविक मानेका छन् । उनीहरूको तर्क थियो, पुरुष पाहुना महिलाको प्रेममा फस्न सक्छ भने महिला मात्र किन सक्दैनन् ? महिलावादीहरूले कतिसम्म भनेका छन् भने यस्तो क्षणिक माया र यौनसम्पर्क स्वभाविक अनि सामान्य हो । रूसको सामाजिक संजालतिर अहिले यही विषयलाई लिएर बहस चलिरहेको छ ।





## मैदानमा छिर्ने हामी हौं

विश्वकप-२०१८ को फाइनलका बेला सबैको ध्यान खिच्न सफल एउटा घटना हो, खेलकै क्रममा मैदानमा चार दर्शकको प्रवेश । यसलाई मैदानमा बाहिरियाको हस्तक्षेपका रूपमा पनि व्याख्या गर्न थालिएको छ । कडा सुरक्षाबीच हुने खेलमा यस्तो दृश्य पछिल्ला दिनमा कमै देख्न पाइन्थ्यो । विश्वकपको फाइनल २-१ को स्कोरमा चलिरहेका बेला चार दर्शक मैदानमा प्रवेश गरेपछि खेल केही समय रोकिएको थियो । सम्भवतः यसको सबैभन्दा बढी मार क्रोएसियालाई परेको हुनुपर्छ । जे होस्, अहिले आएर आफ्ना चार सदस्यले यस्तो काम गरेको दाबी गरेको छ– रूसको एउटा भूमिगत संस्थाले । आफ्नो फेसबुक पेजको माध्यमबाट उक्त संस्थाले त्यस्तो दाबी गरेको हो । अब यी चारजनालाई के कस्तो कारवाही हुन्छ, हेर्न लायक हुनेछ ।








## मोड्रिककी कुल श्रीमती

विश्वकप फुटबलको समयमा खेलाडीका श्रीमतीहरू समेत चर्चामा आउँछन् । चर्चामा रहेको टिम क्रोएसियाका कप्तान लुका मोड्रिक, जसले गोल्डेन बल पनि पाए, की श्रीमतीको चर्चा भने धेरै भएन । यद्यपि उनी फुटबल हेर्न रसिया पुगेकी थिइन् । वास्तविकता के थियो भने मोड्रिककी श्रीमती वानजा बोस्निक हाइ प्रोफाइल लाइफ त्यति रुचाउँदिनन् । यही कारणले उनले इन्स्टाग्राममा आफ्नो एकाउन्ट समेत बनाएकी छैनन् । आफूभन्दा तीन वर्ष जेठी वानजासँग मोड्रिकको भेट २००७ मा भएको थियो । तीन वर्षको डेटिङपश्चात् उनीहरूले विवाह गरेका थिए । वानजा त्यति बेला एक स्पोर्ट्स एजेन्सीमा काम गर्थिन् । उनीहरूका एक छोरा तथा दुई छोरी छन् । स्टेडियमको दर्शक दीर्घामा बसेर पनि उनी क्यामेराको नजरमा सके सम्म पर्न चाहिनन् ।

## कम छैनन् नेयमारकी गर्लफ्रेन्ड

नेयमार जति चर्चामा रहे, त्यत्तिकै चर्चामा रहन रुचाउँछिन्, उनकी प्रेमिका ब्रुनो मार्क्वेजिना । खासमा उनी टेलिसिरियलकी अभिनेत्री हुन् । अहिले ब्रुनोको चर्चा किन पनि छ भने उनले आफू अभिनीत एक टेलिसिरियलमा सह-अभिनेतासँग यौनसम्पर्कको निकै सनसनीपूर्ण अभिनय गरेकी छिन् र त्यही कारणले अहिले ब्राजिलमा उनको चर्चा छ । यद्यपि त्यो दृश्य अहिलेको भने होइन, नेयमारसँगको सम्बन्धभन्दा अघिको हो, तर विश्वकपका बेला त्यसले नेयमारसँग जोडिएर चर्चा पायो ।

# यो साताको राशिफल



रामप्रसाद सिटौला
(फलित ज्योतिष)

**यो साता**

साउन ७ गते
हरिशयनी एकादशी व्रत,
तुलसी रोप्ने दिन

साउन ११ गते
खग्रास चन्द्रग्रहण

## मेष

चुनौतीहरूको सामना सजिलैसँग गर्न सकिनेछ । खानपान, मनोरञ्जन एवं फेसनमा राम्रै रकम खर्च गर्नुपर्ने हुन सक्छ । मान्यजनसँग भेटघाट गर्न जाँदा छिमेकी तथा आफन्तहरूलाई जानकारी गराए सम्भावित खतरा टार्न सकिनेछ । रातो रंगको प्रयोगले विविध जोखिमबाट मुक्त राख्नेछ ।

## वृष

योजना कार्यान्वयनमा ढिलाइ गर्नाले पछि परिनेछ । कम मेहनतमै नसोचेका कार्य सम्पन्न हुँदै जानेछन् । तत्काल आर्थिक समस्या देखा परे पनि राहत प्राप्त हुन लामो समय कुर्नुपर्ने छैन । साताको अन्त्यमा फजुल खर्चले आर्थिक संकट निम्त्याउन सक्छ, सचेत रहनुहोला ।

## मिथुन

समकक्षी युवा-युवतीलाई आफ्नो गुणको परिचय दिने अवसर प्राप्त हुनेछ । सामाजिक सञ्जालमार्फत प्राप्त सुझाव अनुसरण गर्दा थप उचाइमा पुगिने सम्भावना छ । मनोरञ्जन तथा भोजभतेरमा सहभागी हुँदा स्वास्थ्यप्रति सचेत रहनुहोला । सामाजिक सक्रियताले परिवारकै प्रतिष्ठा वृद्धि गर्नेछ ।

## कर्कट

पुरानो कामले उत्साह जगाउनेछ । विचलन निराकरण गर्ने अवसर जुट्न सक्छ । परिचित व्यक्ति, समुदाय तथा क्षेत्रमा तपाईंको प्रतिबद्धता अनुमोदन हुने सम्भावना छ । पढाइलेखाइमा त्यति ध्यान दिन नसकिएला । साताको अन्त्यमा धेरैको प्रशंसा प्राप्त हुनेछ ।

## सिंह

जतिसुकै सहयोग गरे पनि आफन्तहरूले तपाईंको आलोचना गर्न छाडेका छैनन् । पारिवारका ज्येष्ठ सदस्यको सुझावमा समस्या पहिचान गर्न सकिनेछ । मनलाई दरिलो बनाई गरिएको निर्णय आफ्नै हितमा हुनेछ । जोडी नम्बरको सवारी साधन तथा रातो रंगको पहिरनले यात्रालाई सहज बनाउने देखिन्छ ।

## कन्या

शारीरिक आलस्यताले महत्वपूर्ण काम छुट्न सक्छ, समयको ख्याल गर्नुहोला । साथीहरूसँग भ्रमणमा रमाउँदा खर्चको भार थपिनेछ । अभिभावकको बचन परिवर्तनले सवारी साधन गुम्ने खतरा छ । खानपान तथा भोजभतेरमा सामेल हुँदा स्वास्थ्यप्रति ध्यान पुर्‍याउनुपर्नेछ ।

## तुला

नगरेको कामको दोष खेप्नुपर्ने सम्भावना छ । लेनदेनमा विवादको सामना गर्नुपर्ला । सोमबारपछिका दिनमा भाग्यले साथ दिँदै काममा सफलता हात पार्न सकिनेछ । प्रयासहरू सकरात्मक रहनेछन् । मठ-मन्दिरको भ्रमणले काम सम्पन्न गर्न ऊर्जा प्रदान गर्नेछ ।

## वृश्चिक

प्रलोभन देखाउनेहरूसँग सचेत रहनुहोला । रचनात्मक कार्यबाट अरूको मन जित्न सकिनेछ । काम सम्पन्न गर्ने सिलसिलामा विवाद भए पनि मेहनत खेर जानेछैन । कुनै पनि कुरामा प्रतिफल हात पार्न प्रसस्त प्रयत्न गर्नुपर्ला । वैदेशिक रोजगारीका लागि अझै केही समय कुर्नुपर्नेछ ।

## धनु

अपेक्षाअनुरुप कार्य सम्पन्न हुँदा जाँगर बढ्नेछ । सेयर तथा वित्तीय क्षेत्रमा लगानी गर्न विलम्ब नगर्नुहोला । खानपानमा होस नपुर्‍याउँदा परिवारका सदस्यहरूमा स्वास्थ्यसम्बन्धी समस्या देखा पर्न सक्छ । व्यवसायमा सहयोगी हात अघि बढ्नाले आर्थिक समस्या टर्नेछ ।

## मकर

प्रेमप्रस्ताव प्राप्त हुन सक्छ, होस पुर्‍याएर निर्णय गर्नुहोला । योजना तर्जुमा गर्दा ज्येष्ठ व्यक्तिको सुझाव लिनु नै आफ्नो हितमा हुनेछ । अनुशासन तथा लगनशीलताका कारण प्रतिष्ठा प्राप्त हुनेछ । साताको अन्त्यमा आफूले गरेको कामको परिणाम हात लाग्ने सम्भावना छ । स्वास्थमा विशेष ध्यान पुर्‍याउनुहोला ।

## कुम्भ

रोकिएको अध्ययनले निरन्तरता पाउनेछ । वैचारिक मतभेदका बीच अभिभावकहरूबाट सहयोग प्राप्त हुनेछ । उच्चपदस्थ व्यक्तिहरूसँग परिचित हुँदै महत्वपूर्ण जिम्मेवारी पाइनेछ । टाढा रहेका मित्रहरूबाट आर्थिक सहयोग जुट्न सक्छ । नीलो रंगको प्रयोगले नचिताएको परिणाम देला ।

## मीन

आफ्नो धरातल बिर्सिएर अर्काको अभिनय गर्न खोज्दा बढी मूल्य चुकाउनुपर्ने हुन सक्छ । प्रेमिकाको द्वैध मनस्थितिले आफ्नो विचारमा समेत परिवर्तन ल्याउन सक्छ । दिइएको जिम्मेवारीप्रति बेवास्ता गरे ठूलो नोक्सानी बेहोर्नुपर्ला । पहेंलो रंगको पहिरनबाट समस्या निवारण गर्ने ऊर्जा प्राप्त हुनेछ ।

**अब हाम्रो पालो**

# साउनमा किन शाकाहारी खानामा जोड दिइएको ?

साउनमा भगवान् शिवजीको विशेष पूजा आराधना गरिन्छ । यो महिना खास गरी माछा-मासु आदि तामसी खानेकुरा खाईदैन, प्रत्येक सोमबारको दिन जल, बेल तथा गाईको दूध चढाएर पूजा गर्नाले मनको इच्छा पूरा हुने अनि मनोबल बढ्नु साथै शैक्षिक प्रगतिसमेत हुने मान्यता छ ।
**अर्जुन थापा**

भगवान् शिवको जन्म महिना भएर हो कि ?
**एचआर गौतम**

यही कारणले हो भन्न सक्दिनँ ।सुनेअनुसार भगवान्का लागि हो रे ।
**सुनिल**

साउनपछि भदौमा तीजजस्ता चाड छन् अनि तीजका लागि पैसा बचाउन भए पनि आमाले घरमा मासु पकाउनुहुन्न । त्यसैले मन नलागे पनि शाकाहारी खानामा जोड दिनैपर्‍यो नि ।
**मिलन चाम्लिङ**

साउनमा कुनै पर्व पर्दैन । पछि आउने पर्वका लागि पैसा जोगाएको होला नि ।
**अर्जुन कार्की**



धेरै खाँदा झाडापखाला होला भनेर । फेरि उपचार गर्न डाक्टरको पनि त अभाव छ हाम्रो देशमा ।
**अधिकारी लक प्रितम**

पशुपतिको अति प्रिय महिना भएका कारण ।
**प्रवेश राई**

खै शिवजी त जे पनि खान्थे । त्यही भएर आफू भइयो शिवको चेला । जे भेटियो त्यही बजाउने हो– जय भोले ।
**सागर श्री-स्टार**

परम्परा भनूँ कि हिन्दू धर्मप्रतिको आस्था भनौं वा धर्म संस्कृतिको जगेर्ना ।
**एचपी**

खानेले खान्छन् । आफू त मांसाहारी हुँ । बजाउँछु हौ सकेसम्म ।
**प्रवेश थापा**

साउन महिना 'सा'बाट सुरु हुन्छ । त्यसैले शाकाहारी खानामा जोड दिइएको हो ।
**अंकिता भट्टराई**

साउनमा घाँसपात धेरै पाइने भएकाले ।
**गणेश बी धामी**

हरिया सागपात प्रशस्त पाइन्छ नि त साउनमा ।
**गोविन्द बुढाथोकी**

साउनमा धेरै वर्षा र गर्मी हुने भएकाले माछा, मासुमा ब्याक्टेरियाको संक्रमण हुन्छ, त्यसैले शाकाहारी खानेकुरामा जोड दिइएको हो । अर्को कुरा

यो स्तम्भमा हामीले राखेका प्रश्नको ३० शब्दमा नबढाई उत्तर पठाउनुपर्नेछ । उत्तर चिठ्ठी वा एसएमएस मार्फत पठाउन सकिनेछ ।
१. तपाईंको राशिफल कतिको मिल्छ ?

भगवान् शिवको पूजा-आराधनाको महिना भएकाले पनि होला ।
**सुनेहिर मामिया**

लामो समयसम्म बाँच्न ।
**डल्ली कान्छी**

यो सब नाटक हो ।
**रोजिन राई**

तरकारी सस्तो हुने भएर नि । अरू बेला त महँगीले छुनै सकिँदैन ।
**मास्की थापा**

घाँसपात धेरै हुने महिना भएर ।
**सुरेश पौडेल**

साउनमा तलब ढिलो आउने भएर ।
**बिदुर घिमिरे**

कति मासु मात्र खानु ? कहिलेकाहीं त मुख नि फेर्नु पर्‍यो भनेर होला नि ।
**रोशन आचार्य**

आफैं दिमाग लगाउनुहोस् । यस्ता कुरा पत्ता लगाउन आफैले अनुमान लगाउनुपर्छ । अहिले त हरियो पहिरन पनि लगाउँछन् । खानामा पनि हरियो परियो नै बढी खाने चलन छ । कारण भने थाहा छैन ।
**मनोजकुमार तामाङ**

भगवान् शिवको पूजा-आराधना गर्न होला नि !
**सनत**

नेपालमा धेरै मासु खाइने भएर हो कि एक महिना मासु बारेको ।
**सागर**

मासु नै नपाएर होला । पाए त कहाँ छोडिन्छ र ?
**रमेश पौडेल**

यो मौसममा सागपात तथा हरिया तरकारी बढी पाइने भएर ।
**मोहन पल**

दाँत तथा पेटलाई रेस्ट होस भनेर । आफू त त्यसै पनि शाकाहारी परियो ।
**अमृत कान्छो**

स्वास्थ्यलाई फाइदा पुग्ने भएकाले ।
**दीपक विष्ट**

बूढापाकाले उहिलेदेखि नै साउनमा मासु नखानु भनेर सिकाए अनि अहिले शाकाहारी खानामा जोड नदिए केमा दिने त ?
**सुनिल निरौला**


**नेल आर्ट र ब्यूटीसियन ट्रेनिङ्मा निशुल्क भर्ना**

CTEVT बाट मान्यता प्राप्त २३ वर्ष देखी नेपालकै एक मात्र अन्तर्राष्ट्रियस्तरको ब्यूटीसियन कोर्षहरूमा प्रशिक्षण गराउने: Basic, Advance Diploma, Beautician Teacher's Training, Nail Art Technician, Mehandi, Skin, Hair Cutting, Makeup Special र अन्य विविध Short Special कोर्षहरूका सिमित सिटमा रोजगारीको अवसर सहित भर्ना खुल्यो ।



* * * * * * * * * * * * * * * * * * * * *

**नोट:** यू. के., अमेरीका, अष्ट्रेलीया, यूरोप तथा अन्य देशहरूमा स्टुडेण्ट तथा अन्य भिषामा जानेहरूका लागि विशेष कोर्ष धमाधम संचालन भईरहेका छन् ।

**ITC प्रशिक्षण केन्द्र : डिल्लीबजार हुलाक अगाडी ४४१३९५८,**
ठमेल: ४२१५६२८, लगनखेल बसपार्क: ५१२२४४८, चावहिलचोक: ४४९३३६१, नयाँबानेश्वर: ४०४२६५२, कोटेश्वरचोक: ४६०००१५, कलंकीचोक: ५२३४४८९, गोंगबुचोक: ४०२००९९, बुटवल: ०७१-५४१४६९, नारायणगढ: ०५६-५७२१४४, पोखरा: ०६१-६२२०९५, बाग्लुङ: ०६८-५२२७१०, इटहरी चोक: ०२५-५८७१७५, दाङ घोराही: ०८२-५६३६११, बिर्तामोड: ०२३-५४६५२९

# यौन जिज्ञासा र समाधान


डा. राजेन्द्र भद्रा

म २५ वर्षको भएँ । मैले १९ वर्षको उमेरमा विवाह गर्नुभन्दा पहिले ३ वर्षदेखि लगातार हस्तमैथुन गरेको थिएँ । त्यसैको प्रभावले हो वा के ले हो कुन्नि मेरो लिंग बांगो भएको छ । पिसाब गर्दा पनि बांगो नै झर्छ । म अहिले पनि हस्तमैथुन गरिरहेको छु । यसले भविष्यमा कुनै दुष्प्रभाव पार्छ कि ? हस्तमैथुन गरेको दिन किन ढाड असाध्यै दुख्छ । मेरो लिंग के कारणले बांगो भयो बुझाइ दिनुपर्‍यो ।

-एस.



## बांगो लिंग

पहिले लिंगको संरचनाका सम्बन्धमा केही कुरा गरौं । लिंग मुख्यतया तीनवटा स्पन्जजस्तो संरचनाले बनेको हुन्छ । लिंगको माथितिर दुईवटा Corpus Cavernosa भनिने भाग हुन्छन् भने तलतिर Corpus Spongiosum । लिंग उत्तेजित हुँदा यिनै संरचनामा रगत भरिन्छ र लिंग मोटो र कडा हुन्छ । उत्तेजित नभएका बेला लिंग एउटा लचिलो अंगका रूपमा रहन्छ र त्यसको बांगोपनको खासै आभास हुँदैन । उत्तेजित हुँदा मात्र त्यसको बांगोपन स्पष्ट देखिन्छ ।

व्यक्ति-व्यक्तिअनुसार लिंगको नाप र आकारमा भिन्नता हुन्छ । यो लिंगको विकासका क्रममै देखिने कुरा हो । हाम्रो शरीरको पनि दायाँ-बायाँ भाग ठ्याक्कै बराबर हुँदैन, केही फरक हुन्छ । शरीरको बीचमा पर्ने भएकाले शरीरको विकासको क्रममा लिंगमा पनि त्यसको प्रभाव देखिन्छ । सबै पुरुषको लिंगको आकार एकै किसिमको हुँदैन र उत्तेजित अवस्थामा एकदम सीधा नभै लिंग आफैंमा केही मात्रामा टेढो (बांगो) हुन्छ । यो सामान्य कुरा हो । तपाईंले आफ्नो लिंग कुन अर्थमा बांगो मान्नुभएको हो तथा कसरी आफ्नो लिंग सामान्यभन्दा बांगो भएको थाहा पाउनुभयो भन्ने कुरा बुझ्नु आवश्यक छ । कतिपयले लिंग शरीरसँग टाँसिएको कोणको कुरालाई लिएर बांगोपनको कुरा गर्छन् ।

टेढोपन निकै छ भने समस्या गम्भीर हुन सक्छ, तर त्यस्तो स्थिति विरलै हुन्छ । मूत्रनलीको विकासमा गडबडी भएर टेढोपन भएको (hypospadias) स्थितिमा लिंग तलतिर बांगो हुन्छ । लिंग निश्चित (स्थायी) रूपमा बांगो भएको अवस्थालाई chordee भनिन्छ । मूत्रद्वारको संक्रमण पनि बांगोपनको कारण हुन सक्छ । Peyronie's disease मा सामान्य लिंग अकस्मात् निकै बांगो हुन गै यौनसम्पर्क नै गर्न नसक्ने स्थिति उत्पन्न हुन्छ र दुख्छ पनि । पक्का रूपमा कारण थाहा नभएको यो रोग अक्सर ४० वर्षभन्दा माथिका मानिसलाई लाग्छ, जुन तपाईंलाई हुने कुरा भएन । यस्ता गम्भीर समस्याहरूका लागि मात्र चिकित्सकको सहयोग आवश्यक हुन्छ ।

## बांगो लिंग र यौनसम्पर्क

तपाईं विवाहित भैसक्नु भएकाले यौनसम्पर्कमा कुनै कठिनाइ भए-नभएको त पक्कै अनुभव गर्नुभएको होला, तर यहाँ तपाईंले उल्लेख नगर्नु भएका कारण यौनसम्पर्कमा कठिनाइ नभएको कुरालाई संकेत गर्छ । पुरुषलाई निकै चिन्ता हुने भए पनि हल्का किसिमको लिंगको बांगोपनले यौनसम्पर्कलाई कुनै किसिमको बाधा पुर्‍याउँदैन र यौनसुख लिन तथा दिन दुवै सकिन्छ । आसन मिलाउन सकिएको खण्डमा एक हदसम्मको लिंगको बांगोपनले महिलालाई यौन सुख प्रदान गर्न मद्दत नै गर्छ । बांगोपनले लिंगको मोटोपन बढी भएको जस्तो कार्य गर्छ र त्यसले पीडा भएको हो भने लिंग प्रवेश र त्यसपछिको गतिलाई आसन र कोण मिलाउन सकिए एक हदसम्म पीडा कम गर्न सकिन्छ । बांगोपन धेरै भएको स्थितिमा भने यसको उपचार गर्ने प्रयास गर्नु उचित हुन्छ । अधिकांश महिलाको यौन संवेदनशील अंग भगांकुर बाहिर नै हुन्छ र त्यसको घर्षणका लागि लिंग नै चाहिने होइन । त्यसैले समस्या गम्भीर नहुँदा आफ्नो लिंग सोझ्याउने तिर लाग्नुभन्दा पहिले महिलाले कसरी यौन आनन्द प्राप्त गर्छन् भन्ने कुरा बुझ्नतिर लाग्नु बुद्धिमानी हुन्छ ।

## पिसाबको बांगो धारा

मूत्रनली गोलो नभै माथि-तल गरी केही थेप्चिएको (horizontally flattened) हुन्छ भने मूत्रद्वारको कुरा गर्दा यो दायाँ-बायाँ गरी थेप्चिएको (vertical ellipse shape) हुन्छ । यस किसिमको संरचनाले गर्दा पिसाब फेर्दा यसको धारा यसरी बटारिन्छ कि जसको नतिजा एक धाराका रूपमा पिसाब बाहिर आउँछ । यसमा कुनै किसिमको अवरोध आएको स्थितिमा धारा अर्कोतिर जाने वा मसिना सिर्का जस्तो आउने हुन्छ । यस्तो माथि भनिएको hypospadias वा मूत्रनलीमा कुनै चोटपटक वा संक्रमणको कारणले खत बस्नु जस्ता कारणले हुन सक्छ ।

## कतै हस्तमैथुनले लिंग बांगो बनाएको हो कि ?

माथि नै भनिसकियो, लिंग ज्यादै बांगो हुने एउटा प्रमुख कारण Peyronie's Disease हो । यसको पक्का कारण थाहा हुन नसके पनि धेरै अनुसन्धानकर्ताले लिंगमा चोट लाग्दा थोरै नै भए पनि भित्र रक्तश्राव हुन्छ र त्यसमै fibrous plaque बन्न थाल्छ । यस्तो स्थितिमा बिस्तारै लिंगको लचिलोपन कम हुने हुँदा उत्तेजित लिंगमा बांगोपन देखिन्छ र पीडा समेत हुन्छ । कतिपय स्थितिमा लिंगमा यसरी चोटपटक लागेको होला भनेर राम्रोसँग सम्झना पनि नहुन सक्छ । अन्य केही स्थितिमा यसको कारण वंशाणुगत पनि हुन सक्छ भनिन्छ ।

सामान्य रूपमा गरिने हस्तमैथुनले लिंगलाई बांगो बनाउँदैन । तपाईंले कसरी हस्तमैथुन गर्दै आउनुभएको छ भन्ने कुरा लेख्नुभएको छैन । असावधानीवश तपाईंले हस्तमैथुन गर्ने क्रममा वा अन्य कारणले लिंग बारम्बार चोटपटक लाग्ने स्थिति छ कि छैन विचार गर्नुपर्छ । अहिले तपाईं युवावस्थामै हुनुभएकाले यस्तो सम्भावना कम भए पनि हुँदै नभएको भन्नेचाहिँ होइन । Peyronie's Disease को उपचारका लागि केही औषधीको सेवन वा सुई दिने वा शल्यक्रियाजस्ता उपाय अपनाइन्छ । यसको उपचारका लागि तपाईंले चिकित्सकको सहयोग लिनुपर्छ ।

## हस्तमैथुन तथा ढाडको पीडा

सामान्यतः हस्तमैथुनले ढाड दुख्ने समस्या गराउँदैन । युवा अवस्थामा तपाईंको शरीरको आसन वा भनौं बस्ने, हिंड्ने वा काम गर्ने तरिका नै ढाड दुख्ने प्रमुख कारण हुन्छ । केही स्थिति, जसमा अति नै हस्तमैथुन गरिन्छ, त्यससँगै भने ढाड दुख्न सक्ने बताइन्छ ।

> व्यक्ति-व्यक्तिअनुसार लिंगको नाप र आकारमा भिन्नता हुन्छ । यो लिंगको विकासका क्रममै देखिने कुरा हो । हाम्रो शरीरको पनि दायाँ-बायाँ भाग ठ्याक्कै बराबर हुँदैन, केही फरक हुन्छ । शरीरको बीचमा पर्ने भएकाले शरीरको विकासको क्रममा लिंगमा पनि त्यसको प्रभाव देखिन्छ ।

**सूचना**

**तपाईंहरुको यौन र प्रजनन स्वास्थ्यसम्बन्धी कुनै समस्या छ भने हामीलाई saptahikhealth@kmg.com.np मा इमेल गर्नुहोस् । हामी सम्बन्धित डा. बाट समाधान दिनेछौं ।**

# महिला स्वास्थ्य



म ३२ वर्षीया कामकाजी महिला हुं । मलाई सन्तानको रहर पुगिसकेकाले १२ वर्ष कपर-टी लगाएकी छु । म मधुमेहको बिमारी पनि हुं र अहिले त्यसका लागि चिकित्सकको सल्लाहमा औषधि सेवन गर्दै आएकी छु । अहिले मेरो महिनावारी अनियमित भएको छ, यो मधुमेहको औषधिले सिर्जना गरेको समस्या त होइन ?

डी.


डा.बालकृष्ण शाह
स्त्री तथा प्रसुति रोग विशेषज्ञ,
मोरङ सहकारी अस्पताल

तपाईंको उमेर मात्र ३२ वर्ष भएकाले र महिनावारी पनि नियमित भैरहेकाले अनावश्यक गर्भ रोक्न परिवार नियोजनका साधन प्रयोग गर्नु राम्रो हो । तपाईंले रोज्नुभएको साधन कपर-टीमा कुनै हार्मोन प्रयोग नगरिएकाले यसले मधुमेह, उच्च रक्तचाप, थाइराइड तथा अन्य कुनै दीर्घरोग वा महिनावारीमा असर गर्दैन । तपाईंको महिनावारीमा भएको गडबडीको कारण मधुमेहको औषधि हो होइन भन्ने विषयमा यसै टिप्पणी गर्न सकिँदैन । सामान्यतः त्यस्तो औषधि इन्सुलिन सेन्सेटिभ भएकाले यसले अण्डाशयको काम राम्रो गराउने र महिनावारी नियमित गराउन मद्दत गर्छ । त्यसैले पोलिसिस्टिक ओभरियन डिजिजमा हामी विशेष औषधि दिन्छौं र त्यसले महिनावारी नियमित गराउँछ । तपाईंको महिनावारी गडबडी मधुमेहले गराएको हुन सक्छ वा त्यसका अन्य कारण पनि हुन सक्छन् । अन्य कारण पत्ता लगाउन अल्ट्रासाउन्डलगायतका परीक्षण गराउनुपर्ने हुनसक्छ । तपाईंले नजिकको प्रसूति तथा स्त्रीरोग विज्ञसँग प्रत्यक्ष भेटेर परामर्श लिनु उपयुक्त हुन्छ ।



समय सन्दर्भ

# बर्खे विकास



अधिकारी रवीन्द्र

नेपाल कृषिप्रधान देश हो। असार महिना भर्खर सकियो र यो महिना नेपालका लागि निकै महत्वपूर्ण मानिन्छ। कारण हामी नेपालीको मुख्य बाली धान यही महिनामा रोपिन्छ। महिनाको अधाआधीमा धान रोपेर, दही-चिउरा खाएर अनि विविध सांगीतिक कार्यक्रम गरेर धान दिवससमेत मनाइन्छ। यो महिना हामी धान रोप्न कहीं छोड्दैनौं। काठमाडौंकै विभिन्न स्थानका बासिन्दाले सडकमै रोपाइँ गरेर उक्त कुरा पुष्टि गरिसकेका छन्। कृषिप्रधान देश भैकन यति पनि फाइदा लिन सकिएन भने त के काइदा ? असारैभरि रोपाईंको नाममा हिलोमा लडीबुडी खेल्दै रमाउने कलाकार तथा मोडलहरूको पनि खाँचो भएन देशमा। जनप्रतिनिधिहरू पनि सस्तो लोकप्रियताका लागि कोदालो लिएर बाउसे गर्न र घुम ओडेर बीउ काढ्न पछि परेनन्।

यद्यपि रोपाईंलाई फगत मनोरञ्जनका रूपमा लिनु हाम्रो दुर्भाग्य हो। खेतका कुनै गह्रामा बाजा अनि ध्वजाका साथ ५ सय भन्दा बढीले रोपाइँ गरेको नाटक मञ्चन भैरहँदा लाखौं किसानका फाँट लाठे र रोपाहारको अभावमा बाँझो पल्टन तयार भैरहेको यथार्थता हामीले बिर्सनु हुँदैन। एक दिन रोपाइँको मज्जा लिनेले धानको फसल नकाटुन्जेल कति कष्ट गर्नुपर्छ बुझ्ने चेष्टा गर्नुपर्छ। कृषिमा प्रोत्साहन तथा कृषकको पहुँच बजारसम्म नहुँदा उनीहरू निरुत्साहित छन् र बिचौलियाहरू मोटाएको मोटायै छन्। तसर्थ अब नयाँ पुस्ताले कृषि पेसै त्याग्ने, बरु जग्गा बेचबिखन गर्ने अनि विदेश पलायन हुने क्रम बढ्दो छ। गाउँघरमा ज्यालामा काम गर्ने कामदार पाउनै कठिन छ। त्यसै पनि सहर आसपासका खेतीयोग्य उर्भर भूमि प्लटिङ गरेर घडेरीमा परिणत् भैसकेका छन्। त्यहाँ अन्न फलफुल होइन, अब कङ्क्रिटका पिल्लर रोपिनेछन्। त्यति नभए जग्गा कारोबारीहरूले एउटै जग्गाबाट पटक-पटक गरेर लाखौं रुपैयाँ कसरी उमार्ने ?

थोरै प्रसंग बदलौं। कसैको विरोध गरिरहन मजा आउँदैन। हिजोआज सबैले सबैतिर गर्ने धन्दा नै त्यही हो। आफूचाहिँ वरको सिन्को पर नसार्ने अर्काको चाहिँ निरन्तर विरोध मात्र गरिरहने। हामी एकछिन रमाइलो गरौं। रमाइलो गर्न हामीसँग प्रशस्तै कारण छन्, दुइतिहाइ बहुमतको सरकार जो आएको छ। जसरी यो वर्षातमा खोलाबाट सडकसम्म भलहरू बगेका छन्, टोलटोलमा विकासको बाढी अझ ठूलै रूपमा बगेको छ। हिजोआज अधिराज्यभर जहाँ जानुस् विकास आफ्नो विकराल रूप लिएर त्यहाँ पुगिसकेको हुन्छ। सहरका कुनै पनि गल्ली विकासबाट अछुतो छैन। जताततै निर्माण कार्य भैरहेको छ। यतिबेला पहाडको ढिस्को फोडेर गाउँगाउँमा चौडा सडक पुऱ्याइँदैछ। पहिरोले शिरदेखिकै पहाड बगाएर नयाँ राजमार्गलाई छोपिदिन्छ, तैपनि विकास रोकिएको छैन। दसौं पटक केन लगाएर सडक सफा गर्न किन नपरोस्, विकास घर-घर पुगेरै छोड्छ।

जेठको अन्त्यसम्म पनि विकास आउला जस्तो कुनै छाँटकाँट थिएन। जताततै उजाड अनि सुख्खा। त्यतिबेला साह्रै विरक्त लाग्थ्यो मनोरेल र पानीजहाज देख्न हाम्रो पुस्ता पनि मासिनैपर्ने हो कि क्या हो भनेर। जब असारे सङ्क्रान्तिले मुलुकमा पाइला टेक्यो विकासको मूल फुट्न थालिहाल्यो। अहिले यति भटाभट विकास भइरा'छ कि घर, मामाघर वा फुपूघर जहाँ जानुस् बाटो हिँडिसाध्य छैन र ठेकेदारहरू सडकको डीलमा छाता ओढेर डोजर अपरेटरलाई औंलाले आदेश दिइरहेका हुन्छन् अनि अनेकथरी उपभोक्ता समितिका फ्लेक्स रूखरूखमा झुन्ड्याइएका हुन्छन्।

हाम्रा सडक-गल्लीहरू पनि त्यस्तै, भत्किएका कुरुप खाल्डाखुल्डी लिएर ११ महिना यही असारे झरीको प्रतीक्षा गर्छन्। जनताका घरघरलाई ढल पनि यही असारमा चाहिन्छ। यसरी सबैको आवश्यकता परिपूर्ति गर्न सरकारले पनि असारमै बजेट निकासा गर्छ। असार मसान्तसम्मका दुईदिने-तीनदिने परियोजनाहरू देख्दा लाग्छ, अब देशले कायापलट गर्नेवाला छ। सर्वसाधारणहरू १ महिना बाटोका हिलो र खाल्डोमा जाकिएर के भो त ? आखिर देश बन्न एउटा पुस्ताले दुःख सहनैपर्छ। परिणाममुखी काम भैदिए त के भो र, एक महिना मात्र किन हामी बाह्रै महिना सास्ती खेप्न तयार छौं। पोहोर परारको जस्तै असारमा भएको चरम विकास साउनको भेलले छोपेर भदौसम्ममा पूर्वावस्थामा पुग्ने त होइन भन्ने भय सबैको मनमा उत्पन्न भैरहन्छ। शंका मात्र होइन, दुई-चारवटा सडकमा वर्षातबीच गरिएको पिच भोलिपल्टै भकाभक उप्किएको भिडियो देख्दा झसङ्ग नै भइन्छ। हुन त वर्षौंदेखि यही प्रक्रिया चल्दै आएको हो। हरेक वर्ष यो सालचाहिँ केही फरक होला कि भनेर आश पनि गरिँदै आएको हो। थोरै गर्ने तर दिगो गर्ने भन्दा पनि धेरै गरेर क्षणिक लोकप्रियता कमाइ पैसा तह लगाउने प्रवृत्ति अब त बदल्नुपर्ने बेला भएन र ?

facebbok.com/AdhiQarie/
ravinems@iom.edu.np

# पोखरामा बोलबमको रौनक



हिन्दू धर्मावलम्बीहरूले शिवको महिमा गाउने महिना हो– साउन। विशेष गरी साउनको हरेक सोमबार गेरुवस्त्र धारण गरी नदी तथा कुण्डमा गई स्नान गरी त्यहाँबाट ल्याएको जल गाईको दूध, बेलपत्र शिव मन्दिरमा चढाइन्छ। यसरी जलाशयबाट जल ल्याई बोलबम भन्दै यात्रा गर्दाको वातावरण बेग्लै देखिन्छ।

हरेक सोमबार ८ किलोमिटर यात्रा गर्दै ठूलो भीडले भजन-कीर्तन गर्दा पोखरा बोलबममय भएको छ। 'बोलबमको ध्वनिले, शान्ति पाऊन् साराले' भन्ने नाराका साथ केदारेश्वर महादेव मणि सेवाश्रम समितिले बर्सेनि बोलबम कार्यक्रमको आयोजना गरिरहेको छ। पोखरा लेखनाथ महानगरपालिका-१, बगर शुक्लागण्डकीका १०८ धारामा स्नान गरी बैदामस्थित केदारेश्वर मन्दिरस्थित १ सय ८ शिवलिंगमा जलअर्पण गर्दै भक्तजनले बोलबम यात्रा तय गर्छन्।

बोलबम कार्यक्रम पछिल्ला वर्षमा संस्कृतिका रूपमा विकास हुँदै गएको छ। बोलबम यात्रामा युवायुवतीको आकर्षण पनि उत्तिकै छ। त्यसैले त पोखराको बोलबम छुट्टै ब्रान्ड बनिसकेको छ। साउन महिनामा नेपालका विभिन्न ठाउँबाट भक्तजन पोखरा आउने गरेका छन्। छिमेकी मुलुक भारतबाट समेत बोलबम यात्राका लागि पोखरा आउनेक्रम वृद्धि भएको छ। केदारेश्वर मन्दिर परिसरमा आयोजना हुने कार्यक्रममा विदेशी पर्यटकको सहभागिता समेत देखिन्छ।

राजाराम पौडेल




कान्तिपुर पब्लिकेसन्स (प्रा.) लि. द्वारा प्रकाशित तथा मुद्रित, कार्यालय : सेन्ट्रल बिजनेस पार्क, थापाथली, पो.ब.नं. ६०१९, काठमाडौं, नेपाल, फोन नं. ५१३५०००, फ्याक्स : ९७७-१-५१३५००१, email:saptahik@kmg.com.np
दर्ता नं. ९९/०५१/५२, म.क्षे.हु.नि.द.न.४/५२/५३ सर्वाधिकार : कान्तिपुर पब्लिकेसन्स (प्रा.)लि. सँग सुरक्षित। अध्यक्ष तथा प्रबन्ध निर्देशक : **कैलाश सिरोहिया**, निर्देशक : **स्वस्तिका सिरोहिया**, प्रधान सम्पादक : **सुवास ढकाल**।